# नेपाली जनमत सर्वेक्षण
## सन् २०२२

सर्वेक्षण प्रतिवेदन । कोशी प्रदेश



inter disciplinary analysts

# नेपाली जनमत सर्वेक्षण
## सन् २०२२

सर्वेक्षण प्रतिवेदन । कोशी प्रदेश

inter disciplinary analysts

# नेपाली जनमत सर्वेक्षण सन् २०२२

## सर्वेक्षण प्रतिवेदन, कोशी प्रदेश

© स्कूल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय, इन्टरडिसिप्लीनरी एनालिस्ट्स र दि एसिया फाउण्डेशन, २०२२ सर्वाधिकार सुरक्षित । यस पुस्तिकाको कुनै पनि अंश स्कूल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय, इन्टरडिसिप्लीनरी एनालिस्ट्स र दि एसिया फाउण्डेशनको लिखित अनुमति बिना पुनरूत्पादित गर्न सकिने छैन ।

**स्कूल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय**
पोस्ट बक्स नम्बरः ६२५०, हात्तिवन ललितपुर, नेपाल
फोनः +९७७-०१-५२५१२९४, +९७७-०१-५२५१३०६

**इन्टरडिसिप्लीनरी एनालिस्ट्स**
चन्द्र विनायक मार्ग, चावहिल, काठमाडौँ, नेपाल
फोन : +९७७-०१-४४७१८४५ , +९७७-०१-४४७११२७

**दि एसिया फाउण्डेशन**
पोस्ट बक्स नम्बरः ९३५, बुद्धिसागर मार्ग, वडा नं ३
पानीपोखरी, काठमाडौँ, नेपाल

सन् २०२२ मा नेपाली जनताको सर्वेक्षण २०२२ अष्ट्रेलिया सरकार, विदेशी मामिला र व्यापार विभाग - एसिया फाउन्डेसनसंगको साझेदारी परियोजना स्थानीय सरकार सबलीकरण कार्यक्रम र विकास र सहयोगको लागि स्विस एजेन्सीको सहयोगमा सम्पन्न भएको थियो । यस सर्वेक्षणका निष्कर्षहरु र कुनै पनि विचारहरूले अस्ट्रेलिया सरकार, स्विस सरकार वा एशिया फाउन्डेसनका विचारहरु प्रतिबिम्बित गर्दैनन् ।

**प्रकाशकः**
स्कूल अफ आर्ट्स, काठमाडौँ विश्वविद्यालय
पोस्ट बक्स नम्बरः ६२५०, हात्तिवन ललितपुर, नेपाल
फोनः +९७७-०१-५२५१२९४, +९७७-०१-५२५१३०६

आवरण तस्विर : भीरा लामिछाने
तस्विर लिईएको स्थान : कन्याम

## संचालक समिति सदस्यहरू

| क्र.सं | नाम | आबद्ध संस्था |
|---|---|---|
| १ | एक्कु माया पुन | स्कुल आफ आर्ट्स, काठमाडौं विश्वविद्यालय |
| २ | सुधिन्द्र शर्मा | इन्टर डिसिप्लिनरी एनालिस्टस् |
| ३ | कृष्ण हाच्छेतु | राजनीतिशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय |
| ४ | तीर्थराज चौलागाई | तथ्यांक विभाग |
| ५ | भिमप्रसाद सुवेदि | विश्वविद्यालय अनुदान आयोग नेपाल |
| ६ | विमला राई पौडयाल | राष्ट्रिय सभा, संघीय संसद, नेपाल |
| ७ | याम बहादुर किसान | संसद सहयोग परियोजना / संयुक्त राष्ट्र विकास कार्यक्रम |
| ८ | देव कुमारी गुरूङ | भूगोलशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय |
| ९ | टिकाराम गौतम | समाजशास्त्र केन्द्रीय विभाग |
| १० | गणेश गुरूङ | स्वतन्त्र अनुसन्धानकर्ता |
| ११ | महेश बास्कोटा | स्कुल आफ आर्ट्स , काठमाडौं विश्वविद्यालय |
| १२ | सुरेन्द्र लाभ कर्ण | राष्ट्रिय योजना आयोग |

# प्राक्कथन

काठमाडौँ विश्वविद्यालय, स्कुल अफ आर्ट्स (KUSoA) को नेतृत्वमा इन्टरडिसिप्लिनरी एनालिस्ट्स (IDA) सँगको सहकार्यमा २०१७ मा पहिलो पटक नेपाली जनताको सर्वेक्षण गरिएको हो । प्रतिवेदनको चौथो खण्ड, नेपाली जनताको सर्वेक्षण २०२२ (SNP 2022) ले देशको दिशाप्रति नेपालीको धारणा, घरायसी अवस्था, स्थानीय अवस्था, सुरक्षा, पहिचान र सामाजिक सम्बन्ध, शासन व्यवस्था, सार्वजनिक सेवा प्रवाह, निर्वाचन, राजनीतिक सहभागिता र आर्थिक दृष्टिकोण प्रति नेपालीहरूको दृष्टिकोण प्रस्तुत गरेको छ । यस सर्वेक्षणले नेपालका सात प्रदेशका ५८८ वटा वडाबाट नमूना छनोटगरी १८ वर्ष वा सोभन्दा माथिका ७,०५६ उत्तरदातामा पुगेर उनीहरूका विचारहरू प्रस्तुत गरेको छ् ।

नेपाली जनताको सर्वेक्षणको बिगतका सबै प्रतिवेदनहरु राष्ट्रिय प्रतिवेदनको रूपमा सबै प्रदेशहरूलाई समावेश गरी सघन ढाँचामा प्रकाशित गरिएको थियो । तर यस पटक सन् २०२२ को राष्ट्रिय  प्रतिबेदनलाई भने अलि छोटो संक्षिप्त प्रतिबेदनको रूपमा प्रकाशित गरी अरू थप सात वटा प्रादेशिक विस्तृत प्रतिबेदनहरु प्रकाशित गर्ने प्रयास गरेका छौ । जसमा प्रत्येक प्रदेशबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गरी विस्तृत रूपमा उक्त् प्रदेशका उत्तरदाताहरूले दिएका जानकारीका आधारमा निष्कर्षहरु प्रस्तुत गरिएको छ । यस प्रतिबेदनमा बिगतमा गरिएका तीन सर्वेक्षणहरू (SNP 2017, SNP 2018 र SNP 2020) बाट प्राप्त निष्कर्षहरूको तुलनात्मक अध्ययन गरिएको छ ।

सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरूको आफ्नै सीमाहरु रहेका हुन्छन् । उदाहरणको लागी तथ्याङ्क सङ्कलनको समय अवधि पनि एक प्रकारको सीमितता नै हो किनकी आफ्नो इलाकामा हालसालै घटेका घटनाहरूबाट उत्तरदाताहरूको मष्तिष्क प्रभावित रहेका हुन्छन्  जसले उनीहरूको जवाफलाई निर्दिष्ट गरिरहेको हुन्छ । दोस्रो, सर्वेक्षणको लागि सही नमूना आकार चयन गर्नु पनि लगभग चुनौती पुर्ण कार्य हो । सर्वेक्षणमा नमूना छनोट, सम्बन्धित प्रश्नहरूको जवाफ नआउने, कभरेज र मापनसम्बन्धी कमी कमजोरीहरूका सम्भावनाहरु सधै रहने हुनाले विश्लेषणका लागि प्राप्त तथ्याङ्कहरु तयार गर्दा अनुसन्धानकर्ताहरू सचेत रहन आवश्यक छ । प्रत्येक पटकको नेपाली जनताको सर्वेक्षणको तथ्याङ्क सङ्कलन समय अवधिले पनि जनताको धारणामा प्रभाव पारेको हुन सक्दछ ।

नेपाली जनताको सर्वेक्षणको पहिलो संस्करणको तथ्याङ्क सङ्कलन कार्य सन् २०१७ को सेप्टेम्बर-अक्टोबरमा गरिएको थियो । उक्त समयमा गरिएको नेपाली जनताको सर्वेक्षण २०१७ (SNP 2017) नयाँ राजनीतिक व्यवस्थाका लागि नेपालमा पहिलो पटक भएको स्थानीय तहको निर्वाचन पछि गरिएको राष्ट्रव्यापी सर्वेक्षणको निष्कर्षमा आधारित थियो । उक्त्त सर्वेक्षणमा देशको समग्र दिशा (सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, भौतिक पूर्वाधार अवस्थाका सन्दर्भ) बारे नेपाली जनताको अपेक्षा र आकांक्षालाई समेट्ने प्रयास गरिएको थियो । यसका साथै सर्वेक्षणले सुरक्षा र विवाद समाधान, विकसित राजनीतिमा लैङ्गिक, जातीय र भाषाको स्थान, राष्ट्रिय तथा स्थानीय तहका समस्या, स्थानीय तथा प्रदेश सरकारको सेवा प्रवाह, सुशासन, राजनीतिक सहभागिता र स्थानीय निर्वाचन,  आर्थिक तथा सामाजिक विकास तथा पूर्वाधार, सूचनामा पहुँच, जस्ता विषयहरूमा जनताको राय र अपेक्षा संकलन गरिएको थियो ।

सन् २०१८ को नेपाली जनताको सर्वेक्षण २०१८ को तथ्याङ्क सङ्कलन कार्य नेपालको नयाँ राजनीतिक प्रणाली अनुसार पहिलो संसद र प्रादेशिक निर्वाचनपछि गरिएको थियो । यसका साथै आगामी दिनका लागी उनीहरूका आशा तथा अपेक्षाका बारेमा पनि जान्ने प्रयास गरिएको थियो । तेस्रो चरणको नेपाली जनताको सर्वेक्षण २०२० (SNP २०२०) को निष्कर्ष कोभिड-१९ का कारण राष्ट्रिय बन्दाबन्दीको घोषणा हुनु भन्दा केही दिन अगाडि सम्पन्न भएका सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्यमा आधारित थियो ।

सन् २०२२ को नेपाली जनताको सर्वेक्षण (SNP २०२२) को संस्करण सन् २०२२ को स्थानीय निर्वाचन लगत्तै र राष्ट्रिय तथा प्रादेशिक निर्वाचनमा होमिने तयारीमा लागि सकेका नेपालीहरु माझ वर्षायाम जुलाई-अगस्त, २०२२ मा गरिएको सर्वेक्षणको तथ्याङ्क सङ्कलन कार्यमा आधारित रहेको छ । कोभिड-१९ ले सृजना गरेको चुनौती तथा असहजतापूर्ण अवस्थामा सरकारको समग्र कार्यसम्पादन र देश कुन दिशामा गइरहेको छ भन्ने बारेमा जनताको धारणामा प्रभाव पार्न सक्ने सम्भावनाहरू देखेर सन् २०२२ को नेपाली जनताको सर्वेक्षण मा कोभिड-१९ सँग सम्बन्धित प्रश्नहरु थपिएका थिए परिणामस्वरूप मानिसहरूको धारण, भावना र अनुभवहरूमा कोभिड-१९ र देशव्यापी बन्दाबन्दीको प्रभाव प्रतिबिम्बित भएको देखिन्छ । कोभिड-१९ को प्रभाव यस अध्ययनमा आएता पनि त्यस अघिको नेपालीको मत र त्यसबाट प्रभावित जनजीवनको अवस्थाको तुलनात्मक अध्ययन अनुसन्धानको लागि यो प्रतिवेदन महत्वपुर्ण हुनसक्छ ।

यस प्रादेशिक प्रतिवेदनमा प्रदेशका जनताहरूको विचार प्रस्तुत गरिरहदा, म राष्ट्रिय प्रतिवेदनमा भएका केहि तथ्यहरूको विश्लेषण गर्न चाहन्छु । यस बर्षको सर्वेक्षणमा सामेल भएको आधाभन्दा कम नेपालीहरु, अहिलेसम्मकै सबैभन्दा न्यून प्रतिशतले मुलुक सही दिशामा अघि बढेको ठान्दछन् । बाटोघाटोको अवस्थामा सुधार, शिक्षाको पहुँचमा बृद्धि हुनु तथा विद्युत आपूर्तिमा सुधार हुनु देश सही दिशामा अगाडि बढ्नुका प्रमुख तीन कारण रहेका छन् । मुलुक सही दिशातिर हिँडिरहेको बताएका उत्तरदातामा उल्लेख्य कमी देखिएता पनि तीन चौथाइभन्दा कमले आफ्नो स्थानीय तहको अवस्थामा भने सुधार भइरहेको विश्वास गरेका छन् । स्थानीय अवस्थाप्रति जनताको आशावादीताका लागि उत्तरदाताहरूले बाटोघाटोको अवस्था राम्रो हुनु, खानेपानी आपूर्तिमा सहजता, विद्युत र शिक्षामा जनताको पहुँच हुनु जस्ता विषयलाई महत्त्व दिएर समावेश गरेका छन् । वास्तवमा, सन् २०२० को सर्वेक्षणको तुलनामा सन् २०२२ को सर्वेक्षणमा विशेष गरी आर्थिक अवस्था, राजनीतिक र सामाजिक अवस्थाप्रति उत्तरदाताहरु कम सकारात्मक देखिएका छन् । उत्तरदाताहरूका अनुसार बढ्दो भ्रष्टाचार, आवश्यक वस्तुहरूको बढ्दो मूल्य, र करको दायरामा वृद्धि राष्ट्रले भोगी रहेका प्रमुख समस्याहरूको रूपमा रहेका छन् भने १८-२४ वर्ष उमेर समूहका युवा नेपालीहरूका लागि काम खोज्न/जीविकोपार्जनमा कठिनाई प्रमुख समस्याको रूपमा रहेको देखियो ।

माथि उल्लेखित आंकडाहरूले सार्वजनिक धारणा र आर्थिक दृष्टिकोण बीच बलियो सम्बन्ध राखेको छ। अर्को शब्दमा भन्नुपर्दा, नेपाली जनताको सर्वेक्षण २०२० को तथ्याङ्क सङ्कलन गरिसकेपछिको समय र नेपाली जनताको सर्वेक्षण २०२२ को तथ्याङ्क सङ्कलन गर्नु अगाडीको समय अवधिमा कोभिड-१९ चुलिएको थियो, उक्त समयमा कोभिड-१९ को प्रभावले देशका लगभग सबै आर्थिक गतिविधिहरूमा नकारात्मक प्रभाव पारेको थियो । सन् २०१७ मा करिब पाँचमा एक र सन् २०२० मा पाँचमा दुई उत्तरदाताहरूले स्थानीय आर्थिक अवस्थामा सुधार भएको विश्वास गरेका थिए । सन् २०२० को तुलनामा स्थानीय आर्थिक अवस्थामा सुधार भएकोमा विश्वास गर्ने उत्तरदातामा अचानक गिरावट आएको छ । फलस्वरूप, आम्दानी या आर्थिक स्रोतको अभावमा उत्तरदाताहरूले अझै पनि उनीहरूको परिवारका सदस्यले बेलाबेलामा छाक छाड्नुपरेको, बिरामी हुँदा उपचार गर्न नसकेको बताएका छन् । गत वर्षको तुलनामा, कहिलेकाहीँ मात्र खाना खान पुग्ने संख्या बढेको छ । त्यसैगरी, बिरामी हुँदा उपचार गर्न नसकेको दाबी गर्ने उत्तरदाताहरूको प्रतिशत पनि बढेको छ ।

हिंसा वा आपराधिक गतिविधिको सन्दर्भमा नेपाल सुरक्षित स्थान जस्तो देखिन्छ । दश मध्ये नौ जना उत्तरदाताहरूले आफू बसेको वा काम गरिरहेको ठाउँ वरिपरि सुरक्षाको कुनै समस्या वा चुनौती नभएको बताएका छन् साथै आफू वा आफ्नोको परिवार गत वर्ष हिंसा वा आपराधिक गतिविधिको सिकार नभएको बताएका छन् । केही हदसम्म असुरक्षित ठानेकाहरूमध्ये प्रायले चोरी र आर्थिक लेनदेनमा ठगीको सिकार भएको उल्लेख गरेका छन् । विवाद समाधानका सन्दर्भमा धेरै नेपालीहरूको रोजाइमा औपचारिक निकायहरु परेका छन् । जग्गा सम्बन्धि विवाद, ऋण तथा लेनदेन सम्बन्धि विवाद, अपराध, मानहानि वा झूटो आरोपको विवाद समाधान गर्न अधिकांश नेपालीहरूले प्रहरीलाई पहिलो रोजाई मानेको पाइन्छ । घरेलु हिंसा सम्बन्धि विवाद समाधान गर्न जनताको पहिलो रोजाइको रूपमा वडाध्यक्ष वा वडा सदस्यहरु पर्नुभएको छ भने प्रहरी, नगर/गाउँपालिकाका प्रमुखहरूप्रति उत्तरदाताहरूको विश्वास बढ्दै गएको छ । विवाद समाधानका लागि निर्वाचित प्रतिनिधि र प्रहरीलाई विश्वास गर्ने व्यक्तिको सङ्ख्या तीव्र रूपमा बढ्नुले राज्यको पुनर्संरचना मार्फत स्थापित नयाँ सरकारी संरचनाहरूप्रति व्यक्तिको बढ्दो विश्वास झल्काउँछ ।

अझै पनि नेपाली जनताहरूले विशेष गरी काम गर्ने ठाउँमा मानिसहरूसँग अन्तरक्रिया गर्दा, सार्वजनिक सेवाहरु प्राप्त गर्दा र स्वास्थ्य सेवाहरूमा पहुँच गर्दा आफ्नो मातृभाषा, जात वा जाति र लिङ्गका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने गरेका छन् । नेपालीभन्दा फरक मातृभाषा भएका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने उत्तरदाताहरूको सङ्ख्या सन् २०१७ को तुलनामा घटेको भएता पनि सार्वजनिक सेवा लिँदा, कार्यस्थलमा सर्वसाधारणसँग छलफलमा सहभागी हुँदा, अस्पताल या हेल्थ सेन्टरमा सुविधा लिँदा र अध्ययनको सिलसिला असहजता महसुस हुने गरेको बताएका छन् । विगतका वर्षको तुलनामा लिङ्गका कारण विभिन्न ठाउँ र अवस्थामा असहजता महसुस गर्ने उत्तरदाताहरूको सख्यामा कमी आएता पनि नेपाली महिलाहरूलाई सार्वजनिक यातायातमा यात्रा गर्दा, प्रहरी चौकीमा, सार्वजनिक स्थानमा घुमफिर गर्दा वा हिँडडुल गर्दा अप्ठ्यारो महसुस हुने गरेको बताएका छन् । अन्तर्जातीय विवाहलाई स्वीकृति दिनेहरूको अनुपातमा सन् २०१७ को तुलनामा सन् २०२२ मा घटेको देखिन्छ । बिगत बर्षका सर्वेक्षणहरूले लिङ्गको पर्वाह नगरी व्यक्ति नेतृत्व भूमिकाको लागि सक्षम हुनुपर्छ भन्ने विश्वास गर्ने मानिसहरूमा उल्लेखनीय वृद्धि भएको देखाउँछ । यसै अनुरूप नेपाली जनताको सर्वेक्षण सन् २०१८ को तुलनामा सन् २०२० मा सबै प्रकारका संगठन/संस्थाका नेतृत्व पदका लागि लिङ्ग जेसुकै भए पनि व्यक्ति सक्षम हुनुपर्छ भन्ने सोच भएका व्यक्तिहरूको संख्यामा उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ तर सन् २०२२ मा यस्तो सोच राख्ने उत्तरदाताको संख्या स्थिर रहेको पाइएको छ यद्यपि संस्थाको नेतृत्व गर्न पुरूष र महिला दुवै समान रूपमा सक्षम छन् भनी चारमध्ये तीन जना उत्तरदाताले भनेतापनि, सामुदायिक-सम्बन्धित हैसियत (Community-Related Status) को तुलनामा कार्यकारी पदमा महिलाहरूलाई कम प्राथमिकता दिइएको पाइएको छ ।

अधिकांश उत्तरदाताहरूले गत वर्षको तुलनामा स्थानीय सरकारको उत्तरदायित्वमा कुनै परिवर्तन नभएको बताएका छन् । यद्यपि, विगतका वर्षको तुलनामा २०२२ मा सरकारको उत्तरदायित्वमा सुधार भएको छ भनी प्रतिक्रिया दिनेहरूको प्रतिशत उल्लेखनीय रूपमा घटेको छ । मे १३, २०२२ मा भएको स्थानीय निर्वाचनको दोस्रो कार्यकालको सन्दर्भमा नेपालीहरूबाट आएका प्रतिक्रियाहरूको दस्तावेजीकरण गर्दा, तीन चौथाई भन्दा बढीले स्थानीय निर्वाचनमा मतदान गरेको र ती मध्ये दश मा नौ जनाले निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको विश्वास व्यक्त गरेका थिए । तीन चौथाई भन्दा बढी मतदाताहरु निर्वाचनको परिणामसंग "धेरै खुशी", वा "खुशी" रहेका छन् । तीनवटै तहका सरकारले सन् २०२० देखि कोभिड-१९ को रोकथाम र नियन्त्रण र यसको सामाजिक-आर्थिक प्रभावलाई न्यूनीकरण गर्न विभिन्न उपायहरु लागू गरेको कुरा सर्वबिदितै छ । यसका लागि तीनै तहका सरकारले खेलेको भूमिकाको सर्हना गर्दै सरकारको प्रयास पर्याप्त भएको प्रतिक्रिया दिएका छन् । कोरोनाको संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका विभिन्न रोकथाम र नियन्त्रणका उपायहरूमध्ये मास्कको प्रयोग र सामाजिक दूरी धेरै प्रभावकारी रहेको देखियो भने हिड्डुल र यात्रामा लगाएको प्रतिबन्ध पनि दोस्रो प्रभावकारी उपाय रहेको पाइयो । कोरोना महामारीको समयमा त्यसको व्यवस्थापनको लागि स्थानीय सरकारले समुदायमा सबैभन्दा बढी सक्रिय भूमिका निभाएको पाइयो ।

प्रस्तुत तथ्याङ्क र आंकडाले संघीय, प्रदेश र स्थानीय, तह तीनवटै तहका सरकारहरूको कार्यसम्पादनबारे केही अन्तरदृष्टि दिनेछ भन्नेमा हामी विश्वस्त छौं । तीन तहका सरकारहरूको कार्यबारे जनताले कसरी बुझेकाछन्, उनीहरूका अनुसार सरकारले गरेका कामहरूमा के कस्ता कमजोरीहरु रहेकाछन् र यस्तो किन भई रहेको छ भनेर अझ बिस्तृतरूपमा बुझनका लागि र त्यसलाई के कसरी समाधान गर्न सकिन्छ भन्ने बारे सुझाब सहितको जानकारी तीनै तहका सरकारलाई दिन प्राप्त तथ्याङ्कको गहिरो विश्लेषण महत्त्वपूर्ण छ । तसर्थ, आउँदो वर्षहरूमा नेपाली जनताको सर्वेक्षणमा मात्रात्मक तथ्याङ्कहरूबाट प्राप्त जानकारीलाई अझ बिस्तृतरूपमा बुझन र व्याख्या गर्नका लागि गुणात्मक विश्लेषण थप्न आवश्यक छ ।

अन्तमा, यस सर्वेक्षण कार्यलाई सफल बनाउन र नेपाली जनताको सर्वेक्षण २०२२ को यो प्रादेशिक संक्षिप्त प्रतिवेदन तयार गर्न योगदान गर्ने सबैलाई कृतज्ञता व्यक्त गर्न चाहन्छु । सर्वप्रथम एशिया फाउन्डेसनको टोली जसले दुई अनुदान सम्झौताहरुः एउटा अष्ट्रेलिया सरकार, विदेश मामिला र व्यापार विभागबाट, र अर्को विकास र सहयोगको लागि स्विस एजेन्सी मार्फत हामीलाई सर्वेक्षण गर्नका लागि रकम उपलब्ध गराएकोमा उनीहरु प्रति कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी इन्टरडिसिप्लिनरी एनालिस्ट्स (आईडीए) लाई विशेष गरी प्रश्नावली तयार गर्न, क्षेत्रीय स्तरमा गणनाकर्ताहरूका लागि तालिम र प्रशिक्षण कार्य सञ्चालन गर्न, र तथ्याङ्क सङ्कलन तथा कम्पाइल गर्न सहयोगको लागि आभार प्रकट गर्दछु । साथै प्रतिष्ठित स्टीयरिंग समिति सदस्यहरूको योगदान उत्तिकै महत्त्वपूर्ण र हाम्रो गहिरो प्रशंसाको योग्य छन्, किनकी उनीहरूबाट प्रक्रियाको प्रत्येक चरणमा महत्वपूर्ण अन्तरदृष्टिको साथ परियोजनालले मार्गदर्शन प्राप्त गर्यो । काठमाडौँ विश्वविद्यालय, स्कुल अफ आर्ट्सका सहकर्मीहरु जसले नेपाली जनताको सर्वेक्षण २०२२ को चुनौती स्वीकार गरे र यो प्रतिबेदन लेख्न कार्य सफलताका साथ समापन गरे, म उनीहरूको प्रयास र समर्पणलाई कदर गर्दछु । अन्त्यमा, म यस तथ्याङ्क सङ्कलन कार्यमा सहयोग पुर्‍याउने सबै गणक र नेपाली जनताहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु जसको सहभागिता बिना यो सर्वेक्षण कार्य सम्भव थिएन।

**एकु माया पुन**
एसोसिएट प्रोफेसर/का.मु. डीन
स्कुल अफ आर्टस्, काठमाडौं विश्वविद्यालय

# विषयसुची


प्राक्कथन .......... छ

अध्याय १ परिचय .......... ४

अध्याय २ देशको समग्र अवस्थाप्रतिको कोशीको दृष्टिकोण .......... ६
२.१. देशको अवस्था .......... ६
२.२. आशावादी हुनुका कारणहरू .......... ८
२.३. समस्या तथा चुनौतीहरू .......... ९
२.४. स्थानीय क्षेत्रको अवस्था .......... १०
२.५ स्थानीय क्षेत्रको अवस्थामा सुधारका कारणहरू .......... ११
२.६ स्थानीय क्षेत्रका समस्या तथा चुनौतीहरू .......... १२
२.७ घरपरिवारको अवस्था .......... १३
२.८. घरपरिवारको अनुभवहरू .......... १५

अध्याय ३ व्यक्तिगत सुरक्षा र विवाद समाधान .......... १६
३.१. हिंसा, अपराध र न्यायसम्बन्धी घरपरिवारका अनुभवहरू .......... १६
३.२ न्याय र विवाद समाधानका संयन्त्रहरू .......... १७

अध्याय ४ पहिचान .......... २०
४.१ मातृभाषा .......... २०
४.२ नेपालीबाहेक अन्य भाषा मातृभाषा हुँदाका असुविधाहरू .......... २१
४.३ जात/जातीयताको कारण हुने असुविधाहरू .......... २२
४.४ लैङ्गिक कारण भोग्नुपरेको असहजता .......... २२
४.५ सामाजिक सम्बन्ध .......... २३
४.६ नेपाली समाजमा महिलाको अवस्था .......... २४
४.७ नेतृत्वदायी भूमिकामा लैंगिक प्राथमिकता .......... २५

अध्याय ५ सुशासन र राजनीतिक सहभागीता .......... २७
५.१ स्थानीय निकायको पुनर्संरचना .......... २७
५.२ सामाजिक सुरक्षा .......... २८
५.३ संस्थाप्रतिको विश्वास .......... २९
५.४ सार्वजनिक सेवाहरूप्रतिको जानकारी .......... ३०
५.५ सार्वजनिक सेवाहरु लिंदाको अनुभव .......... ३१
५.६ शिक्षाप्रतिको धारणा .......... ३२
५.७ कोरोना महामारीमा शैक्षिक अवस्था .......... ३५
५.८ सार्वजनिक स्वास्थ्य सेवाप्रतिको धारणा .......... ३६
५.९ सडकसम्बन्धी धारणा .......... ३८
५.१० कर .......... ४१
५.११ भ्रष्टाचार .......... ४३
५.१२ स्थानीय शासन प्रक्रिया प्रतिको जनचेतना र सहभागीता .......... ४४
५.१३ निर्वाचित पदाधिकारीहरूप्रतिको धारणा .......... ४७
५.१४ स्थानीय सरकारको उत्तरदायित्वप्रतिको धारणा .......... ४८
५.१५ स्थानीय निर्वाचन .......... ४९

अध्याय ६ आर्थिक दृष्टिकोण र सूचनामा पहुँच .......... ५३
६.१ स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा .......... ५३
६.२ व्यक्तिगत तथा पारिवारिक आम्दानी .......... ५४
६.३ वैदेशिक रोजगार र विप्रेषण .......... ५७
६.४ बीमाबारे जानकारी र पहुँच .......... ६०
६.५ रोजगारी र आयआर्जनका अवसरहरू .......... ६२
६.६ सूचनाको स्रोत .......... ६३

अध्याय ७ कोरोना महामारीको अनुभव र असर .......... ६६
७.१ कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका .......... ६६
७.२. स्थानीय स्तरमा कोरोना महामारीको बेला सक्रिय भएर लाग्ने व्यक्ति वा निकाय .......... ६८
७.३ महामारीका समयमा भोग्नुपरेका मुख्य समस्याहरू र समाधानका रणनीतिहरू .......... ६८

# चित्रसुची


चित्र २.१.१ *Q-B1a.* देशेका समग्र अवस्था, वर्षअनुसार ६
चित्र २.१.२ *Q-B1a.* कोशी प्रदेशको समग्र अवस्था, वर्षअनुसार ७
चित्र २.१.३ *Q-B1b-f.* देशको अवस्था, विभिन्न क्षेत्र र बर्ष अनुसार ८
चित्र २.२.१ *Q-B2.* आशावादी हुनुका कारणहरू, बर्ष अनुसार ९
चित्र २.३.१ *Q-B3.* देशले भोगिरहेका मुख्य समस्या, बर्ष अनुसार १०
चित्र २.४.१ *Q-B4a.* स्थानीय क्षेत्रको अवस्था, बर्ष अनुसार ११
चित्र २.५.१ *Q-B5.* स्थानीय क्षेत्रको अवस्थामा सुधारको अनुभूति हुने आधारहरू, बर्ष अनुसार १२
चित्र २.६.१ *Q-B6.* स्थानीय तहका समस्या र चुनौतीहरु, बर्ष अनुसार १३
चित्र ३.२.१ *Q-C8A-E.* पछिल्लो एक बर्षमा विवाद समाधान बारेको वास्तविक अनुभव १८
चित्र ३.२.२ः *Q-C8a2-e2.* विवाद समाधान प्रक्रियाको नतिजा १९
चित्र ४.५.१ *Q-D9.* अन्तर-जातीय विवाहको स्वीकृति, बर्ष अनुसार २४
चित्र ५.१.१ *Q-E4.* स्थानीय निकायको पुनर्संरचना प्रतिको दृष्टिकोण, बर्ष अनुसार २७
चित्र ५.४.१ *Q-E10AM-AO1.* सरकारी सेवा सुबिधाहरु प्रतिको जानकारी, बर्ष अनुसार ३०
चित्र ५.४.२ *Q-E10AM.3_1.* स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी प्रवाह गर्ने प्रभावकारी माध्महरू, बर्ष अनुसार ३१
चित्र ५.६.१ *Q-E11b* र *Q-E11Aii.* शिक्षाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार ३३
चित्र ५.७.१ *Q-E11f_1_A* र *Q-E11g.1.* कोरोना महामारीको समयमा वैकल्पिक शिक्षा प्रदान गर्ने विद्यालयहरू ३५
चित्र ५.८.१ *Q-E12a.* नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दुरी, बर्ष अनुसार ३६
चित्र ५.८.२ *Q-E12b.* सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार ३७
चित्र ५.८.३ *Q-E12c.* स्वास्थ्य सेवाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार ३७
चित्र ५.९.१ *Q- E13b.* सडक मर्मत सम्भारको लागि जिम्मेवार निकाय, बर्ष अनुसार ३९
चित्र ५.९.२ *Q-E13c.* सडकको गुणस्तरमा भएको परिवर्तन, बर्ष अनुसार ३९
चित्र ५.९.३ *Q-E13f.* सडक सेवाको गुणस्तर सुधार्न सुझाव, प्रदेश अनुसार ४०
चित्र ५.१०.४ *Q-E16.* राम्रो सेवाको लागि थप स्थानीय कर तिर्न इच्छुकता, बर्ष अनुसार ४३
चित्र ५.१२.१ *Q-E18.* स्थानीय सरकारको विकास परियोजनाहरूको बारे जानकार, बर्ष अनुसार ४४
चित्र ५.१२.२ *Q-E19.* स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्ने सेवाहरू, बर्ष अनुसार ४५
चित्र ५.१२.३ *Q-E20.* नगरपालिका/गाउपालिका/वडामा सार्वजनिक सुनुवाइको सचेतना, बर्ष अनुसार ४६
चत्र ५.१३.१ *Q-F1i–iv.* स्थानीय जनताप्रति निर्वाचित पदाधिकारीको चासो ४७
चत्र ५.१४.१ *Q-F1A.* जनताका आवश्यकताहरूप्रति स्थानीय सरकारको तदारूकताप्रतिको धारणा, बर्ष अनुसार ४८
चत्र ५.१४.२ *Q-E13g.* स्थानीय सरकारले प्रदान गरेका सेवाहरूप्रतिको सन्तुष्टि, प्रदेश अनुसार ४८
चित्र ५.१४.३ *Q-E10H_a,b,c.* शिक्षा, स्वास्थ्य र सडक सम्बन्धी सेवाहरु प्रतिको औसत सन्तुष्टि, बर्ष अनुसार (अंक) ४९
चित्र ५.१५.१ *Q-F6.* जनताको जीवनस्तरमा आशातित सुधार हुने कारणहरु ५०
चित्र ५.१५.२ *Q-F7.1.* मतदानको आधार ५१
चित्र ५.१५.३ *Q-F7.3.* मतदान केन्द्रमा पहुँच ५२
चित्र ६.१.१ *Q-G1.* स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा, बर्ष अनुसार ५४
चित्र ६.२.१ *Q-G4.* औसत मासिक घरायसी आम्दानी, बर्ष अनुसार ५५
चित्र ६.२.२ *Q-G5.* घरपरिवारको आम्दानीमा आएको परिवर्तन, बर्ष अनुसार ५६
चत्र ६.२.३ *Q-G6C.* व्यक्तिगत आय, सन् २०२२ ५७
चित्र ६.३.१ *Q-G12.* बैदेशिक रोजगारको अवस्था, बर्ष अनुसार ५८
चित्र ६.३.२ *Q-G12.4.* वैदेशिक रोजगारीमा जानको लागि प्रोत्साहित गर्ने, बर्ष अनुसार ५८
चित्र ६.३.३ *Q-G14A.* रेमिट्यान्सको प्रयोग, बर्ष अनुसार ६०
चित्र ६.४.१ *Q-G21.a.* बीमाको बारेमा सचेतना, बर्ष अनुसार ६१
चित्र ६.५.१ *Q-G23a* र *Q-G23b.* :थानीय क्षेत्रमा रोजगारी र आयआर्जनका अवसरहरु, बर्ष अनुसार ६२
चित्र ६.६.१ *Q-H5.* स्थानीय सरकारका गतिविधिहरूको जानकारीको स्रोत, बर्ष अनुसार ६३
चित्र ६.६.२ *Q-H6.* स्थानीय सरकारबाट अपेक्षित जानकारी ६४
चित्र ७.१.१ *Q-I3.* कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका ६६
चित्र ७.१.२ *Q-I6.* कोभिड-१९ बाट सृजीत सामाजिक-आर्थिक अवस्था पुनरूत्थानको लागि सरकारबाट अपेक्षा ६८

# तालिकासुची


तालिका २.७.१ *Q-B7.* घरपरिवारको अवस्था, बर्ष अनुसार ....... १४
तालिका २.८.१ *Q-B8.* घरपरिवारको अनुभवहरू....... १४
तालिका ३.१.१ *Q-C3A–R.* विगतका बर्षहरूमा अनुभव गरिएका हिंसा तथा अपराधका घटनाहरू....... १६
तालिका ४.१.१ *Q-D1.* भौगोलिक क्षेत्र अनुसार मातृभाषा....... २०
तालिका ४.२.१. *Q-D2a-e.* नेपालीबाहेक अन्य भाषा मातृभाषा भएको कारण असुविधाको महसुस, बर्ष अनुसार....... २१
तालिका ४.३.१ *Q-D3a-e.* जात/जातीयताको कारण असुविधा, बर्ष अनुसार....... २२
तालिका ४.४.१ *Q-D4a–g.* महिला र यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारण असुविधा, बर्ष अनुसार....... २३
तालिका ४.६.१ *Q-D10a–m.* लैङ्गिक भूमिका र लैङ्गिक समानता सम्बन्धीका धारणाः बर्ष अनुसार....... २५
तालिका ४.७.१ *Q-D11a-l.* विभिन्न संस्थाहरूमा स्वीकार्य नेतृत्वदायी पदहरु, बर्ष अनुसार....... २६
तालिका ५.२.१ *Q-E8a.1- E8a.10.* सामाजिक सुरक्षा कार्यक्रमहरु बारेमा जानकारी र कार्यक्रम बाट लाभ प्राप्ती, बर्ष अनुसार....... २८
तालिका ५.३.१ *Q-E9a-v.* संस्थाहरूप्रतिको विश्वास, बर्ष अनुसार....... २९
तालिका ५.५.१ *Q-E10a-E10p.* स्थानीय सरकारबाट प्राप्त सेवाहरु लिंदाको अनुभव, बर्ष अनुसार....... ३२
तालिका ५.६.१ *Q-E11.* सरकारी वा निजी विद्यालयमा बालबालिका भर्ना, वर्ष अनुसार....... ३३
तालिका ५.६.२ *Q-E11c* र *Q-E11Aiii.* शिक्षाका गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार....... ३४
तालिका ५.६.३ *Q-E11g.* विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सुझाव, बर्ष अनुसार....... ३४
तालिका ५.८.१ *Q-E12d.* स्वास्थ्य सेवाको गुणस्तरमा परिवर्तन, बर्ष अनुसार....... ३८
तालिका ५.९.१ *Q-E13a.* सडकको गुणस्तर प्रतिको दृष्टिकोण, बर्ष अनुसार....... ३८
तालिका ५.१०.१ *Q-E15Ai-Mi.* हालको करप्रतिको दृष्टिकोण, बर्ष अनुसार....... ४१
तालिका ५.११.१ *Q-E17a-g.* सेवाको लागि घुस दिनुपरेको, बर्ष अनुसार....... ४४
तालिका ५.१५.१ *Q-F8.* नर्वाचित स्थानीय प्रतिनिधिहरूसंगको सम्पर्क र सम्पर्कको नतिजा, बर्ष अनुसार....... ५२
तालिका ६.३.१ *Q-G13.* रेमिट्यान्स (विप्रेशण) पाउने संख्या, बर्ष अनुसार....... ५९
तालिका ६.३.२ *Q-G14.* रेमिट्यान्स (विप्रेषण) मा परिवर्तन, बर्ष अनुसार....... ५९
तालिका ६.४.१ *Q-G21B.A1-H1.* विभिन्न प्रकारका बीमाबारे सचेतना र स्वामित्व, बर्ष अनुसार....... ६१
तालिका ७.१.१ *Q-I4.A-H.* कोरोना संक्रमण कम गर्न र फैलिन नदिन सरकारले गरेको प्रयासका मुल्यांकन....... ६७
तालिका ७.३.१ *Q-I10.* कोरोना महामारीको सामना गर्न अपनाइएका रणनीतिहरु....... ६९

# १. परिचय

नेपाली जनमत सर्वेक्षण २०२२, नेपालको सातै प्रदेशका ५ सय ८८ वडाबाट प्रतिनिधिमूलक रूपमा छानिएका ७ हजार ५६ जना नेपालीजनमा गरिएको सर्वेक्षणको निचोड हो । यो प्रतिवेदन कोशी प्रदेशका ८४ वडाबाट प्रतिनिधिमूलक रूपमा छानिएका १ हजार १० जनासंग गरिएको मत सर्वेक्षणमा आधारित छ । यो प्रतिवेदनले देशको समग्र अवस्था, जनताको व्यक्तिगत घरायसी अवस्था, स्थानीय अवस्था, सुरक्षा, पहिचान र सामाजिक सम्बन्ध, सुशासन, सार्वजनिक सेवा प्रवाह, निर्वाचन, राजनीतिक सहभागीता, आर्थिक अवस्था र कोभिड–१९ ले पारेको सामाजिक-आर्थिक प्रभावको सम्बन्धमा कोशी प्रदेशका नेपालीजनको धारणा प्रस्तुत गर्दछ ।

यो सर्वेक्षण शृंखला पहिलो पटक स्थानीय चुनाव सम्पन्न भएलगत्तै सन् २०१७ मा शुरू गरिएको थियो । त्यसपछिका सर्वेक्षणहरु सन् २०१८ र सन् २०२० मा सम्पन्न गरिएका थिए । सन् २०२० मा सम्पन्न सर्वेक्षणले कोभिड-१९ को सुरुवात हुनुअघिको अवस्थालाई समेटेको थियो भने सन् २०२२ को यो शृंखलाले कोभिड-१९ ले देशमा पारेको सामाजिक-आर्थिक प्रभावबारे नेपालीजनका धारणा प्रस्तुत गरेको छ । यस सर्वेक्षणको तथ्याङ्क संकलन कार्य मे १३, २०२२ मा सम्पन्न भएको दोस्रो स्थानीय निर्वाचनपछि सन् २०२२ अगष्टमा गरिएको थियो । त्यसकारण, यो सर्वेक्षणका निष्कर्षहरूलाई देशको संघीय, प्रादेशिक र स्थानीय सरकारका पाँच वर्षको अवधिलाई जनताले कसरी मुल्यांकन गरेका रहेछन् भनेर तीनै तहका सरकारको रिपोर्ट कार्डको रूपमा पनि लिन सकिन्छ।

नेपाली जनमत सर्वेक्षण, २०२० यता नेपाल लगायत विश्वव्यापी रूपमा महत्त्वपूर्ण घटनाहरु घटेका छन्। नेपालमा संसद विघटन भयो र सर्वोच्च अदालतको आदेशपछि पुनःस्थापना पनि भयो । यसको साथै देशमा नयाँ चुनावी गठबन्धन बन्यो, प्रधानन्यायाधीश विरूद्धको महाभियोग प्रस्ताव आयो, भ्रष्टाचार काण्डका शृत्तला देखा परे, राष्ट्रव्यापी रूपमा कोभिड-१९ ले निम्त्याएको बन्दाबन्दी भोग्नुपर्यो, आपूर्तिमा अवरोध आयो र विश्वव्यापी आर्थिक मन्दी र रूस-युक्रेन युद्धका कारण मुद्रास्फीति बढ्न गयो । यी घटनाहरूले नेपालको विकासको गति र नागरिकहरूको दैनिक जीवनमा ठूलो प्रभाव पारेका थिए, जुन कुरा सर्वेक्षणको निष्कर्षमा पनि झल्किएको छ । यद्यपि, सर्वेक्षणका निष्कर्षहरूले भने नमूनामा परेका नागरिकहरूले तथ्याङ्क सङ्कलनको समयमा व्यक्त विचारको मात्र प्रतिबिम्बित गर्दछ ।

नेकपा एमालेका अध्यक्ष एवं संसदीय दलका नेता केपी ओलीको नेतृत्वको संघीय सरकार विघटन र एमालेबाट माधव नेपाल समूहको फुटले कोशी प्रदेश सरकारलाई प्रभावित गर्यो । एमालेबाट बाहिरिएर नेपालले नेकपा एकीकृत समाजवादी पार्टी गठन गरे । एमालेले नेतृत्व गरिरहेको कोशी प्रदेश सरकार ढल्यो र नेपाली कांग्रेस र माओवादी केन्द्रको समर्थनमा नेकपा एकीकृत समाजवादी पार्टीको नेतृत्वमा कोशी प्रदेशमा नयाँ सरकार बन्यो । नोवेम्बर २, २०२१ मा नेकपा एकीकृत समाजवादीका नेता राजेन्द्र राई मुख्यमन्त्री नियुक्त भए । उनको नेतृत्वमा कांग्रेस माओवादी सम्मिलित संयुक्त सरकार गठन भयो । घोषणा भएअनुसार नै मे १३, २०२२ मा स्थानीय तह निर्वाचन सम्पन्न भयो । यो निर्वाचनको परिणामले कोशी प्रदेशका राजनीतिक शक्ति सन्तुलनको अवस्था फेरियो ।

यसअघिका सर्वेक्षणहरूले संघीय संरचना र स्थानीय सरकारको कार्यशैली लगायत मुलुकको समग्र दिशाप्रति आशावादी रहेको धारणा राख्नेहरूको अनुपात स्थिर रहेको देखाएका थिए । यस बर्षको कोशी प्रदेशको सर्वेक्षणको नतिजाले भने अघिल्ला चरणहरूको नतिजा विपरीत देशको समग्र दिशा, आर्थिक अवस्था, राजनीतिक सहभागीता र सुशासन सम्बन्धमा नेपालीजन कम आशावादी रहेको देखाएको छ । देश सही दिशातिर गैरहेको छ भन्ने धारणा राख्नेको संख्या कोशी प्रदेशमा ४५.७% मात्र रहेको छ, जुन अहिलेसम्म गरिएका सर्वेक्षणहरूमध्ये सबैभन्दा कम हो । कोभिड-१९ ले देश र व्यक्तिगत घरपरिवारमा पारेको सामाजिक-आर्थिक प्रभाव सर्वेक्षणको नतिजामा प्रस्ट देखिन्छ र यसबाट पुनर्स्थापना हुन जनताले सरकारबाट सुधारिएको स्वास्थ्य सेवा, नगद योजना, रोजगारीका अवसर र बालबालिकालाई शैक्षिक सहयोगको अपेक्षा गरेका छन् ।

कोशी प्रदेशका थोरै जनताले मात्र आफ्नो घरको आर्थिक अवस्था अघिल्लो बर्षको तुलनामा राम्रो भएको बताएका छन् । बढ्दो भ्रष्टाचार, मुद्रास्फीति, बिग्रँदै गएको आर्थिक अवस्था र जागिर पाउनको लागि कठिनाई जस्ता समस्याहरू नै सन् २०२२ मा कोशी प्रदेशको जल्दोबल्दो समस्याको रूपमा देखापरेका छन् । राजनीतिक दलहरूमाथि जनताको विश्वास कम हुँदै गएको देखिन्छ । साथै आर्थिक गतिविधिप्रति सकारात्मक दृष्टिकोण राख्नेहरूको अनुपात सन् २०१८ मा ४३% थियो भने सन् २०२२ मा यो सख्या २८.८% मा झरेको देखिन्छ ।

आशावादिताको स्तर न्यून हुँदाहुँदै पनि स्थानीय क्षेत्र र स्थानीय सरकारप्रतिको जनधारणा केही हदसम्म सकारात्मक रहेको पाइयो । जुन राष्ट्रिय प्रवृत्तिसंग मेल खान जान्छ । सन् २०२० को तुलनामा स्थानीय अवस्था सुधार हुँदै गएको छ भनी विश्वास गर्नेहरूको प्रतिशतमा थोरै कमी आएपनि देशको समग्र दिशाको दृष्टिकोणको तुलनामा यो सख्या अझै दोब्बरभन्दा बढी छ । संघीय र प्रदेश सरकारको तुलनामा स्थानीय सरकारप्रति जनताको विश्वास बढ्दै गएको देखिन्छ । त्यसैगरी, स्थानीय सरकारले प्रदान गर्ने सेवाप्रति जनसन्तुष्टि ६७.५% रहेको पाइयो ।

कोशी प्रदेशमा स्थानीय सरकारबाट सेवा लिन सहज ठान्ने उत्तरदाताहरूको हिस्सा बढेको छ । कोभिड-१९ को व्यवस्थापनका लागि स्थानीय सरकारहरूले प्रभावकारी भूमिका खेलेको कुरा धेरैले उल्लेख गरेका छन् । दुई तिहाईभन्दा बढी उत्तरदाताहरूले स्थानीय सरकारको भूमिका गत वर्ष जत्तिकै रहेको बताए । तर, स्थानीय शासन प्रक्रियामा जनचेतना र सहभागीताको स्तर भने न्यून रहेको छ । लिङ्ग, जातजाति र नेपालीबाहेक अन्य मातृभाषाका कारण सार्वजनिक सेवाहरु प्राप्त गर्दा र आफ्नो कार्यस्थलमा कार्य गर्दा अप्ठ्यारो महसुस गर्ने उत्तरदाताहरूको संख्या पछिल्ला केही बर्षहरूमा कमी हुँदै आएको देखिएको छ । आय, हिङ्गुल र निर्णय प्रकृयामा महिलाको नियन्त्रण हुनुपर्छ भन्ने सन्दर्भमा पनि अनुकूल विचार राख्नेहरूको अनुपातमा वृद्धि भएको पाइएको छ ।

जातीय, लिङ्ग, शिक्षा र भौगोलिक स्थान जस्ता कुराले उत्तरदाताहरूको मतमा आउने भिन्नताहरु सर्वेक्षणको निष्कर्षहरुमा प्रस्ट रूपमा देखिन्छन् । राष्ट्रिय प्रतिवेदनले मुख्य निष्कर्षहरु र चरहरुबीच महत्वपूर्ण भिन्नतालाई मात्र प्रस्तुत गरेको छ । यस कोशी प्रदेशको संक्षिप्त प्रतिवेदनले प्रादेशिक भिन्नताहरुलाई केही विस्तारमा प्रस्तुत गरेको छ । यो प्रादेशिक संक्षिप्त प्रतिवेदनले निम्न छ वटा बृहत् विषयहरुमा मुख्य निष्कर्षहरु प्रस्तुत गर्दछः

**जनताको दृष्टिकोण र राष्ट्रिय भावनाः** देशको सामान्य दिशाप्रति नेपालीजनको दृष्टिकोण, उनीहरु बसेको क्षेत्रको अवस्था र घरपरिवारको अवस्थामा के सुधार भयो र के समस्याहरु अझै बाँकी छन् ।

**सुरक्षा र विवाद समाधानः** नेपालीजनको सुरक्षाको भावना, अपराध र हिंसाको अनुभव, विवाद समाधानका लागि प्राथमिकताका निकाय र तिनले न्याय प्रदान गर्दछन् भन्ने जनविश्वासको स्तर ।

**पहिचानः** भाषिक, जातिय र लैंगिक पहिचानले भेदभाव, सामाजिक मूल्य-मान्यताहरु र नेतृत्वसम्बन्धी धारणा ।

**सुशासन र राजनीतिक सहभागीताः** स्थानीय स्तरको पुनर्संरचनामा प्रति धारणा; संस्थाहरुप्रतिको विश्वास; सरकारी सेवाहरु र सार्वजनिक सेवा प्रवाह र तिनको गुणस्तर (शिक्षा, स्वास्थ्य सेवा र सडक) बारे चेतना; स्थानीय चुनाव र करसम्बन्धी धारणा ।

**आर्थिक दृष्टिकोण र सूचनामा पहुँचः** स्थानीय आर्थिक अवस्था, घरायसी आम्दानी, आप्रवास र विप्रेषण, सचेतना र बीमामा पहुँच, र सूचना र जानकारीको लागी रूचाइएका स्रोतहरु सम्बन्धी विचार ।


**कोभिड-१९ को प्रभावः** कोभिड-१९ व्यवस्थापन गर्न सरकारले निर्वाह गरेको भूमिका, सामना गर्ने रणनीतिहरु र सामाजिक-आर्थिक सुधारका लागि गर्नुपर्ने आवश्यक कार्य ।

# २. देशको समग्र अवस्थाप्रतिको कोशीको दृष्टिकोण

## २.१. देशको अवस्था

कोशी प्रदेशका उत्तरदाताहरू सन् २०२२ मा देशको समग्र दिशाबारे कम आशावादी देखिएका छन् । समग्र अवस्थालाई विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको छ कि गलत दिशातिर गइरहेको छ जस्तो लाग्छ ? भनेर सोध्दा करीब पाँचमध्ये दुई (४५.७%) उत्तरदाताहरूले देश सही दिशातिर जाँदैछ भन्ने विचार राखेका छन् भने ५०.४% उत्तरदाताहरूले समग्रमा देश गलत दिशामा बढिरहेको छ भनी उल्लेख गरेका छन् । केहि (३.९%) ले भने आफ्नो धारणा राखेनन् । सन् २०२० को तुलनामा सन् २०२२ मा देश गलत दिशामा गइरहेको छ भन्ने विश्वास गर्ने उत्तरदाताहरूको अंशमा १६.४% अंकले उल्लेखनीय वृद्धि भएको देख्न सकिन्छ ।


**देशको समग्र दिशा, बर्ष अनुसार**




*चित्र २.१.१: Q-B1a. समग्र अवस्थालाई विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? (संख्या = १०१०)*

सन् २०२२ मा देशव्यापी रूपमा र कोशी प्रदेशमा, देश सही दिशातिर जाँदैछ भनेर आशावादी हुने उत्तरदाताहरूको प्रतिशतमा उल्लेखनीय कमी देखिएको छ । सन् २०१७ मा कोशी प्रदेशका ६२.९%, उत्तरदाताहरूले देश सही दिशातिर बढिरहेको जनाएका थिए । सन् २०२० मा, देश सही दिशातिर जाँदैछ भनेर आशावादी हुने उत्तरदाताहरूको प्रतिशत राष्ट्रिय स्तरमा (६५.६%) र कोशी प्रदेशमा (६३.४%) रहेको थियो । सन् २०२२ मा भने देश सही दिशातिर बढिरहेको छ भन्ने उत्तरदाताहरूको अनुपातमा उल्लेखनीय गिरावट आएको छ । सन् २०२२ मा यो राष्ट्रिय स्तरमा (४१.८%) र कोशी प्रदेशमा (४५.७%) मा झरेको छ । (चित्र २.१.२)

सन् २०२२ मा देशको निर्दिस्ट दिशातर्फ जनताको आशावादिता १७.७ % अंकले घटेको छ । कोशी प्रदेशमा सन् २०२० मा बाहेक अन्य सर्वेक्षण बर्षहरु (सन् २०१७, सन् २०१८ र सन् २०२२) मा देश सही दिशातिर बढिरहेको छ भनेर आशावादी हुने उत्तरदाताहरूको अनुपात राष्ट्रिय आँकडा भन्दा अलि बढीनै रहेको छ ।




*चित्र २.१.२: Q-B1a. समग्र अवस्थालाई विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ?*


जनसांख्यिकीय आधारमा पनि उत्तरदाताहरूको रायमा केही भिन्नताहरु रहेका छन् । उदाहरणका लागि ४५ र माथि उमेर समूहका (४४.१%) उत्तरदाताहरु भन्दा , १८-२४ वर्ष उमेर समूहका अधिक (५१.८%) युवाहरूले देशले लिएको दिशा तर्फ सकारात्मक दृष्टिकोण राख्छन् । यसैबीच, उच्च तहको (स्नातक र सोभन्दा माथि) शिक्षा हासिल गरेका (४६.१%) उत्तरदाताहरु, अनौपचारिक शिक्षा हासिल गरेका (६४.६%) उत्तरदाताहरु भन्दा कम आशावादी देखिएका छन् । त्यसैगरी, शहरी नगरपालिकाका (४१.८%) उत्तरदाताहरु भन्दा गाउँपालिकाका बढी (५३.५%) उत्तरदाताहरु देशले लिएको दिशा प्रती बढी आशावादी छन् ।

'प्रभावशाली' सामाजिक-जातीय समूहको तुलनामा मधेसी दलित समुदायका उत्तरदाताहरु देश सही दिशामा बढेको कुरामा कम आशावादी देखिएको छ । प्रादेशिक औसत (४५.७%) को तुलनामा थोरै (३५.७%) मधेसी दलित उत्तरदाताहरु ले देश सकारात्मक दिशामा बढिरहेको व्यक्त गरेका छन् ।

प्रादेशिक औसत (४५.७%) भन्दा कोशी प्रदेशका पहाडमा रहेका बढी (५६.५%) उत्तरदाताहरु देशले लिएको दिशा तर्फ आशावादी देखिएका छन् भने तराईका कम (३८.६%) उत्तरदाताहरु आशावादी देखिएको छ । त्यसैगरी कोशी प्रदेशका हिमाली भेगमा बस्ने (४७.४%) उत्तरदाताहरूको धारणा प्रान्तीय आंकडासँग मिल्दोजुल्दो देखिएको छ ।

उत्तरदाताहरूलाई देशको समग्र अवस्थाको साथ-साथै सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र भौतिक स्थितिबारे पनि विचार राख्न भनिएको थियो । सन् २०२० को तुलनामा सन् २०२२ मा देशको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक र भौतिक अवस्था सही दिशातिर गइरहेको छ भनेर बिश्वास गर्नेको संख्या प्रष्ट घटेको देखिन्छ (चित्र २.१.३)

करीब दुई तिहाई (६५.४%) उत्तरदाताहरूले देशको भौतिक पूर्वाधारको अवस्था सही दिशातिर जाँदैछ भनेर विश्वास गरेका छन् । त्यस्तै आधाभन्दा बढी (५७.९%) उत्तरदाताहरूले देशको सामाजिक र सांस्कृतिक (५६.५%) अवस्था सही दिशातिर जाँदैछ भनेर विश्वास गरेका छन् भने थोरैले अर्थतन्त्र (३०.२%) र राजनीतिक (२१.७%) अवस्था सही दिशामा बढेको विश्वास गरेका छन् ।





*चित्र २.१३: Q-B1b-f= देशको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक अवस्था विचार गर्दा तपाईंलाई देश सही दिशातिर गइरहेको कि गलत दिशातिर गइरहेको जस्तो लाग्छ ? (संख्या = १०१०)*

## २.२. आशावादी हुनुका कारणहरू

देश सही दिशातिर जाँदैछ भनी आफ्नो विचार राख्ने (४५.७%) उत्तरदाताहरूलाई उनीहरु आशावादी हुनुका मुख्य कारणहरु के हुन भनी सोधिएको थियो । जवाफमा धेरैजसो (४६.९%) उत्तरदाताहरूले बाटोघाटोको अवस्था राम्रो हुनु, शिक्षामा पहुँच बढनु (२३.२%), देशमा नयाँ संविधान जारी हुनु (१६.५%), स्वास्थ्य सेवामा पहुँच बढनु (१३%) र दशक लामो द्वन्दको अन्त्य हुनु ( (११.८%) जस्ता बिषयलाई आशावादी हुनुका मुख्य कारणको रूपमा उल्लेख गरेका छन् ।

सर्वेक्षणका चारवटै संस्करणमा हेर्ने हो भने, सडकको अवस्था राम्रो हुनुलाई कोशी प्रदेशका उत्तरदाताहरूले सबैभन्दा बढी आशावादी हुने कारणको रूपमा उल्लेख गरेका छन् । साथै, उत्तरदाताहरूले शिक्षाको अवस्थामा सुधार आउनुलाई पनि देश सही दिशातिर जाँदैछ भन्ने एउटा बलियो आधारको रूपमा लिएको बताएका छन् । सन् २०२२ मा स्वास्थ्य सेवाहरूमा पहुँच बढनु भन्ने कथन चौथो स्थानमा आएता पनि सन् २०१७ को तुलनामा यसो भन्नेहरूको अंशमा ११.३% अंकले बृद्धी भएको छ ।

**आशावादी हुनुका कारणहरू, बर्ष अनुसार**




*चित्र २.२.१: Q-B2 [यदि Q-B1 मा "देश समग्रमा सही दिशातिर गइरहेको छ" भन्ने जवाफ आएमा] तपाईलाई देश समग्रमा सही दिशातिर गए जस्तो किन लाग्छ ? (संख्या = ४६१)*[1]


## २.३ समस्या तथा चुनौतीहरू

सर्वेक्षणका क्रममा देशले हाल भोगिरहेका समस्या तथा चुनौती के-के हुन् भनी केही प्रश्नहरू सोधिएको थियो । कोशी प्रदेशका उत्तरदाताहरूले भ्रष्टाचार, चन्दा-आतंक, आवश्यक सर-सामानको मुल्यवृद्धि, जिविकोपार्जन गर्न र काम पाउन गाह्रो, बाटोघाटो बिग्रिएको र गरिबीलाई प्रमुख समस्याको रूपमा मुल्यांकन गरेका छन् । सर्वेक्षणमा उत्तरदाताहरूले भ्रष्टाचार/जबरजस्ती असुली (४३.९%), अत्यावश्यक वस्तुको मूल्यवृद्धि (२६.५%), देशको बिग्रँदै गएको आर्थिक अवस्था (१७.७%) र काम पाउन कठिनाईलाई देशले हाल भोगिरहेका मुख्य समस्या मानेका छन् ।

अघिल्ला दुई सर्वेक्षणहरु सन् २०१७ र सन् २०१८ मा धेरैजसो उत्तरदाताहरूले भ्रष्टाचारलाई समस्याको रूपमा उद्धृत गरेका छैनन् । यद्यपि, सन् २०१८ मा भ्रष्टाचारलाई समस्याको रूपमा उद्धृत गर्ने ११.५% उत्तरदाताहरु बाट बढेर सन् २०२० मा यो हिस्सा ५१.५% पुगेको थियो । सन् २०२० मा उच्च रहेको उत्तरदाताहरूको यो हिस्सामा सन् २०२२ मा गिरावटआई ४३.९% पुगेका देखिएको छ । त्यसैगरी, सन् २०२२ मा जिविकोपार्जन गर्न र काम पाउन गाह्रो भएको उल्लेख गरेका उत्तरदाताहरूको हिस्सा पनि सन् २०२० को तुलनामा ७% अंकले घटेको छ । अत्यावश्यक वस्तुको मूल्य बृद्धीलाई समस्याको रूपमा उद्धृत गर्ने उत्तरदाताहरूको संख्या सन् २०१८, सन् २०२० र सन् २०२२ मा लगभग स्थिर रहेको छ ।

---

१ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरु आशावादीका दुई कारणहरु उद्धृत गर्न सीमित थिए तर सन् २०२० र सन् २०२२ मा धेरै प्रतिक्रियाहरु दिने अनुमति थियो। चार बर्षमा उत्तरदाताहरूको आशावादिता तुलना गर्न सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु विचार र विश्लेषण गरिएको छ।




*चित्र २.३.१: Q-B3. तपाईलाई अहिले देशले भोगिरहेको प्रमुख समस्याहरू के के हुन् जस्तो लाग्छ ? (संख्या = १०१०)*[२]


## २.४. स्थानीय क्षेत्रको अवस्था

कोशी प्रदेशका उत्तरदाताहरूलाई उनीहरूको स्थानीय क्षेत्रको अवस्था सुध्रिएको छ वा बिग्रँदै गइरहेको छ भनेर सोधिएको थियो । तीन-चौथाईभन्दा बढी (७८.८%) उत्तरदाताहरूले स्थानीय क्षेत्रको अवस्थामा सुधार भइरहेको बताएका थिए भने (१९.७%) उत्तरदाताहरूले बिग्रँदै गइरहेको बताएका छन् ।

विगत तीन बर्षका सर्वेक्षणहरूमा स्थानीय क्षेत्रको अवस्था सुध्रिएको छ भनि उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात लगातार बढ्दै गएको थियो । उत्तरदाताहरूको यो अनुपात सन् २०१७ मा रहेको ६९.७%, बाट बृद्धी भइ सन् २०१८ मा ७१.२% र सन् २०२० मा ७९.५% पुगेको थियो तर, सन् २०२२ मा भने थोरै ०.७% अंकले घटेको छ । यसले कोशी प्रदेशका जनता स्थानीय क्षेत्रको अवस्था प्रति समग्रमा सन्तुष्ट रहेको सङ्केत गर्छ ।

---

२ सन् २०१७ र सन् २०१८ मा, उत्तरदाताहरु देशले सामना गरिरहेको शीर्ष दुई प्रमुख समस्याहरु उद्धृत गर्न सीमित थिए जबकि सन् २०२० र सन् २०२२ मा धेरै प्रतिक्रियाहरु दिने अनुमति थियो। चार फरक सर्वेक्षणमा देशले सामना गरिरहेको प्रमुख समस्याहरूका प्रतिक्रियाहरूलाई उचित रूपमा तुलना गर्न सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु विचार र विश्लेषण गरिएको छ ।





*चित्र २.४.१: Q-B4a. समग्रमा, यहाँको स्थानीय ठाउँको (गाउँपालिका/नगरपालिका) अवस्था कस्तो लाग्छ? [सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक, भौतिक पूर्वाधारको आधारमा] (संख्या = १०१०)*

शहरी नगरपालिकाका (७७%) उत्तरदाताहरूले भन्दा गाउँपालिकाका बढी (८२.६%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रको अवस्थाको बारेमा सकारात्मक मूल्याङ्कन गरेका छन् । त्यस्तै, हिमाली क्षेत्र (७२.३%) र तराई क्षेत्र (७६.५%) उत्तरदाताहरूको तुलनामा पहाडी क्षेत्रका बढी (८३.८%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रको अवस्था सुध्रिरहेको छ भन्ने विश्वास गरेका छन् ।

## २.५ स्थानीय क्षेत्रको अवस्थामा सुधारका कारणहरू

कोशी प्रदेशका बासिन्दाहरूले स्थानीय क्षेत्रको अवस्था प्रति आशावादी हुनु र देशको समग्र अवस्था प्रति आशावादी हुनुमा उल्लेख गरेका कारणहरु लगभग उस्तै उस्तै रहेको छ । सन् २०२२ मा आफ्नो स्थानीय क्षेत्रको समग्र अवस्था सुधार भइरहेको विश्वास गर्ने ७८.८% उत्तरदाताहरूमध्ये लगभग आधा (४९%) ले बाटो-घाटोको सुधारिएको अवस्थालाई मुख्य कारणको रूपमा उद्धृत गरेका छन्, त्यसपछि शिक्षामा पहुँच बढनु (१६.५%) र स्थानीय स्तरमा शान्ति कायम रहनु (१६.१%) रहेका छन् । कोशी प्रदेशका बासिन्दाहरूले, खानेपानी सुविधामा सुधार हुनु (१३.८%), विद्युत् आपूर्तिमा सुधार हुनु (१२.१%) र स्वास्थ्य सेवामा पहुँच बढनु (११.१%) लाई पनि आफ्नो स्थानीय क्षेत्रको अवस्था सुधारका अन्य कारण हुन् भनी उल्लेख गरेका छन् ।

विगतका केही बर्षमा अधिकांश मानिसहरूले बाटो-घाटोको सुधारिएको अवस्थालाई आफ्ना स्थानीय क्षेत्रको अवस्थामा सुधार भइरहेको विश्वास गर्ने प्रमुख कारणको रूपमा उल्लेख गरेता पनि उत्तरदाताहरूको यो हिस्सा भने घट्दो क्रममा रहेको छ । बहुसंख्यक (६५%) उत्तरदाताहरूले सन् २०१८ मा आफ्नो स्थानीय क्षेत्र सुधारको सबैभन्दा महत्त्वपूर्ण कारण बाटो-घाटो को सुधारिएको अवस्थालाई मानेका थिए, भने सन् २०२० मा उक्त हिस्सा घटेर ५४% मा रहयो । सन् २०२२ मा उत्तरदाताहरूको यो हिस्सा घटेर ४९% मा झरेको छ । शिक्षामा पहुँच बढनु लाई आफ्नो स्थानीय क्षेत्रहरूमा सुधार भइरहेको मान्ने उत्तरदाताहरूको अंशमा स्थिर वृद्धि देख्न सकिन्छ । अघिल्लो सर्वेक्षण बर्षहरूको तुलनामा सन् २०२२ मा लगभग १६.१% बासिन्दाले स्थानीय स्तरमा शान्ति कायम हुनाले आफुहरूलाई स्थानीय क्षेत्रको अवस्था प्रति आशावादी बनाएको उल्लेख गरेका छन् ।




*चित्र २.५.१: Q-B5. यदि Q-B4a. मा "सुध्रिरहेको छ" भन्ने जवाफ आएमा समग्रमा गएको एक बर्ष र अहिलेको अवस्थालाई तुलना गर्दा तपाई बसेको स्थानीय (गाउँपालिका/नगरपालिका) ठाउँमा के के कुराहरूमा सुधार भएको जस्तो लाग्छ ? (संख्या = ७९६)[३]*


## २.६ स्थानीय क्षेत्रका समस्या तथा चुनौतीहरू

कोशी प्रदेशका उत्तरदाताहरूले अत्यावश्यक वस्तुहरूको मूल्य वृद्धि, रोजगारी पाउन कठिनाई, सडक र पदयात्राको जीर्ण अवस्था, भ्रष्टाचार, उच्च स्थानीय कर, खानेपानी सुविधाको अपर्याप्ता आदि स्थानीय स्तरका मुख्य समस्या भएको बताएका छन् । दशमध्ये झण्डै तीन जना (२९.८%) ले आधारभूत वस्तुहरूको मूल्य उच्च रहेको बताएका थिए । त्यसैगरी, २०.९% उत्तरदाताहरूले रोजगारी पाउन कठिनाई भएको र १९.१% ले सडक तथा पदमार्गको बिग्रिएको अवस्था उल्लेख गरेका छन् ।

विगतका बर्षहरूमा कोशी प्रदेशमा, सडक र पदयात्राको जीर्ण अवस्थालाई समस्याको रूपमा उल्लेख गर्नेहरूको अनुपातमा तीव्र गिरावट आएको देख्न सकिन्छ (सन् २०१७ मा रहेको ४९.५% बाट सन् २०२२ मा १९.१%) । यसको विपरीत, आधारभूत वस्तुको मूल्यवृद्धि र बढ्दो भ्रष्टाचारलाई समस्याका रूपमा लिने उत्तरदाताहरूको हिस्सा निरन्तर बढिरहेको देख्न सकिन्छ ।

---

३ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरु देशले सामना गरिरहेको शीर्ष दुई प्रमुख समस्याहरु उद्धृत गर्न सीमित थिए तर सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई धेरै प्रतिक्रियाहरु दिने अनुमति थियो। चार फरक सर्वेक्षणमा देशले सामना गरिरहेको प्रमुख समस्याहरूका प्रतिक्रियालाई उचित रूपमा तुलना गर्न सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु विचार र विश्लेषण गरिन्छ ।




*चित्र २.६.१: Q-B6. तपाईको विचारमा यहाँका स्थानीय स्तरका प्रमुख समस्याहरू के के हुन् ? (संख्या = १०१०)*[४]

## २.७ घरपरिवारको अवस्था

अघिल्ला तीन बर्ष जस्तै सन् २०२२ को सर्वेक्षणमा पनि सम्पूर्ण उत्तरदाताहरूसँग उनीहरूको घरपरिवारको अवस्थाका विभिन्न पक्षहरु सुध्रिएको छ कि, उस्तै छ कि वा बिग्रिएको छ भनी सोधिएको थियो । जस अन्तरगत आर्थिक अवस्था, वासस्थानको भौतिक अवस्था, शारीरिक तथा स्वास्थ्य अवस्था, समुदायका अन्य मानिसहरूसंगको सम्बन्ध, सरकार र अधिकारीहरूसँगको सम्बन्ध, बिजुलीमा उनीहरूको पहुँच र खानेपानी आपूर्तिमा पहुँच लगायत नौ वटा शीर्षकमा प्रश्नहरू समावेश गरिएको थियो । उत्तरदाताहरूलाई नौ वटा शीर्षकमा आफ्नो राय दिदा एक देखि तीनको स्केलमा एक बर्षको अवधिलाई सम्फेर दिनुहोला भनी भनीएको थियो जसमध्ये १ ले "सुध्रिएको", २ ले "उस्तै रहेको" र ३ ले "अघिल्लो बर्ष भन्दा बिग्रिएको" भन्ने जनाउँद थियो ।

अघिल्ला तीन सर्वेक्षण बर्षहरूमा कोशी प्रदेशका बासिन्दाहरूका प्रतिक्रियाको तुलनामा, सन् २०२२ मा सोधिएका सबै प्रश्नहरूमा घरपरिवारका अवस्था 'उस्तै छन्' भनी उल्लेख गर्ने उत्तरदाताहरूको अंश उल्लेखनीय रूपमा घटेको छ । सन् २०२० को तुलनामा सन् २०२२ मा उत्तरदाताहरूको सानो अंशले मात्रै उनीहरूको घरपरिवारको अवस्थाका सुधार भएको उल्लेख गरेका छन् । त्यसैगरी, सन् २०२२ मा सोधिएका प्रायजसो प्रश्नहरूमा आफूहरूका लागि घरपरिवारको अवस्था भन् खराब भएको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपातमा वृद्धि भएको छ ।

४ सन् २०१७ र २०१८ मा, उत्तरदाताहरु देशले सामना गरिरहेको शीर्ष दुई प्रमुख समस्याहरु उद्धृत गर्न सीमित थिए जबकि सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूलाई धेरै प्रतिक्रियाहरु दिन अनुमति दिइएको थियो। चार फरक सर्वेक्षणमा देशले सामना गरिरहेको प्रमुख समस्याहरूका प्रतिक्रियाह( रूलाई उचित रूपमा तुलना गर्न सन् २०२० र सन् २०२२ मा उत्तरदाताहरूको पहिलो दुई प्रतिक्रियाहरु विचार र विश्लेषण गरिएको छ ।

सन् २०२० यता आफ्ना परिवारका सदस्यहरूको स्वास्थ्य अवस्था नाजुक हुँदै गएको बताउने उत्तरदाताहरूको अंश बढेको छ (सन् २०२० मा रहेको १०.६% बाट झण्डै दोब्बरले बढेर सन् २०२२ मा २०.१% मा पुगेको छ) । त्यसैगरी, आफ्नो आर्थिक अवस्था र घरपरिवारको भौतिक अवस्था दुवै नाजुक भएको उल्लेख गर्ने उत्तरदाताहरूको अंशमा पनि उल्लेख्य वृद्धि भएको देखिन्छ (तालिका २.७.१) ।

### घरपरिवारको अवस्था, बर्ष अनुसार

| | वर्ष | सुध्रिएको छ | उस्तै छ | बिग्रिएको छ |
|---|---|---|---|---|
| घरको आर्थिक अवस्था | सन् २०१७ | ३०.६% | ६०.३% | ९.१% |
| | सन् २०१८ | २५.०% | ६३.४% | ११.६% |
| | सन् २०२० | २८.७% | ६४.३% | ७.०% |
| | सन् २०२२ | २९.४% | ५५.९% | १४.६% |
| घर/वासस्थानको भौतिक अवस्था | सन् २०१७ | १५.०% | ८२.१% | ३.०% |
| | सन् २०१८ | १३.२% | ८३.६% | ३.२% |
| | सन् २०२० | २०.९% | ७५.४% | ३.७% |
| | सन् २०२२ | २५.०% | ६६.८% | ८.२% |
| घरका सदस्यहरूको स्वास्थ्यको अवस्था | सन् २०१७ | १५.९% | ७०.३% | १३.८% |
| | सन् २०१८ | १०.९% | ७७.७% | ११.४% |
| | सन् २०२० | १७.३% | ७२.०% | १०.६% |
| | सन् २०२२ | २०.०% | ५९.८% | २०.१% |
| समुदायका अन्य सदस्यहरू संगको सम्बन्ध | सन् २०१७ | २६.२% | ७२.८% | ०.९% |
| | सन् २०१८ | १९.०% | ७९.८% | १.२% |
| | सन् २०२० | २५.६% | ७३.१% | १.३% |
| | सन् २०२२ | २६.०% | ६९.२% | ४.८% |
| स्थानीय सरकार र सरोकारवाला संगको सम्बन्ध | सन् २०१७ | २२.०% | ७५.९% | १.८% |
| | सन् २०१८ | १२.९% | ८४.६% | २.४% |
| | सन् २०२० | २०.३% | ७८.२% | १.५% |
| | सन् २०२२ | २१.३% | ७३.५% | ५.२% |
| बीद्धुतको पहुँच | सन् २०१७ | २८.३% | ५६.७% | १५.०% |
| | सन् २०१८ | २०.८% | ७३.९% | ५.३% |
| | सन् २०२० | २९.७% | ६७.३% | ३.१% |
| | सन् २०२२ | ३३.१% | ६०.०% | ७.०% |
| खानेपानीको पहुँच | सन् २०१७ | १४.५% | ६९.१% | १६.४% |
| | सन् २०१८ | १७.६% | ७६.८% | ५.५% |
| | सन् २०२० | २१.६% | ७३.८% | ४.६% |
| | सन् २०२२ | ३०.२% | ६०.२% | ९.६% |
| बजारहरूमा पहुँच | सन् २०२२ | २७.४% | ६३.०% | ९.५% |
| सार्वजनिक यातायातमा पहुँच | सन् २०२२ | ३१.३% | ६०.१% | ८.५% |

*तालिका २.७.१: Q-B7. गएको एक बर्ष र अहिलेको अवस्थालाई तुलना गर्दा अहिले निम्नको सन्दर्भमा तपाईंको घरपरिवारको अवस्था कस्तो छ, सुध्रिएको छ, उस्तै छ वा बिग्रिएको छ? (संख्या = १०१०)*

## २.८. घरपरिवारको अनुभवहरू

सर्वेक्षणमा उत्तरदाताहरूलाई गएको एक बर्षमा पैसा नभएको कारण खान नपाएको वा औषधी उपचार गर्न नपाएको अथवा बालबालिकालाई विद्यालय पठाउन नपाएको अवस्था भोग्नुपर्यो भनी सोध्दा बहुसंख्यक उत्तरदाताहरूले यस्तो अवस्था भोग्नु नपरेको बताए । तर, सन् २०२२ मा विगतका बर्षहरूको तुलनामा, गएको एक बर्षमा पैसा नभएको कारण 'कहिलेकाहीँ' स्वास्थ्य उपचार गर्न नपाएको (१६.७%), बालबालिकालाई विद्यालय नपठाएको (१३%) र खाना छोडेको (११.४%) उल्लेख्य गर्ने उत्तरदाताहरूको अंशमा वृद्धि भएको छ ।

| | वर्ष | सधैं | अक्सर | कहिले काहीँ | कहिल्यै |
|---|---|---|---|---|---|
| पैसा नभएको कारण खाना किन्न नपाएर खाना नखाएको | सन् २०१८ | ०.३% | ०.७% | ९.१% | ९०.०% |
| | सन् २०२० | ०.०% | ०.०% | ४.४% | ९५.६% |
| | सन् २०२२ | ०.०% | ०.०% | ११.४% | ८८.६% |
| पैसा नभएको कारण औषधी उपचार गर्न नपाएको | सन् २०१८ | ०.३% | ३.०% | १७.१% | ७९.६% |
| | सन् २०२० | ०.०% | १.०% | ११.२% | ८७.८% |
| | सन् २०२२ | ०.२% | १.६% | १६.७% | ८१.४% |
| पैसा नभएको कारण बालबालिकालाई विद्यालय पठाउन नपाएको | सन् २०१८ | ०.०% | ०.६% | १०.२% | ८९.२% |
| | सन् २०२० | ०.०% | ०.२% | ७.१% | ९२.७% |
| | सन् २०२२ | ०.३% | १.७% | १३.०% | ८५.०% |

*तालिका २.८.१: Q-B8. गत १२ महिनामा तपाई वा तपाईंको घरपरिवारले पैसा नभएको कारणले तल उल्लेखित समस्याहरू कतिको सामना गर्नु पर्‍यो ? (संख्या = १०१०)*

# ३. व्यक्तिगत सुरक्षा र विवाद समाधान

## ३.१. हिंसा, अपराध र न्यायसम्बन्धी घरपरिवारका अनुभवहरू

विभिन्न किसिमका हिंसा तथा अपराधका गतिविधिहरू प्रतिको अनुभवलाई बुझ्न सर्वेक्षणको पहिलो चरण देखि नै उत्तरदाताहरूलाई यस विषयवस्तुसंग सम्बन्धित केही प्रश्नहरू सोधिएको थियो । कोशी प्रदेशमा विगत एक बर्षमा उत्तरदाता स्वयम वा उनको परिवारका कुनै सदस्यहरूले विभिन्न किसिमका हिंसा वा आपराधिक क्रियाकलापबाट पीडित भए वा भएनन् भनी जान्नका लागि विभिन्न १७ वटा हिंसा र अपराधका सम्बन्धित शीर्षकहरू पढेर सुनाई उत्तरदाता वा उनको परिवारका कुनै सदस्यले विगत एक बर्षमा के अनुभव गर्नुभयो भनेर सोधियो ।

कोशी प्रदेशका अधिकांश उत्तरदाताहरूले विगत एक वर्षमा कुनै प्रकारको हिंसा वा आपराधिक गतिविधिको अनुभव वा सामना नगरेको बताएका छन् । यद्यपि, सन् २०२२ मा उत्तरदाताहरूको सानो हिस्साले भने विगत एक बर्षमा विभिन्न प्रकारका हिंसा वा आपराधिक गतिविधिबाट पीडित भएको बताएका छन् । उदाहरणका लागि, ३.८% उत्तरदाताहरू वा उनीहरूको परिवारका कुनै सदस्यहरूले चोरीको अनुभव गरेको, ३.३% ले आर्थिक लेनदेन/ऋणमा ठगी भएको र ०.९% ले जबर्जस्ती रकम असुलेको जस्ता हिंसा वा आपराधिक गतिविधिबाट पीडित भएको उल्लेख गरेका छन् । थप, १% भन्दा कम उत्तरदाताहरूले आफूहरु शारीरिक आक्रमण र कुटपिटको शिकार भएको, हतियारले आक्रमण, यौन हिंसा र लैङ्गिक हिंसा भएको उल्लेख गरेका छन् ।  अघिल्ला तीन सर्वेक्षण बर्षहरूमा आफु वा आफ्नो परिवारको कोही व्यक्ति हिंसा र अपराधको शिकार भएको बताउने उत्तरदाताहरूको अंश घट्दै गएको थियो ; यद्यपि, सन् २०२२ मा भने उक्त अंशमा थोरै वृद्धि भएको देख्न सकिन्छ (तालिका ३.१.१) ।

#### विगतका बर्षहरूमा अनुभव गरिएका हिंसा तथा अपराधका घटनाहरू

| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| चोरी | ४.८% | ६.२% | २.०% | ३.८% |
| कुटपिट/शारिरिक दुर्व्यवहार | ०.८% | ०.८% | ०.६% | ०.८% |
| हात हतियारबाट प्रहार | ०.२% | ०.४% | ०.१% | ०.५% |
| लेनदेनमा ठगिनु | | | २.५% | ३.३% |
| डकैती, लुट | ०.६% | ०.१% | ०.०% | ०.४% |
| चन्दा आतंक | ०.४% | ६.२% | ०.३% | ०.९% |

| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|
| सवारी साधन वा पार्टपुर्जा वा सवारीबाट समानको चोरी | १.५% | १.१% | ०.४% | ०.६% |
| गाई-बस्तु चोरी | ०.७% | ०.६% | १.५% | ०.६% |
| राजनैतिक सभा सम्मेलन-याली, बन्द, हडतालमा कुनै किसिमको हिंसाको शिकार हुनुपरेको | ०.८% | ०.४% | ०.१% | ०.०% |
| अपहरण | ०.१% | ०.०% | ०.०% | ०.०% |
| हत्या वा हत्याको प्रयास | ०.१% | ०.३% | ०.०% | ०.१% |
| यौनजन्य दुर्व्यवहार | ०.१% | ०.१% | ०.३% | ०.४% |
| मानव बेचबिखन | | ०.०% | ०.०% | ०.०% |
| लैगिक हिंसा (घरेलु हिंसा, कुरिती जस्तै बोक्सीको आरोप, छाउपढि, दाइजो) | | ०.२% | ०.५% | ०.३% |
| बैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको शारीरिक शोषण | | ०.३% | ०.३% | ०.१% |
| बैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको यौनजन्य शोषण | | ०.३% | ०.०% | ०.०% |
| बैदेशिक रोजगारीको सिलसिलामा व्यहोरेको आर्थिक शोषण | | ५.७% | २.०% | ०.८% |

*तालिका ३.१.१: Q-C3A–R. गएको बर्षमा तपाई वा तपाईका परिवारका कोही सदस्यहरू तालिकामा उल्लेखित कुनै किसिमका अपराध वा हिंसाबाट पीडित हुनुपरेको थियो? (संख्या = १०१०)*


## ३.२ न्याय र विवाद समाधानका संयन्त्रहरू

सर्वेक्षणमा उत्तरदाताहरूलाई विभिन्न किसिमका विवादहरू जस्तैः जग्गा सम्बन्धी, लेनदेन/ऋण सम्बन्धी, घरेलु हिंसा सम्बन्धी, हिंसा वा कुनै अपराधबाट पिडित हुँदा, मानहानी/झुटो आरोप[५] अनुभव गर्दा त्यसको समाधानका लागि विवाद समाधान संयन्त्रमा सम्पर्क गरेका छन् कि छैनन् भनी पनि सोधिएको थियो । यस प्रश्नको उत्तरमा सन् २०२२ मा कोशी प्रदेशका करिब आधाजसो उत्तरदाताहरूले प्रश्नावलीमा उल्लेख गरिए अनुसारका कुनै पनि प्रकारका विवादहरु सामना नगरेकोले उनीहरूमा यो प्रश्न लागु नहुने बताए साथै विवाद/हिंसा अनुभव गरेता पनि उनीहरूले विवाद समाधान गर्न कुनै पनि संयन्त्रमा सम्पर्क नगरेको वा सहयोग नलिएको पनि बताएका छन् । सन् २०२२ मा उत्तरदाताहरूको सानो हिस्साले मात्रै विवाद वा द्वन्द्व समाधान गर्न संस्था, अधिकारी वा व्यक्तिबाट सहयोग लिएको बताएका छन् । (चित्र ३.२.१)

घरेलु हिंसा, मानहानी/झूटो आरोप वा विवादको तुलनामा कोशी प्रदेशका केहि बढी उत्तरदाताहरूले जग्गा सम्बन्धी विवाद समाधानका लागि सहयोग खोज्न गएको बताएका छन् । सन् २०२२ मा ४.८% उत्तरदाताहरूले जग्गा सम्बन्धी विवाद समाधानको लागि सहयोग खोजेको बताएका छन् । सन् २०२० मा जग्गा सम्बन्धी विवाद समाधानका लागि सहयोग खोज्ने उत्तरदाताहरूको हिस्सा १.९% थियो । त्यस्तै २.१% उत्तरदाताहरूले उधारो/ऋण सम्बन्धी विवाद समाधानको लागि समाधान संयन्त्रमा सहयोग मागेको बताएका छन् । लगभग १% उत्तरदाताहरूले भने घरेलु हिंसा, मानहानी/झूटो आरोप वा अन्य प्रकारको हिंसा र अपराध सम्बन्धी विवाद समाधानका लागि समाधान संयन्त्रमा सहयोग खोज्न गएको बताएका छन् ।

दुई सर्वेक्षण बर्ष (२०२० र २०२२) को तथ्याङ्क हेर्दा, प्रश्नावलीमा उल्लेख गरिएका कुनै पनि प्रकारका विवादहरु सामना नगरेकोले उनीहरूमा यो प्रश्न लागु नहुने भनि प्रतिक्रिया दिने उत्तरदाताहरूको अंशमा गिरावट आएको देखिएको छ । सन् २०२० मा, कोशी प्रदेशका ६०.९% उत्तरदाताहरूले जग्गा विवाद सम्बन्धी प्रश्नमा 'लागू नहुने' जवाफ दिएका थिए, भने सन् २०२२ मा आधाभन्दा कम ४७.५% उत्तरदाताहरूले मात्र जग्गा विवाद सम्बन्धी प्रश्नमा 'लागू नहुने' बताएका छन् । सन् २०२२ मा विवादहरूसँग सम्बन्धित बाँकी सबै प्रश्नहरूमा पनि आफुहरूमा विवाद सम्बन्धी प्रश्न 'लागू नहुने' भनि जवाफ दिने उत्तरदाताहरूको अंशमा गिरावट आएको देखिन्छ ।

५ मानहानी/झूटो आरोपसम्बन्धी प्रश्न सन् २०२२ को सर्वेक्षणमा मात्र प्रस्तुत गरिएको थियो ।





*चित्र ३.२.१: Q-C8A-E. विगत एक वर्षमा तपाई वा तपाईको परिवारका सदस्यहरु निम्नलिखित विवाद वा झै-झगडा समाधानका लागि कुनै संस्था, अधिकारी वा व्यक्तिसँग विवाद समाधानका लागि मद्दत लिन जानुभएको छ? (संख्या = १०१०)*

विभिन्न प्रकारको विवाद समाधानको लागि सहयोग मागेको प्रतिक्रिया दिने उत्तरदाताहरूलाई उनीहरूले विवाद समाधान गर्नका लागि कुन प्रकारका संस्था, अधिकारी वा कुन व्यक्तिहरूलाई सम्पर्क गर्नुभयो भनेर पनि सोधिएको थियो । जवाफमा, जग्गा सम्बन्धी विवाद समाधानको लागि उत्तरदाताहरूले प्रायः वडाध्यक्ष/सदस्यलाई (३६.९%), मेयर/ गाउँपालिका अध्यक्षलाई (२८.४%), र प्रहरीलाई (१४. ८%) सम्पर्क गरेको बताएका छन् । उधारो वा ऋण सम्बन्धी विवादको लागि गाउँ वा नगरपालिका कार्यालयका निजामती कर्मचारीहरूलाई (३४.९%), प्रहरीलाई (३२.६%); घरेलु हिंसाको लागि प्रायः वडाध्यक्ष/सदस्यलाई (५९.७%) र मानहानी/झूटो आरोपमा विवाद समाधानको लागि प्रहरीमा (५१.९%) पुग्ने गरेको उत्तरदाताहरूले बताएका छन् । सन् २०२० को तुलनामा सन् २०२२ मा धेरै उत्तरदाताहरूले विभिन्न प्रकारका संस्थाहरु, अधिकारीहरु र मानिसहरूलाई विवाद समाधान गर्नका लागि सम्पर्क गरेको देखिन्छ ।

### विवाद समाधान प्रक्रियाको नतिजा

विवाद समाधान गर्नका लागि विभिन्न संस्था, अधिकारी वा व्यक्तिहरूलाई सम्पर्क गरी सहयोग मागेको उल्लेख गर्ने उत्तरदाताहरूलाई उनीहरूले उक्त्त निकाय बाट न्याय पाए कि पाएनन् भनेर सोध्दा जग्गा सम्बन्धी विवाद समाधान का लागि विभिन्न संयन्त्रमा पुगेका ४.८% उत्तरदाताहरूमध्ये ६६.६% ले न्याय पाएको, १२.८% ले प्रक्रियामा रहेको र २०.६% ले न्याय नपाएको बताएका छन् । त्यसैगरी, ऋण सम्बन्धी विवाद समाधान संयन्त्रमा पुगेका उत्तरदाताहरूमध्ये आधा भन्दा बढी (६०.९%) ले न्याय पाएको बताएका छन् भने (३९.१%) ले नपाएको भनेका छन् ।

चित्र ३.२.२. मा सन् २०२२ मा घरेलु हिंसा सम्बन्धी विवादमा ८२.६% ले न्याय पाएको देखाउँछ तथापि, यो नगण्य (०.९%) उत्तरदाताहरु जसले घरेलु हिंसा सम्बन्धी विवादहरूको लागि विभिन्न संस्था, अधिकारी वा व्यक्तिहरूलाई सम्पर्क गरी सहयोग मागेको उल्लेख गरेका थिए । तलका अन्य सबै प्रतिक्रियाहरु पनि उस्तै रहेका छन् । समग्रमा, नगण्य अंशले मात्र विवाद समाधान गर्नका लागि विभिन्न संस्था, अधिकारी वा व्यक्तिहरूलाई सम्पर्क गरी मद्दत खोज्छन् र उक्त्त निकाय बाट मद्दत वा न्याय प्राप्त गर्छन् ।




*चित्र ३.२२: Q-C8a2-e2. [यदि Q-C8a-d.1 "छ" भनेमा] समग्रमा उक्त निकायबाट न्याय पाउनु भयो कि भएन ?*

# ४. पहिचान

## ४.१ मातृभाषा

सन् २०२२ को सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई उनीहरूको मातृभाषाको बारेमा सोधिएको थियो । समग्रमा आधाभन्दा बढी (५१.७%) उत्तरदाताहरूले नेपाली बाहेक अरू भाषालाई आफ्नो मातृभाषा भएको बताएका छन्[६] । कोशी प्रदेशका करीब पाँचमध्ये तीनजना अर्थात् (६०.८%) उत्तरदाताहरूले नेपाली भाषालाई आफ्नो मातृभाषा भएको र बाँकी (३९.२%) ले आफ्नो मातृभाषा नेपालीभन्दा फरक रहेको बताएका छन् ।

कोशी प्रदेशको तराई क्षेत्रका करीब (५६.३%) उत्तरदाताहरूले आफ्नो मातृभाषा नेपाली भएको बताए भने यो अनुपात हिमाली क्षेत्रमा ६१.७% र पहाडी क्षेत्रमा ६७.७% देखिएको छ । कोशी प्रदेशमा सबैभन्दा बढी (६०.८%) उत्तरदाताहरूले नेपाली भाषा त्यसपछि क्रमशः मैथिली (८.७%), राई (६.७%) र लिम्बु र थारू (४.९%) भाषालाई आफ्नो मातृभाषा भएको बताएका छन् ।

### भौगोलिक क्षेत्र अनुसार मातृभाषा

| | | समग्र | पारिस्थितिक क्षेत्र | | |
|---|---|---|---|---|---|
| | | | हिमाली | पहाड | तराई |
| देश भरि | नेपाली | ४८.३% | ६९.६% | ६६.९% | २९.४% |
| | नेपाली बाहेक अरू | ५१.७% | ३०.४% | ३३.१% | ७०.६% |
| कोशी प्रदेश | नेपाली | ६०.८% | ६१.७% | ६७.७% | ५६.३% |
| | नेपाली बाहेक अरू | ३९.२% | ३८.३% | ३२.३% | ४३.७% |

*तालिका ४.१.१. Q-D1. तपाईंको मातृभाषा के हो ? (संख्या = १०१०)*

६ सन् २०११ को जनगणना अनुसार, नेपाली कुल जनसंख्याको ४४.६% ले मातृभाषाको रूपमा बोल्ने गरेको छ । तर, २०२१ को जनगणनाको प्रारम्भिक नतिजामा मातृभाषाको सन्दर्भमा पछिल्लो जनगणनाको तथ्याङ्क उपलब्ध छैन ।

## ४.२ नेपालीबाहेक अन्य भाषा मातृभाषा हुँदाका असुविधाहरू

यस सर्वेक्षणको क्रममा आफ्नो मातृभाषा नेपाली होइन भनेर बताउने कोशी प्रदेशको ३९.२% उत्तरदाताहरूलाई आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा, प्रहरीमा उजुरी गर्न जाँदा, सरकारी कार्यालयमा कुनै सेवा लिन जाँदा, स्वास्थ्य चौकी वा अस्पतालमा उपचार गर्न जाँदा, विद्यालय वा विश्वविद्यालयमा पढ्दा र सार्वजनिक कार्यक्रममा भाग लिँदा के-कस्ता असुविधा भोग्नु परेको छ भनी सोधिएको थियो ।

कोशी प्रदेशका, अधिकांश उत्तरदाताहरूले आफ्नो मातृभाषा नेपाली नभएको कारणले आफूहरूले कुनै पनि प्रकारको असुविधा वा अप्ठ्यारो महसुस गर्नु नपरेको उल्लेख गरेका छन् भने १.३% देखि ८.३% उत्तरदाताहरूले असुविधाजनक अवस्था महसुस गरेको बताएका छन् । जसमध्ये काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा सबैभन्दा बढी (८.३%) ले र प्रहरी चौकीमा उजुरी गर्न जाँदा सबैभन्दा कम (१.३%) उत्तरदाताहरूले आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा असुविधा अनुभव गरेको बताएका छन् ।

चारै बर्षका सर्वेक्षणका तथ्यांकलाई हेर्दा, आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा असुविधा महसुस गर्नेहरूको अनुपात उल्लेख्य रूपमा घटेको पाइएको छ । उदाहरणका लागि, सन् २०१७ मा उत्तरदाताहरूको एक-चौथाइ भन्दा कम हिस्सा (२२.७%) ले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा आफूलाई अप्ठ्यारो महसुस भएको बताएको थिए, जुन हिस्सा सन् २०२२ मा ८.३% मा झरेको छ । त्यस्तै, प्रहरी चौकीमा समस्या उजुरी गर्न जाँदा असुविधा महसुस गर्नेहरूको अनुपात सन् २०१७ मा २१.६% रहेकोमा, सन् २०२२ मा उक्त अनुपात घटेर १.३% मा सीमित भएको छ । कोशी प्रदेशमा, सरकारी कार्यालयमा सार्वजनिक सेवाहरु प्राप्त गर्दा (७.१%), स्वास्थ्य चौकी वा अस्पतालमा उपचार गर्न जाँदा (४.५%) र विद्यालय वा विश्वविद्यालयमा शिक्षा प्राप्त गर्दा (४.७%) उत्तरदाताहरूले आफ्नो मातृभाषाको सट्टा नेपाली भाषा बोल्नु पर्दा असुविधा महसुस गरेको पाइएको छ ।

सर्वेक्षणमा उल्लेख गरिएका परिदृश्यमा, मैथिली र थारू भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्ने उत्तरदाताहरूले विशेषगरी, काममा मानिसहरूसंग अन्तरक्रिया गर्दा (क्रमशः १६.५% र १६.७%), सार्वजनिक सेवाहरु प्राप्त गर्दा (क्रमशः १४.६% र १२.७%) र स्वास्थ्य सेवाहरूमा पहुँच गर्दा (क्रमशः ६.७% र ११.९%) ले असुविधा महसुस गरेको बताएका छन् (तालिका ४.२.१.) । आफ्नो मातृभाषा राजवंशी भनेर बताउनेहरूमध्ये (८.७%) ले सार्वजनिक सेवा लिन सरकारी कार्यालयमा जाँदा मातृभाषाका कारण असुविधा महसुस भएको बताए । त्यस्तै, राई भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने ११.४% ले सार्वजनिक कार्यक्रममा उपस्थित हुँदा असुविधा अनुभव गरेको बताएका छन् ।

### नेपालीबाहेक अन्य भाषा मातृभाषा भएको कारण असुविधाको महसुस, बर्ष अनुसार

| | असुविधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा | असुविधा | २२.७% | ७.१% | ७.३% | ८.३% |
| | सुविधा | ७७.३% | ९२.९% | ९२.७% | ९१.७% |
| आफुलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा | असुविधा | २१.६% | ३.५% | ३.७% | १.३% |
| | सुविधा | ७८.४% | ९६.५% | ९६.३% | ९८.७% |
| सरकारी कार्यालयमा सेवा प्राप्त गर्न जाँदा | असुविधा | २०.८% | ६.७% | ५.५% | ७.१% |
| | सुविधा | ७९.२% | ९३.३% | ९४.५% | ९२.९% |
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न जाँदा | असुविधा | १८.९% | ४.५% | ४.५% | ४.५% |
| | सुविधा | ८१.१% | ९५.५% | ९५.५% | ९५.५% |
| विद्यालय वा विश्वविद्यालय विश्वविद्यालयमा अध्ययन गर्न | असुविधा | १६.२% | ३.८% | ३.४% | ४.७% |
| | सुविधा | ८३.८% | ९६.२% | ९६.६% | ९५.३% |
| सार्वजनिक कार्यक्रममा उपस्थित हुँदा | असुविधा | - | - | - | ५.२% |
| | सुविधा | - | - | - | ९४.८% |

*तालिका ४.२.१. D2a-e [यदि Q-D1 मा मातृभाषा "नेपाली होइन" भन्ने आएमा] तलका बिभिन्न अवस्थामा तपाईको आफ्नो मातृभाषाको साट्टो नेपाली भाषा बोल्नुपर्दा असुविधा महसुस भएको छ? (संख्या = ३९६)*

## ४.३. जात/जातीयताको कारण हुने असुविधाहरू

भाषिक कारणले पर्ने असुविधा जसरी नै जात/जातीयताको कारणले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा, प्रहरीमा उजुरी गर्दा, सरकारी कार्यालयमा नागरिकता जन्मदर्ता, विवाहदर्ता आदि बनाउन जाँदा, स्वास्थ्य चौकी वा अस्पतालमा उपचार गर्न जाँदा र विद्यालय वा विश्वविद्यालयमा पढ्दा कुनै असुविधा महसुस गर्नुपरेको छ कि छैन भनेर पनि कोशी प्रदेशका उत्तरदाताहरूलाई सोधिएको थियो ।

कोशी प्रदेशका लगभग सबै (९९% भन्दा बढी) उत्तरदाताहरूले आफ्नो जात वा जातीयताको कारणले उल्लिखित कुनै पनि पाँच परिस्थितिमा अप्ठ्यारो महसुस नगरेको बताएका छन् । विगतका वर्षहरूको तुलनामा, सन् २०२२ मा आफ्नो जात/जातीयताको कारणले असुविधा महसुस गर्ने उत्तरदाताहरूको अनुपातमा गिरावट आएको छ (तालिका ४.३.१) । सन् २०२२ मा कोशी प्रदेशका ९९.०% उत्तरदाताहरूले आफ्नो जात/जातिको कारणले सरकारबाट दिइने सार्वजनिक सेवाहरु प्राप्त गर्दा आफूले अप्ठ्यारो महसुस नगरेको उल्लेख गरेका छन् । यस्तैगरी आफ्नो जात/जातिको कारणले काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा (९९.१%), प्रहरी चौकीमा उजुरी गर्न जाँदा (९५.५%), स्वास्थ्य चौकी वा अस्पतालमा उपचार गर्न जाँदा (९९.३%), विश्वविद्यालयमा पढ्दा (९९.४%) उत्तरदाताहरूले अप्ठ्यारो महसुस नगरेको बताएका छन् ।

सन् २०२२ मा उत्तरदाताहरूको सानो अंशले विभिन्न स्थानमा आफ्नो जात वा जातीयताको कारणले गर्दा अप्ठ्यारो महसुस गरेको बताए ता पनि यस अघिका तीन सर्वेक्षण वर्षसँग तुलना गर्दा आफ्नो जात वा जातीयताको कारणले गर्दा अप्ठ्यारो महसुस गर्ने उत्तरदाताहरूको अंशमा सन् २०२२ मा उल्लेखनीय रूपमा गिरावट आएको छ । उदाहरणका लागि, सन् २०२० को तुलनामा, सन् २०२२ मा काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा जात र जातिको कारणले गर्दा अप्ठ्यारो महसुस गर्नेहरु १.४% अंकले कमी भएको देख्न सकिन्छ । त्यसैगरी सन् २०२२ मा प्रहरी चौकीमा उजुरी गर्दा जात र जातिको कारणले गर्दा अप्ठ्यारो महसुस गर्नेहरूको अनुपातमा १.६% अंकले कमी भएको देख्न सकिन्छ ।

### जात/जातीयताको कारण असुविधा, बर्ष अनुसार

| | असुविधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा (संख्या = ८०३) | असुविधा | ६.८% | २.५% | २.३% | ०.९% |
| | सुविधा | ९३.२% | ९७.५% | ९७.७% | ९९.१% |
| आफुलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा (संख्या = ४६०) | असुविधा | ५.०% | १.६% | २.१% | ०.५% |
| | सुविधा | ९५.०% | ९८.४% | ९७.९% | ९९.५% |
| सरकारी कार्यालयमा सेवा प्राप्त गर्न जाँदा (संख्या = ८५८) | असुविधा | ६.०% | १.६% | १.९% | १.०% |
| | सुविधा | ९४.०% | ९८.४% | ९८.१% | ९९.०% |
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न जाँदा (संख्या = ९८८) | असुविधा | ५.१% | १.७% | १.५% | ०.८% |
| | सुविधा | ९४.९% | ९८.३% | ९८.५% | ९९.२% |
| विद्यालय वा विश्वविद्यालयमा पढ्दा (संख्या = ७६७) | असुविधा | ४.९% | १.७% | १.३% | ०.५% |
| | सुविधा | ९५.१% | ९८.३% | ९८.७% | ९९.५% |

*तालिका ४.३.१: Q-D3a-e उल्लेखित विभिन्न अवस्थामा तपाईको आफ्नो जातजाति/समुदायको पहिचानले गर्दा तपाईलाई असुविधा महसुस भएको छ? ("भन्न चाहन्न भन्ने" र "लागू नहुने भन्ने" उत्तरलाई समावेश गरिएको छैन)*

## ४.४. लैङ्गिक कारण भोग्नुपरेको असहजता

सर्वेक्षणमा महिला उत्तरदाताहरूको एक सानो संख्याले विभिन्न परिस्थितिहरूमा महिला भएकै कारणले असुविधा वा असजता महसुस गरेको उल्लेख गरेका छन्[७] । विगतका बर्षहरूको तुलनामा महिला भएकै कारणले असुविधा भएको महसुस गर्नेहरूको अनुपात घटेता पनि सन् २०२२ मा सार्वजनिक यातायातमा यात्रा गर्दा (६.३%) र सार्वजनिक स्थान वरिपरि घुमफिर गर्दा/हिंड्दा (३.२%) महिलाहरूले असुविधा वा असजता महसुस भएको बताएका छन् ।

७ यो प्रश्न महिला उत्तरदाताहरूलाई मात्र सोधिएको थियो ।

कोशी प्रदेशका १.२% महिलाहरूले आफ्नो काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा, प्रहरी चौकीमा रिपोर्ट गर्दा (१.६%), सरकारी सार्वजनिक सेवाहरु प्राप्त गर्दा (१.१%), स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न जाँदा (१.१%) र विद्यालय/विश्वविद्यालयमा पढ्दा (१.३%) महिलाहरूले महिला भएकै कारण अप्ठ्यारोमा पर्ने गरेको बताएका छन् ।

**महिला र यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारण असुविधा, बर्ष अनुसार**

| | असुविधा महसुस | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
|---|---|---|---|---|---|
| काम गर्ने ठाउँमा सहकर्मी वा अरू मानिसहरूसंग कुराकानी गर्दा | असुविधा | ४.७% | २.९% | २.१% | १.२% |
| | सुविधा | ९५.३% | ९७.१% | ९७.९% | ९८.८% |
| आफूलाई परेको समस्या प्रहरीमा गएर उजुरी गर्दा | असुविधा | ४.४% | १.६% | २.९% | १.६% |
| | सुविधा | ९५.६% | ९८.४% | ९७.१% | ९८.४% |
| सरकारी कार्यालयमा सेवा प्राप्त गर्न जाँदा | असुविधा | ४.५% | २.२% | १.७% | १.१% |
| | सुविधा | ९५.५% | ९७.८% | ९८.३% | ९८.९% |
| स्वास्थ्य चौकी, अस्पतालमा सेवा वा उपचार गर्न जाँदा | असुविधा | ४.१% | २.२% | १.६% | १.१% |
| | सुविधा | ९५.९% | ९७.८% | ९८.४% | ९८.९% |
| विद्यालय वा विश्वविद्यालयमा पढ्दा | असुविधा | ३.५% | ०.९% | २.०% | १.३% |
| | सुविधा | ९६.५% | ९९.१% | ९८.०% | ९८.७% |
| सार्वजनिक यातायातमा यात्रा गर्दा | असुविधा | - | १०.९% | ५.३% | ६.३% |
| | सुविधा | | ८९.१% | ९४.७% | ९३.७% |
| सार्वजनिक स्थानहरूमा घुम्दा/हिड्दा | असुविधा | - | - | ५.०% | ३.२% |
| | सुविधा | | | ९५.०% | ९६.८% |

*तालिका ४.४.१: Q-D4a–g. [महिला र यौनिक तथा लैङ्गिक अल्पसंख्यक महिलालाई मात्र सोधिएको] महिला वा यौनिक तथा लैङ्गिक अल्पसंख्यक भएकै कारणले उल्लेखित बिभिन्न अवस्थामा तपाईलाई असुविधा महसुस भएको छ? (संख्या = ५३०) ('थाहा छैन', 'भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

तराई क्षेत्रका (५%) महिला उत्तरदाताहरूले भन्दा पहाडी क्षेत्रका बढी (८.३%) महिला उत्तरदाताहरूले सार्वजनिक यातायातमा यात्रा गर्दा महिला भएकै कारणले गर्दा अप्ठ्यारो महसुस गरेको उल्लेख गरेका छन् । यद्यपि, निम्न आय भएका घरपरिवार र मधेसी जाति (स्तर-२) समुदायका महिलाहरूले आफू महिला भएकै कारण बढी अप्ठ्यारोमा पर्ने गरेको बताएका छन् । उदाहरणका लागि, कोशी प्रदेशमा मधेसी जाति (स्तर-२) समुदायका १३.२% महिलाहरूले सार्वजनिक यातायातमा यात्रा गर्दा र सार्वजनिक स्थानमा घुमफिर गर्दा आफू महिला भएकै कारण अप्ठ्यारोमा पर्ने गरेको बताएका छन् ।


## ४.५ सामाजिक सम्बन्ध

### अन्तर-जातीय विवाहप्रतिको धारणा

सर्वेक्षणमा कोशी प्रदेशका उत्तरदाताहरूलाई अन्तरजातीय विवाहबारे उनीहरूको धारणा सोधिएको थियो । नतिजा अनुसार, ८०.१% उत्तरदाताहरूले आफ्नो छोरा वा छोरीले फरक जात वा जातीय समूहको कसैसंग विवाह गरेमा पनि अन्तरजातीय विवाह स्वीकार्ने बताए र (१७.६%) उत्तरदाताहरूले भने फरक जात वा जातीय समूहबाट ज्वाइँ वा बुहारीलाई स्वीकार नगर्ने बताए ।

यसअघिका तीन सर्वेक्षण वर्षहरूमा देखिएको अन्तरजातीय विवाहलाई स्वीकार गर्ने बढ्दो प्रवृत्तिमा भने सन् २०२२ मा कमी आएको देख्न सकिन्छ अर्थात् सन् २०१७ मा ८०.२%, सन् २०१८ मा ८५.९% र सन् २०२० मा ८६.५% उत्तरदाताहरूले अन्तरजातीय विवाहलाई स्वीकार गर्ने बताएका थिए तर हाल सन् २०२२ मा भने अन्तरजातीय विवाहलाई स्वीकार गर्ने उत्तरदाताहरूको अंश ८०.१% मा झरेको छ । अर्कोतर्फ, सन् २०२० को तुलनामा सन् २०२२ मा अन्तरजातीय विवाहलाई स्वीकार नगर्ने कोशी प्रदेशका उत्तरदाताहरूको अंशमा केही वृद्धि देख्न सकिन्छ (सन् २०२० मा ११.५%, सन् २०२२ मा १७.६%) ।

**अन्तर-जातीय विवाहको स्वीकृति, बर्ष अनुसार**




*तालिका ४.५.१: Q-D9. तपाईंको सन्तानले आफ्नो भन्दा फरक जातसंग बिहे गरेका खण्डमा स्वीकार गर्नुहुन्छ कि गर्नुहुन्न ?*
*(संख्या = ९९१) ('भन्न चाहन्न' र 'लागू नहुने' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

हिमाली क्षेत्रका (९५.६%), गाउँपालिकाका (८५.०%), पहाडी दलित समुदायका (९२.२%) र मधेसी आदिवासी/जनजाति समुदायका (८८.६%) उत्तरदाताहरूमा अन्तरजातीय विवाह स्वीकार गर्ने बताएका छन् । यसको विपरीत, कोशी प्रदेशका १००% मुस्लिम उत्तरदाताहरूले आफ्ना छोराछोरीले अर्को जातसंग विवाह गरेमा अस्वीकार गर्ने बताएका छन् । अन्तरजातीय विवाहलाई स्वीकार गर्ने वा नगर्ने विचार उत्तरदाताहरूको शैक्षिक योग्यतासंग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको देखिन्छ । बिधालय शिक्षा हासिल नगरेका २०.६% उत्तरदाताहरूको तुलनामा स्नातक उपाधि हाँसिल गरेका १२.२% उत्तरदाताहरूले अन्तरजातीय विवाहलाई अस्वीकार गर्ने बताएका छन् ।

## ४.६. नेपाली समाजमा महिलाको अवस्था

महिलाको स्थितिबारे नेपालीहरूको धारणा बुझ्न उत्तरदाताहरूलाई महिलाहरूको अवस्था, लैंगिक समानता, लैंगिक पहिचान र लैंगिक भूमिकासंग सम्बन्धित आठवटा कथनहरू प्रस्तुत गरिएको थियो । जसमाथि उनीहरूलाई "पूर्ण सहमत", "केही सहमत", "केही असहमत" र "पूर्ण असहमत" भनी आफ्नो प्रतिक्रिया दिन भनीएको थियो ।

छोरीहरूभन्दा छोराहरू बढी महत्त्वपूर्ण छन् भन्ने कुरामा दश मध्ये नौ जना (९१.३%) उत्तरदाताहरू असहमत रहेका छन् । महिलालाई घरबाहिर काम गर्न प्रोत्साहन दिनुहुँदैन भन्नेमा (९४.३%) र महिलाहरूले राजनितीमा संलग्न हुन सुहाउदैन भन्ने कुरामा पनि बहुमत (९३.३%) उत्तरदाताहरू असहमत[८] रहेका छन् । जबकि, १०.४% उत्तरदाताहरूले महिलाहरूले आफ्नो आय, चालचलन र निर्णयहरूमा नियन्त्रण राख्नु हुँदैन र यदि पत्नीले पतिको आज्ञा मानेनन् भने उनलाई सजाय दिने अधिकार छ भनेर बताएका छन् ।

८ उत्तरदाताहरूले भनेको 'केहि असहमत' र' पुर्ण असहमत' दुवै पक्षलाई जोडेर यहाँ 'असहमत' मात्र भनिएको छ ।

**लैङ्गिक भूमिका र लैङ्गिक समानता सम्बन्धीका धारणाः बर्ष अनुसार**

| | बर्ष | पूर्ण सहमत | केही सहमत | केही असहमत | पूर्ण असहमत | थाहा छैन |
|---|---|---|---|---|---|---|
| परिवारमा छोरीभन्दा छोराको महत्व बढी हुन्छ | सन् २०१७ | १.२% | ७.५% | ३६.२% | ५५.१% | - |
| | सन् २०१८ | १.५% | ९.४% | ४१.५% | ४७.७% | - |
| | सन् २०२० | २.५% | ९.३% | २१.९% | ६६.३% | - |
| | सन् २०२२ | ३.६% | ५.०% | ५.५% | ८५.८% | - |
| महिलालाई घरबाहिरको कामको लागि प्रोत्साहन गर्नु हुँदैन | सन् २०१७ | १.०% | ३.४% | ३०.०% | ६५.६% | ०.४% |
| | सन् २०१८ | १.२% | ३.८% | ५१.९% | ४२.८% | ०.३% |
| | सन् २०२० | ०.६% | ७.९% | २३.५% | ६८.०% | - |
| | सन् २०२२ | २.५% | २.७% | ९.०% | ८५.३% | ०.४% |
| महिलाहरूले राजनितीमा संलग्न हुन सुहाउदैन | सन् २०१७ | १२.३% | ८.७% | २६.३% | ५२.४% | ०.३% |
| | सन् २०१८ | २.१% | ९.७% | ४६.७% | ४१.१% | ०.४% |
| | सन् २०२० | ०.६% | ७.४% | २३.३% | ६८.७% | - |
| | सन् २०२२ | १.९% | ४.०% | ११.०% | ८२.३% | ०.७% |
| आय आर्जन गर्ने,घुमफिर गर्ने तथा अन्य निर्णय प्रक्रियामा महिलाहरूको नियन्त्रण हुनु हुदैन | सन् २०१८ | १२.३% | ३९.४% | ३५.९% | १०.९% | १.६% |
| | सन् २०२० | ४.१% | १९.५% | २२.३% | ५४.१% | - |
| | सन् २०२२ | २.७% | ७.७% | ११.६% | ७७.२% | ०.८% |
| श्रीमानले भनेको नमानेमा,श्रीमानले श्रीमतीलाई सजाय दिने अधिकार हुन्छ | सन् २०१८ | १.२% | २५.०% | ४०.३% | ३२.७% | ०.९% |
| | सन् २०२० | १.५% | ७.४% | २५.२% | ६५.९% | - |
| | सन् २०२२ | ३.७% | ६.७% | १०.९% | ७८.७% | ०.१% |
| जब जागिर सिमित हुन्छ तब जागिर प्राप्त गर्न पुरूषहरूको लागि बढी अवसर हुनुपर्छ | सन् २०१८ | २.९% | १९.१% | ५०.६% | २६.४% | १.०% |
| | सन् २०२० | २.४% | १३.२% | २४.२% | ६०.०% | ०.२% |
| | सन् २०२२ | २.९% | ७.०% | १२.७% | ७७.१% | ०.४% |
| आफ्नो परिवारको आर्थिक आवश्यकता पुरा गर्ने जिम्मेवारी पुरूषको हो | सन् २०१८ | १२.८% | ४५.४% | ३०.७% | १०.९% | ०.१% |
| | सन् २०२० | ७.२% | २२.३% | १८.२% | ५२.३% | - |
| | सन् २०२२ | २.९% | ८.०% | १३.६% | ७५.५% | - |
| श्रीमानबाहेक परिवारका अन्य पुरूष सदस्यहरूले (जस्तैः ससुरा, जेठाजु, देवर,..) भनेको नमानेको खण्डमा तिनमा बुहारीलाई सजाय दिनेअधिकार हुन्छ | सन् २०२० | ०.९% | २.३% | २४.४% | ७२.४% | - |
| | सन् २०२२ | ३.१% | ५.४% | ७.५% | ८४.०% | - |

*तालिका ४.६.१: Q-D10a–m. नेपाली समाजमा रहेका महिला र पुरूषहरूको स्थानका बारेमा केही भनाइहरू पढेर सुनाईन्छ, ती भनाईप्रति तपाईं सहमत हुनुहुन्छ कि असहमत?(संख्या =१०१०) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

## ४.७ नेतृत्वदायी भूमिकामा लैंगिक प्राथमिकता

सन् २०२२ मा कोशी प्रदेशका उत्तरदाताहरूलाई राष्ट्रिय देखि स्थानीय स्तरसम्मका विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूका दश वटा फरक-फरक तहको नेतृत्वदायी पदमा उनीहरूले कसको नेतृत्वलाई स्वीकार गर्छन भनेर बुझ्न केही प्रश्नहरू सोधिएको थियो । जसमा उत्तरदाताहरूलाई "पुरूष", "महिला" वा "मुख्य कुरा व्यक्तिको क्षमता हो, महिला वा पुरूष जो भएपनि हुन्छ" भन्ने कुरा रोज्न लगाइएको थियो । जवाफमा कोशी प्रदेशका अधिकांश उत्तरदाताहरूले विभिन्न संस्था वा संस्थाहरुमा कुनै पनि नेतृत्वदायी पदका लागि व्यक्तिको लिंग महत्वपूर्ण मापदण्ड होइन भन्ने विश्वास गरेको पाइयो । सबै दशवटा निकाय वा संस्थाका नेतृत्वदायी पदमा लैंगिक हिसाबले भन्दा पनि सक्षम व्यक्ति रोज्नेतिर तीन-चौथाईभन्दा बढी उत्तरदाताहरूले झुकाव राखेका छन् ।

विभिन्न नेतृत्वदायी पदका लागि व्यक्तिको लिंग महत्त्वपूर्ण मापदण्ड हो भनी उद्धृत गर्ने उत्तरदाताहरूको थोरै अंशले दशमध्ये नौ निकाय वा संस्थाका नेतृत्वदायी पदमा महिलालाई प्राथमिकता दिएको देखिन्छ । उदाहरणका लागि, ११.७% उत्तरदाताहरूले संघीय सरकारको प्रमुख कार्यकारी पदका लागि महिलालाई र ७.४% ले पुरूषलाई प्राथमिकता दिएका छन् । त्यसैगरी, वडाध्यक्षको नेतृत्व पदका लागि ७.९% ले पुरूषलाई र ११.१% ले महिलालाई प्राथमिकता दिएका छन् । यसको विपरीत, राजनीतिक दलको अध्यक्ष पदका लागि भने महिलालाई भन्दा पुरूषलाई रूचाएको पाइयो । उक्त पदका लागि ७.८% उत्तरदाताहरूले महिलालाई र ९.७ % उत्तरदाताहरूले पुरूषलाई प्राथमिकता दिएका छन् ।

सन् २०१८ को तथ्याङ्कको तुलनामा, सन् २०२० र सन् २०२२ दुवैमा, विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूका नेतृत्वदायी पदमा लैंगिक हिसाबले भन्दा पनि सक्षम व्यक्तिहरु हुनुपर्छ भन्ने विचार गर्ने उत्तरदाताहरूको अंशमा उल्लेखनीय वृद्धि भएको छ । नेतृत्व लिङ्गताका आधारमा नभई व्यक्तिको क्षमताले निर्धारण गर्छ भन्ने विश्वास गर्ने व्यक्तिहरूको अनुपात सन् २०२० को तुलनामा सन् २०२२ मा अझ बढेको छ ।

**विभिन्न संस्थाहरूमा स्वीकार्य नेतृत्वदायी पदहरू, बर्ष अनुसार**

| | वर्ष | महिला | पुरूष | मुख्य कुरा व्यक्तिको सक्षमता हो | थाहा छैन/भन्न सक्दिन |
|---|---|---|---|---|---|
| संघीय सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | ४१.३% | ३९.३% | १९.४% | ०.०% |
| | सन् २०२० | १४.७% | १६.७% | ६८.६% | ०.०% |
| | सन् २०२२ | ११.७% | ७.४% | ७८.९% | २.०% |
| प्रदेश सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | ४१.६% | ३६.९% | २१.५% | ०.०% |
| | सन् २०२० | १२.८% | १५.२% | ७२.०% | ०.०% |
| | सन् २०२२ | ९.९% | ७.०% | ८१.०% | २.१% |
| स्थानीय सरकारको कार्यकारी प्रमुखको पदमा | सन् २०१८ | ४२.२% | ३८.८% | १९.०% | ०.०% |
| | सन् २०२० | १२.९% | १४.५% | ७२.६% | ०.०% |
| | सन् २०२२ | ११.३% | ७.०% | ८०.८% | ०.९% |
| वडा अध्यक्ष पदमा | सन् २०१८ | ४३.६% | ३९.३% | १७.१% | ०.०% |
| | सन् २०२० | १६.७% | १५.७% | ६७.५% | ०.०% |
| | सन् २०२२ | ११.१% | ७.९% | ८०.७% | ०.३% |
| राजनीतिक दलको अध्यक्ष | सन् २०१८ | ३१.४% | ४४.८% | २३.८% | ०.०% |
| | सन् २०२० | १२.२% | १५.३% | ७२.५% | ०.०% |
| | सन् २०२२ | ७.८% | ९.७% | ८१.९% | ०.५% |
| उपभोक्ता समूहहरूको अध्यक्ष (जस्तैः सामुदायिक वन उपभोक्ता समूह,अ(न्य उपभोक्ता समूह) | सन् २०१८ | ५१.१% | ३१.८% | १७.१% | ०.०% |
| | सन् २०२० | २०.५% | ९.०% | ७०.५% | ०.०% |
| | सन् २०२२ | ८.८% | ५.६% | ८५.०% | ०.६% |
| बचत तथा ऋण सहकारी संस्थाको अध्यक्ष | सन् २०१८ | ६१.२% | २२.७% | १६.०% | ०.०% |
| | सन् २०२० | २२.९% | ६.५% | ७०.५% | ०.०% |
| | सन् २०२२ | १०.६% | ५.६% | ८१.५% | २.३% |
| बिधालय व्यवस्थापन समितिको अध्यक्ष | सन् २०१८ | ४२.६% | ३९.७% | १७.७% | ०.०% |
| | सन् २०२० | १२.०% | १५.७% | ७२.३% | ०.०% |
| | सन् २०२२ | ९.४% | ६.२% | ८४.१% | ०.४% |
| प्राइभेट कम्पनि/ संस्थाको कार्यकारी प्रमुख | सन् २०१८ | ३६.६% | ४१.३% | २२.१% | ०.०% |
| | सन् २०२० | ११.०% | ११.८% | ७७.३% | ०.०% |
| | सन् २०२२ | ८.८% | ५.८% | ८२.२% | ३.१% |


*तालिका ४.७.१: Q-D11a-l. विभिन्न संघ संस्थामा नेतृत्वको बारेमा सोच्दा, उल्लेखित विभिन्न संघ संस्थाहरूमा तपाईंलाई महिला वा पुरूष कसको नेतृत्व बढी स्वीकार्य हुन्छ जस्तो लाग्छ? (संख्या =१०१०) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

# ५. सुशासन र राजनीतिक सहभागीता

## ५.१. स्थानीय निकायको पुनर्संरचना

सन् २०२२ को सर्वेक्षणमा कोशी प्रदेशका उत्तरदाताहरूलाई स्थानीय निकायको पुनर्संरचनापछि स्थानीय सरकारको सेवा प्रवाहमा कुनै परिवर्तन आएको छ भनी सोधिएको थियो । कोशी प्रदेशका लगभग दुई तिहाई (६०.४%) उत्तरदाताहरूले पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रवाह क्षमतामा सुधार ल्याएको महसुस गरेका छन् । एक चौथाईभन्दा कम (२३%) ले स्थानीय निकायको पुनर्संरचनाले स्थानीय निकायको सेवा प्रवाह गर्ने क्षमतामा "न सुधार भएको र न बिग्रिएको छ" महसुस गरेका छन् भने थोरै संख्या (७%) ले स्थानीय सरकारको पुनर्संरचनाले सेवा प्रवाह क्षमता बिग्रिएको धारणा राखेका छन् ।

### स्थानीय निकायको पुनर्संरचना प्रतिको दृष्टिकोण, बर्ष अनुसार




*चित्र ५.१.१: Q-E4. तपाइको विचारमा पुनर्संरचनापछि जनतालाई सेवा प्रदान गर्ने स्थानीय सरकारको क्षमतामा कस्तो परिवर्तन भएको छ जस्तो लाग्छ ? (संख्या = १०१०)*

स्थानीय निकायको पुनर्संरचनाले स्थानीय सरकारको सेवा प्रदान गर्ने क्षमतामा सुधार भएको विश्वास गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०१७ मा रहेको ३९.७% बाट निरन्तर बढ्दै सन् २०२२ मा ६०.४% मा पुगेको छ । यसको विपरीत, सन् २०१७ मा सबैभन्दा उच्च (३८.६%) मा रहेको 'अहिले नै भन्न सकिन्न' भनेर विचार राख्ने उत्तरदाताहरूको हिस्सा लगातारका सर्वेक्षण बर्षहरूमा घट्दै सन् २०२२ मा सबैभन्दा कम २% मा झरेको छ । त्यस्तै 'न सुधार भएको न बिग्रिएको' भनी विचार राख्ने उत्तरदाताहरूको अनुपातमा पनि सन् २०१८ मा रहेको ३४.७% को तुलनामा सन् २०२२ मा २३% मा झरेको छ ।

## ५.२. सामाजिक सुरक्षा

सर्वेक्षणमा सरकारले शुरू गरेका विभिन्न प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरूबारे कोशी प्रदेशका जनताहरु जानकार छन् कि छैनन् र त्यस प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरु बाट उनीहरु वा उनीहरूका परिवारले लाभ प्राप्त गरेका छन् कि छैनन् भनेर बुझ्न खोजिएको थियो । सरकारले लागु गरेका विभिन्न नौ प्रकारका सामाजिक सुरक्षा कार्यक्रमहरूमध्ये, सन् २०२२ को सर्वेक्षणमा उत्तरदाताहरूको ठूलो हिस्सा (९६.७%) ले ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता (९२.३%), अपाङ्गता भत्ता (८८.०%) र स्वास्थ्य बीमा सुविधा बारे (८५%) उत्तरदाताहरु सुनेको बताए । त्यसैगरी, आधाभन्दा बढी (५७.८%) उत्तरदाताहरूले बेरोजगारी भत्ता, बाल पोषण अनुदान (५९.८%), र बाल संरक्षण अनुदान (६३.१%) बारे सुनेको बताएका छन् । त्यस्तै उत्तरदाताहरूको ठूलो हिस्सा (४५.१%) ले लोपोन्मुख आदिवासीहरूको लागि अनुदान र रोजगारीमा योगदान गरे बापतको लाभको बारेमा पनि सुनेको बताएका छन् । सन् २०२० को तुलनामा सन् २०२२ मा बालबालिका सुरक्षा भत्ता र बालबालिका पोषण भत्ताको बारेमा सुनेका उत्तरदाताहरूको अनुपात लगभग १७% अंकले बढेको छ भने स्वास्थ्य बीमा सुविधाको बारेमा सुनेका उत्तरदाताहरूको अनुपात लगभग १६% ले बढेको छ । सन् २०२० को तुलनामा सन् २०२२ मा बाँकी सात प्रकारका सामाजिक सुरक्षा लाभहरु सुनेका उत्तरदाताहरूको प्रतिशतमा कुनै ठूलो भिन्नता देखिएको छैन ।

सरकारले ल्याएको सामाजिक सुरक्षा कार्यक्रमबारे सचेत रहेका उत्तरदाताहरूलाई उनी वा उनका परिवारका सदस्यहरूले यीमध्ये कुनै सामाजिक सुरक्षा सुविधा पाएका छन् वा छैनन् भनी सोधिएको थियो । जवाफमा ७.२% देखि ३९.४% उत्तरदाताहरूले यी प्रश्नहरु उनीहरूलाई लागू नभएको उल्लेख गरेका छन् । उत्तरदाताहरूको थोरै हिस्साले आफू वा आफ्नो परिवारको सदस्यहरूले विभिन्न प्रकारका सामाजिक सुरक्षा लाभहरु प्राप्त गरेको बताएका छन् । जबकि, अधिकांश उत्तरदाताहरूले सन् २०२२ मा त्यस्तो सुविधा नपाएको उल्लेख गरेका छन् । उदाहरणका लागि, २०.१% उत्तरदाताहरूले आफ्नो परिवारले ज्येष्ठ नागरिक भत्ता अन्तर्गत लाभहरु प्राप्त गरेको बताएका छन् जबकि, आधाभन्दा बढी (५६.५%) ले यो सुविधा नपाएको बताएका छन् । त्यसैगरी, १०.६% ले एकल महिला भत्ता पाएको र ६३.४% ले नपाएको बताएका छन् ।

सन् २०२० को तुलनामा सन् २०२२ मा स्वास्थ्य बीमा लाभ प्राप्त गर्ने उत्तरदाताहरूको हिस्सामा लगभग २२.४% अंकले वृद्धि भएको देख्न सकिन्छ (सन् २०२० मा १८.९% बाट सन् २०२२ मा ४१.३%) । स्वास्थ्य बीमा बाहेक अन्य प्रकारका सामाजिक सुरक्षा भत्ता (लोपोन्मुख आदिवासी भत्ता, बालबालिका पोषण भत्ता, रोजगार योगदान लाभ, बेरोजगार भत्ता, अपाङ्ग भत्ता) आफू वा आफ्नो घरपरिवारले प्राप्त गरेका उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा सामान्य वृद्धि मात्र देखिएको छ । सन् २०२० को तुलनामा सन् २०२२ मा जेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता प्राप्त गरेका उल्लेख गर्नेहरूको हिस्सामा भने गिरावट आएको छ ।

### सामाजिक सुरक्षा कार्यक्रमहरु बारेमा जानकारी र कार्यक्रम बाट लाभ प्राप्ती, बर्ष अनुसार

| | हो, मैले सुनेको छु | | हो, हामीले प्राप्त गरेका छौं | |
|---|---|---|---|---|
| | सन् २०२० | सन् २०२२ | सन् २०२० | सन् २०२२ |
| जेष्ठ नागरिक भत्ता | ९८.५% | ९६.७% | ३६.७% | २०.१% |
| एकल महिला भत्ता | ९४.८% | ९२.३% | २०.४% | १०.६% |
| अपाङ्ग भत्ता | ८८.१% | ८८.०% | ४.७% | ५.१% |
| बेरोजगार भत्ता | ५९.२% | ५७.८% | ०.३% | १.५% |
| स्वास्थ्य बीमा लाभ | ६९.४% | ८५.०% | १८.९% | ४१.३% |
| बालबालिका सुरक्षा भत्ता | ४५.३% | ६३.१% | ८.८% | ३.७% |
| रोजगार योगदान लाभ | ३३.३% | ३८.१% | १.५% | ७.१% |
| बालबालिका पोषण भत्ता | ४२.८% | ५९.८% | ५.०% | ८.४% |
| लोपोन्मुख आदिवासी भत्ता | ४२.७% | ४५.१% | ०.३% | १.५% |

*तालिका ५.२.१: Q-E8a.1- E8a.10. तपाईंले बिभिन्न प्रकारका सामजिक सुरक्षा कार्यक्रमहरूको बारेमा सुन्नुभएको छ ? (संख्या = १०१०) ।*
*E8-b.1- E8b.10. तपाईले वा परिवारका सदस्यहरूले उक्त सामजिक सुरक्षा कार्यक्रमहरूको लाभ लिनुभएको छ ?*

**सामाजिक सुरक्षा लाभहरू प्रतिको सन्तुष्टि स्तर**

आफू वा आफ्नो परिवारका कोही व्यक्तिले सामाजिक सुरक्षा सुविधा पाएको बताउने कोशी प्रदेशका उत्तरदाताहरूलाई शून्यदेखि दशको स्केलमा सामाजिक सुरक्षा लाभहरूप्रति उनीहरूको सन्तुष्टिको स्तरबारे सोधिएको थियो । शून्यले अत्यधिक असन्तुष्ट र दशले अत्यन्तै सन्तुष्ट प्रतिनिधित्व गर्दछ । सर्वेक्षणमा कोशी प्रदेशमा सरकारको सामाजिक सुरक्षा भत्ता कार्यक्रमप्रति उत्तरदाताहरूको सन्तुष्टिको स्तर (७.०६ अंक) जुन औसत भन्दामाथि रहेको देखियो अर्थात् यहाँ मानिसहरु आफूले प्राप्त गरेको सामाजिक सुरक्षा सुविधाबाट सन्तुष्टनै रहेका छन् ।

## ५.३. संस्थाप्रतिको विश्वास

कोशी प्रदेशका उत्तरदाताहरूलाई चारै सर्वेक्षणका वर्षहरूमा विभिन्न व्यक्ति, निकाय र संघ/संस्थाहरु प्रति उनीहरूको कतिको विश्वास छ भनेर मापन गर्न प्रश्नहरू सोधिएको थियो । सन् २०२२ मा कोशी प्रदेशमा ८९.२% उत्तरदाताहरूले नेपाली सेना, मिडिया (टेलिभिजन, रेडियो, समाचार पत्र) (८८.३%), सशस्त्र प्रहरी बल (८७.८%) र त्यसपछि समुदायमा आधारित संस्था (सीबीओ) (८७.१%) लाई विश्वास गर्ने बताएका छन् । त्यसैगरी, उत्तरदाताहरूको ठूलो हिस्साले आफ्ना नगरपालिकाका वडाहरु (८३.९%) र हालको नगरपालिका/गाउँपालिकामा (८२.५%) विश्वास रहेको बताएका छन् । ७१.९% उत्तरदाताहरूले आफ्ना स्थानीय समुदायका अगुवाहरूलाई पनि विश्वास गरेको बताएका छन् । यसको विपरीत, सबैभन्दा कम ३६.७% उत्तरदाताहरूले राजनीतिक दलहरु प्रति उनीहरूको विश्वास रहेको ब्यक्त गरेका छन् । त्यसैगरी, आधाभन्दा बढी उत्तरदाताहरू (५७.६%) ले मात्रै प्रादेशिक सरकारमा विश्वास गरेको कुरा बताएका छन् । चारै सर्वेक्षणका अवधिमा विभिन्न व्यक्ति र संस्थाहरूप्रति आफ्नो बढी विश्वास ब्यक्त गर्ने उत्तरदाताहरूको हिस्सा न घटेको छ न बढेको छ ।

### संस्थाहरूप्रतिको विश्वास, बर्ष अनुसार

| | भरोसा[९] | | | |
|---|---|---|---|---|
| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
| संघीय सरकार | ६५.४% | ६६.५% | ६५.४% | ६६.३% |
| प्रदेश सरकार | - | ६०.५% | ६७.२% | ५७.६% |
| जिल्ला समन्वय समिति | - | ७७.१% | ७४.०% | ६२.३% |
| गाउँपालिका/नगरपालिको वडा | - | - | - | ८२.५% |
| नगरपालिका वडाहरु | - | - | - | ८३.९% |
| स्थानीय समुदायका अगुवाहरू (टोल सुधार समिति) | - | - | - | ७१.९% |
| राजनीतिक दल | ७८.२% | ५३.४% | ५५.९% | ३६.७% |
| अदालत | ८७.८% | ८४.४% | ८७.१% | ७६.३% |
| न्यायिक समिति | - | ८३.६% | ८४.६% | ७३.८% |
| नेपाल प्रहरी | ८५.९% | ७०.५% | ८२.४% | ८३.५% |
| सशस्त्र प्रहरी | ८७.८% | ८३.७% | ८७.७% | ८७.८% |
| नेपाली सेना | ८८.९% | ९२.०% | ९२.८% | ८९.२% |
| सञ्चार माध्यम (रेडियो, टि.भि, पत्रपत्रिका) | ९३.९% | ९३.९% | ९३.१% | ८८.३% |
| गैह्र सरकारी संस्था | ९०.७% | ८२.२% | ७४.४% | ६५.१% |
| धार्मिक वा जातीय संगठन | ८६.०% | ७५.८% | ७९.८% | ७५.६% |
| समुदायमा आधारित सामजिक समूहहरू जस्तैः आमा समूह, ऋण तथा बचत समूह, वन उपभोक्ता समूह | ९३.५% | ९६.१% | ९३.३% | ८७.१% |
| लोक सेवा आयोग | - | ९१.५% | ९२.७% | ८५.०% |
| सामाजिक संजाल (फेसबुक, ट्वीटर आदि) | - | - | ७७.३% | ५५.६% |
| सरकारी कर्मचारी | - | - | ८३.६% | ८०.०% |


*तालिका ५.३.१: Q-E9a-v. अब तपाईंलाई नेपालका विभिन्न संघ/संगठन, संस्थाहरूको बारेमा सोधिन्छ । तपाई यी संघ/संगठन, संस्थाहरूलाई कत्तिको विश्वास गर्नुहुन्छ? (धरै विश्वास, केही विश्वास, त्यति विश्वास गर्दिन, पटक्कै विश्वास गर्दिन) (संख्या = १०१०) ("भन्न चाहान्न" र "थाहा छैन" भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

९ "भरोसा" को चित्र "पूर्ण विश्वास" र "मध्यम विश्वास" को चित्र थपेर व्युत्पन्न गरिएको छ।

## ५.४. सार्वजनिक सेवाहरूप्रतिको जानकारी

कोशी प्रदेशका सबै उत्तरदाताहरूलाई तीन तहका सरकारहरूले प्रदान गर्ने सेवाबारे उनीहरू सचेत छन् वा छैनन् भनेर सोधिएको थियो । सन् २०२२ मा लगभग दुई तिहाई (६४.१%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले प्रदान गर्ने सेवाहरूबारे सचेत रहेको बताएका छन् त्यस्तै, ३९% उत्तरदाताहरूले प्रादेशिक सरकारले प्रदान गर्ने सेवाबारे र ४६.२% उत्तरदाताहरूले संघीय सरकारले प्रदान गर्ने सेवाबारे सचेत रहेको बताएका छन् । सन् २०१८ मा रहेको ५०.८% को तुलनामा सन् २०२२ मा बढी (६४.१%) उत्तरदाताहरु स्थानीय सरकारले प्रदान गर्ने सेवाहरूबारे सचेत रहेका छन् । यस सर्वेक्षणको तथ्याङ्कले तीन तहका सरकारहरूद्धारा प्रदान गरिएका सेवाहरूप्रति जनचेतनाको स्तर बढेको देखाउँछ ।

**सरकारी सेवा सुबिधाहरू प्रतिको जानकारी, बर्ष अनुसार**




*चित्र ५.४.१: Q-E10AM-AO1. स्थानीय, प्रदेश र संघीय सरकारले प्रदान गर्ने सार्वजनिक सेवाहरूको बारेमा तपाई जानकार हुनुहुन्छ ? (संख्या = १०१०)*

कोशी प्रदेशमा जब स्थानीय सरकारहरूले प्रदान गर्ने सेवाहरूको कुरा आउँछ महिला (५७.८%) उत्तरदाताहरू भन्दा बढी (७१.१%) पुरूष उत्तरदाताहरू सचेत रहेको देखिन्छन् । त्यसैगरी, शहरी क्षेत्रका (६०.३%) भन्दा गाउँपालिकाका बढी (७१.७%) उत्तरदाताहरू सचेत रहेका छन् । त्यस्तै, तराईका बासिन्दा (६१.१%) भन्दा पहाडमा बसोबास गर्ने बढी (६९.३%) उत्तरदाताहरू सचेत रहेका छन् र पहाडी दलित (५५.६%) उत्तरदाताहरू भन्दा पहाडी जाति समुदायका बढी (७४.२%) उत्तरदाताहरू स्थानीय सरकारहरूले प्रदान गर्ने सेवाहरु प्रती सचेत देखिन्छन् ।

### सरकारले प्रदान गरेका विभिन्न सेवाहरू


सर्वेक्षणमा प्रत्येक तहका सरकारले प्रदान गरेका सेवाहरूबारे जानकार छु भन्ने उत्तरदाताहरूलाई ती सेवाहरूको नाम उल्लेख गर्न भनिएको थियो । जवाफमा, सबैभन्दा बढी (७२.५%) उत्तरदाताहरूले सडक/भौतिक पूर्वाधार त्यसपछी खानेपानी सेवा (४३.५%), स्वास्थ्य सेवा (४०.५%), शिक्षा सम्बन्धी सेवा (३९.६%) र सरकारी कागजात-सम्बन्धित सेवाहरु (२७.८%) को नाम उल्लेख गरेका छन् । सन् २०२२ मा खानेपानी, स्वास्थ्य, शिक्षा र बिजुली जस्ता स्थानीय सरकारी सेवाहरु उच्चारण गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०२० को भन्दा बढेको छ ।

प्रदेश सरकारले प्रदान गरेका सेवाहरूमा पनि यही ढाँचा देखिन्छ । अधिकांश (६८%) उत्तरदाताहरूले प्रादेशिक स्तरका सडक र भौतिक पूर्वाधारहरु को नाम उल्लेख गरेका छन् । त्यसपछि, क्रमशः शिक्षा सम्बन्धी सेवाहरु (४२.६%), स्वास्थ्य सम्बन्धी सेवाहरु (३५.९%), खानेपानी सम्बन्धी सेवाहरु (३४.८%) र रोजगारी सम्बन्धी सेवाहरु (२२.९%) को नाम उल्लेख गरेका छन् ।

संघीय सरकारले प्रदान गरेका सेवाहरूको सन्दर्भमा, अधिकांश (६६.७%) उत्तरदाताहरूले उच्च शिक्षा, त्यसपछि क्रमशः राष्ट्रिय राजमार्ग/भौतिक पूर्वाधार (६४%), स्वास्थ्य सम्बन्धी नीति तथा सेवाहरु (४१.२%) र ठूलो मात्रामा विद्युत् (३९.४%) को नाम उल्लेख गरेका छन् ।

स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी नभएको बताउने उत्तरदाताहरूलाई स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जनतासम्म जानकारी पुर्याउन प्रभावकारी माध्यम के हुन्छ होला भनी सुझाव दिन अनुरोध गरिएको थियो । त्यस सन्दर्भमा धेरैजसो (४७.४%) उत्तरदाताहरूले साथीहरु, परिवार र छिमेकीहरु जस्ता अनौपचारिक स्रोतहरु उल्लेख गरे, त्यसपछि रेडियो (४०.५%) र टेलिभिजन (३५.१%) उल्लेख गरेका छन् । कोशी प्रदेशका (२०.१%) उत्तरदाताहरूले इन्टरनेट, स्थानीय समुदायका नेताहरु (१८.४%) र सामाजिक सञ्जाल (१५.५%) लाई पनि स्थानीय सरकारी सेवाहरूको बारेमा जनतासम्म सूचना वा जानकारी पुर्याउने सूचना प्रवाहको प्रभावकारी माध्यमको रूपमा उल्लेख गरे ।

**स्थानीय सरकारले प्रदान गरेका सेवाहरूको बारेमा जानकारी प्रवाह गर्ने प्रभावकारी माध्महरू, बर्ष अनुसार**




*चित्र ५.४२: Q-E10AM.3_1. [यदि Q-E10AM.1 मा "थाहा छैन" भन्ने जवाफ आएमा] तपाईंको क्षेत्रमा स्थानीय सरकारले प्रदान गर्ने सेवाहरु बारे तपाईंलाई सजिलैसँग सचेत गराउन के गर्नुपर्छ ? (संख्या = ३६३)*

सन् २०२० को तुलनामा सन् २०२२ मा रेडियो नेपालबाट सार्वजनिक सेवा सम्बन्धी सूचना प्रवाह गर्न सकिने उल्लेख गरेका उत्तरदाताहरूको हिस्सामा २०.१% अंकले उल्लेख्य वृद्धि भएको देखिएको छ । त्यसैगरी, बजारबाट भन्ने हिस्सामा १७.१% अंकले वृद्धि भएको देखिएको छ । जबकि, साथीभाई, परिवार र छिमेकीहरु मार्फत् सूचना प्रवाह गर्न सकिने उल्लेख गरेका उत्तरदाताहरूको हिस्सा सन् २०२० मा रहेको ४४.३% मा ३.१% अंकले वृद्धि भई ४७.४% कायम रहेको छ ।

## ५.५ सार्वजनिक सेवाहरू लिंदाको अनुभव

सर्वेक्षणमा उत्तरदाताहरूलाई स्थानीय सरकारबाट प्राप्त हुने विभिन्न १५ वटा सेवाहरूको नाम उल्लेख गर्दै विगत एक बर्षमा उनीहरूले उक्त कुनै सेवा लिए कि लिएन्न भनेर सोधिएको थियो । सेवाहरु जस्तै, नागरिकताको लागि सिफारिस; सामाजिक सुरक्षा सेवाहरु (अपाङ्गता, ज्येष्ठ नागरिक, आदि) को लागि सिफारिसहरु; सामाजिक सुरक्षा भत्ता (एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्ग); जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद प्रमाणपत्र, अपाङ्गता परिचय पत्र; सरकारी विद्यालयमा भर्ना; सरकारी स्वास्थ्य चौकी/अस्पताल आदिमा स्वास्थ्य जाँच गराउन लगायतका सेवाहरू प्रश्नावलीमा समावेश गरिएको थियो । साथै, उनीहरूलाई यी सेवाहरु प्राप्त गर्न कतिको सजिलो छ भनेर पनि सोधिएको थियो ।

सन् २०२२ मा अधिकांश उत्तरदाताहरूले आफूले सोधिएको कुनै पनि सेवाहरु नलिएको उल्लेख गरेका छन् । विगत एक बर्षमा आफ्नो गाउँपालिका/नगरपालिकाबाट उपलब्ध गराइएको सेवाहरू मध्ये कम्तीमा एउटा सेवा प्राप्त गरेका अधिकांशले भने सेवा प्राप्त गर्न "सजिलो" भएको बताए (नागरिकता सिफारिस प्राप्त गर्न सजिलो भएको महसुस गर्ने ९०.८%, रोजगार सम्बन्धी सिफारिस प्राप्त गर्न सजिलो भएको महसुस गर्ने ८३.५% र विद्यालय भर्नाका लागि जाँदा सजिलो भएको महसुस गर्ने ९९.६%) । दुई फरक बर्षको सर्वेक्षणका तथ्याङ्कहरूको तुलना गर्दा विगतमा स्थानीय सरकारबाट सेवाहरु प्राप्त गर्ने र स्थानीय सरकारबाट उपलब्ध गराइएको सेवा प्राप्त गर्न "सजिलो" भएको उल्लेख गर्ने उत्तरदाताहरूको अंशमा खासै भिन्नता भने देखिँदैन (तालिका ५.५.१) ।

**स्थानीय सरकारबाट प्राप्त सेवाहरू लिंदाको अनुभव, बर्ष अनुसार**

| सेवाका प्रकारहरू | विगत एक वर्षमा स्थानीय सरकारबाट प्राप्त सेवाहरू | | सेवा लिएमा, ती सेवा सुविधा लिन कत्तिको सजिलो वा गाह्रो परेको थियो | |
|---|---|---|---|---|
| | सन् २०२० | सन् २०२२ | सन् २०२० | सन् २०२२ |
| | | | सजिलो[10] | |
| नागरिकताको लागि सिफारिस | २६.४% | २५.९% | ९१.८% | ९०.८% |
| सामाजिक सुरक्षा भत्ता (एकल महिला, ज्येष्ठ नागरिक, शारीरिक रूपमा अशक्त) | २८.०% | २३.६% | ९४.३% | ८८.०% |
| जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता, बसाईसराई प्रमाणपत्र | २६.२% | २२.०% | ९४.८% | ९२.९% |
| बसाईसराई प्रमाणपत्र | – | २.६% | – | ९२.८% |
| रोजगारी सम्बन्धि सेवाहरू | ४.१% | ७.७% | ९२.७% | ८३.५% |
| न्यायिक समितिले दिएका सेवाहरू | ४.२% | ३.२% | ८८.४% | ९७.६% |
| भुमि (मालपोत) सम्बन्धि सेवाहरू | ४५.२% | ५०.६% | ९६.२% | ९५.०% |
| सरकारी स्कूलमा भर्नागराउनपर्दा | ४५.९% | ४३.३% | ९९.०% | ९९.६% |
| स्थानीय स्वास्थ्य चौकी/ अस्पतालमा उपचार गर्दा | ७७.१% | ७७.८% | ९५.७% | ९५.१% |
| प्रहरीको सहयोग लिंदा | १४.९% | १२.१% | ९३.१% | ८५.७% |
| ब्यापार अनुमति पत्र | ५.४% | ७.२% | ८९.४% | ८४.७% |
| कर सम्बन्धि कामहरू | ४१.८% | ४५.८% | ९७.५% | ९४.४% |
| अन्य सरकारी काम को लागि सिफारिस पत्र | १२.५% | १९.४% | ९२.६% | ८८.९% |
| अपाङ्गता विशेष सेवाहरु (जस्तै, सहायक, औषधि, पुनर्वास, छात्रवृत्ति, आदि) | – | १४.६% | – | ९९.०% |

*तालिका ५.५.१: Q-E10a-E10p. तपाईंको अनुभवमा उल्लेखित सेवा सुविधा लिन कत्तिको सजिलो वा गाह्रो परेको थियो ? (संख्या = १०१०)*

**शहरी नगरपालिका/गाउँपालिकामा सेवाहरू प्राप्त गर्न सजिलो**

सेवाह¿ प्राप्त गर्ने प्रक्रिया जटिल/झन्झटिलो, सेवामा ढिलाई र अधिकारीहरूको गैरजिम्मेवार मनोवृत्तिले गर्दा स्थानीय सरकारबाट सेवा प्राप्त गर्न गाह्रो अनुभव भएको उल्लेख गरेका छन् । यी बाहेक अन्य कारणहरुमा पुलिससंग सेवाह¿ लिँदा भेदभावपूर्ण व्यवहार भोग्नुपरेको, रोजगारीसम्बन्धी सेवाहरूमा राजनीतिक प्रभाव देखिएको र सरकारी स्वास्थ्य चौकी/अस्पतालहरूमा स्वास्थ्य सेवा लिन जाँदा भौतिक पूर्वाधार नभएको कारणले सेवा प्राप्त गर्न गाह्रो भएको उल्लेख गरेका छन् ।

## ५.६. शिक्षाप्रतिको धारणा

**सरकारी र निजी विद्यालय**

कोशी प्रदेशका धेरै (५१.६%) उत्तरदाताहरूले आफ्नो बच्चा सरकारी विद्यालयमा भर्ना गरेको उल्लेख गरे भने ४४.१% ले निजी विद्यालयमा बच्चा भर्ना गरेको उल्लेख गरेका छन् । शहरी नगरपालिकाका (४३.८%) उत्तरदाताहरूले भन्दा ग्रामीण नगरपालिकाका धेरै (६७.९%) उत्तरदाताहरूले आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमा भर्ना गरेको उल्लेख गरेका छन् ।

१० उत्तरदाताहरूले भनेको "धेरै सजिलो" र "सजिलो" दुवै पक्षलाई जोडेर यहाँ "सजिलो" मात्र भनिएको छ ।

### सरकारी वा निजी विद्यालयमा बालबालिका भर्ना, वर्ष अनुसार

| | सरकारी विद्यालय | | | निजी विद्यालय | | | दुवै (सरकारी र निजी) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
| समग्र | ५६.६% | ५५.३% | ५७.२% | ३५.७% | ३६.८% | ३५.६% | ७.७% | ७.९% | ७.२% |
| कोशी प्रदेश | ५२.२% | ५४.९% | ५१.६% | ४१.८% | ४०.२% | ४४.१% | ६.१% | ४.९% | ४.३% |

*तालिका ५.६.१: Q-E11. तपाईको परिवारमा सरकारी विद्यालयमा पढिरहेका बालबालिका छन् ? त(भ्झ्ज्ञ तपाइँको परिवारमा निजी विद्यालय मा पढिरहेका बच्चाहरु छन् ?(संख्या = ५७०) ("लागू नहुने" भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


कोशी प्रदेशमा हिमाली क्षेत्रका (७२.७%) उत्तरदाताहरु र पहाडी क्षेत्रका (७०.३%) उत्तरदाताहरूले आफ्ना छोराछोरीलाई सरकारी विद्यालयमा भर्ना गरेको उल्लेख गरेका छन् । तराई क्षेत्रमा भने आफ्ना छोराछोरी भर्नाका लागि निजी विद्यालयलाई बढी प्राथमिकता दिने गरेका छन् । त्यसैगरी, शहरी नगरपालिकाका (४३.८%) उत्तरदाताहरू भन्दा गाउँपालिकाका धेरै (६७.९%) उत्तरदाताहरूले आफ्ना छोराछोरीहरूलाई सरकारी विद्यालयमा भर्ना गरेको उल्लेख गरेका छन् ।

### विद्यालय पुग्न लाग्ने समय र शिक्षाको गुणस्तर

कोशी प्रदेशमा सरकारी (९३.९%) वा निजी (९८.८%) विद्यालयमा भर्ना भएका अधिकांश बालबालिका विद्यालय बाट एक घण्टा भित्र को दुरीमा बसोबास गरेको देखियो । उत्तरदाताहरूको थोरै अनुपातले मात्र आफ्ना छोराछोरीहरूलाई घरबाट विद्यालय पुग्न एक घण्टा वा सोभन्दा बढी समय लाग्ने उल्लेख गरे ।

कोशी प्रदेशमा धेरैजसो अभिभावकहरूले सरकारी र निजी दुवै विद्यालयहरूमा शिक्षाको गुणस्तरलाई "धेरै राम्रो" वा "राम्रो" भनेर मूल्याङ्कन गरेका छन् । यसो भन्ने उत्तरदाताहरूको संख्या सन् २०२० बढेको देखिएता पनि पनि सन् २०२२ मा भने सरकारी र निजी दुवै विद्यालयमा शिक्षाको गुणस्तर राम्रो छ भन्नेको संख्यामा केही गिरावट आएको देखिन्छ ।

### शिक्षाको गुणस्तरप्रतिको धारणा, बर्ष अनुसार




*चित्र ५.६.१: Q-E11b र Q-E11Aii. त्यस विद्यालयको शिक्षाको गुणस्तरलाई कसरी मूल्याङ्कन गर्नुहुन्छ ? (संख्या = ३१८ सरकारी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरु, (संख्या = २७५ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरु) ११*

११ उत्तरदाताहरूलाई सन् २०१७ मा निजी विद्यालय शिक्षाको गुणस्तर मूल्याङ्कन गर्न सोधिएको थिएन।

### विद्यालयमा प्रदान गरिने शिक्षाको गुणस्तरको लागि जिम्मेवार निकायहरू

कोशी प्रदेशका धेरैजसो अभिभावकहरूले सरकारी (८३.३%) र निजी (८१.७%) विद्यालयहरूमा शिक्षाको गुणस्तर कायम राख्ने प्रमुख जिम्मेवारी स्थानीय सरकार हो भन्ने राय ब्यक्त गरेका छन् । आफ्नो क्षेत्रमा रहेको सामुदायिक/निजी विद्यालयहरूको शिक्षाको गुणस्तर कायम राख्ने प्रमुख जिम्मेवार स्थानीय सरकार नै हो भन्ने उत्तरदाताहरूको अंश क्रमशः बढ्दै गएको देखिन्छ । उत्तरदाताहरूमध्ये थोरैले सरकारी विद्यालयहरूमा शिक्षाको गुणस्तर कायम राख्न विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकहरु पनि जिम्मेवार निकायको रूपमा रहेको विश्वास गरेका छन् ।

#### शिक्षाको गुणस्तर कायम गर्ने जिम्मेवार निकाय, बर्ष अनुसार

| | सामुदायिक विद्यालय | | | | निजी बिद्यालय[१२] | | |
|---|---|---|---|---|---|---|---|
| | सन् २०१७ | सन् २०१८ | सन् २०२० | सन् २०२२ | सन् २०१८ | सन् २०२० | सन् २०२२ |
| स्थानीय सरकार | ८८.५% | ७४.६% | ८०.३% | ८३.३% | ६२.०% | ७३.०% | ८१.७% |
| प्रदेश सरकार | ०.३% | १.२% | २.८% | ४.१% | २.०% | ३.५% | २.२% |
| संघीय सरकार | ७.७% | १२.०% | ८.२% | १०.५% | १०.३% | ७.५% | ७.०% |
| अन्य खुलाउनुहोस् | ०.४% | १.४% | ३.७% | ०.०% | १६.८% | ११.८% | ७.८% |
| थाहा छैन | ३.१% | १०.८% | ५.०% | २.१% | ९.०% | ४.२% | १.३% |

*तालिका ५.६.२: Q-E11c र Q-E11Aiii. तपाईको छोरा/छोरी अध्ययन गरिरहेको विद्यालयमा शिक्षाको गुणस्तर राम्रो बनाउने प्रमुख जिम्मेवारी कस्को हो ? (संख्या = ३१८ सरकारी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरु र, संख्या = २७५ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरु)*

### विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सुझाव

सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई विद्यालयहरूमा शिक्षाको गुणस्तर सुधार्न के गर्नुपर्ला भनेर राय मागिएको थियो । धेरैजसो (६१.६%) उत्तरदाताहरूले शिक्षाको गुणस्तर सुधार गर्न राम्रो शिक्षण विधि हुनुपर्ने, विद्यालय व्यवस्थापन प्रभावकारी हुनुपर्ने (५७%) र कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्ने (४३.२%) जस्ता राय ब्यक्त गरेका थिए । सन् २०२२ मा, शिक्षण विधि र विद्यालय व्यवस्थापनको गुणस्तर राम्रो हुनुपर्छ भन्ने महसुस गर्ने उत्तरदाताहरूको अनुपात सन् २०२० देखि क्रमशः १९% अंक र ९.२% अंकले बढेको छ ।

#### विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि सुझाव, बर्ष अनुसार

| | वर्ष | प्रतिशत |
|---|---|---|
| पढाउने शैली राम्रो हुनुपर्छ | सन् २०२० | ४२.६% |
| | सन् २०२२ | ६१.६% |
| विद्यालय व्यवस्थापनको गुणस्तर राम्रो हुनुपर्छ | सन् २०२० | ४७.८% |
| | सन् २०२२ | ५७.०% |
| विद्यालयमा कर्मचारीको व्यवस्था राम्रो हुनुपर्छ | सन् २०२० | ४४.१% |
| | सन् २०२२ | ४३.२% |
| पाठ्यक्रम/पाठ्यक्रमको गुणस्तर सुधार गर्नुपर्छ | सन् २०२० | ४१.७% |
| | सन् २०२२ | ४४.२% |
| आवश्यक परेका बिद्यार्थीहरूले छात्रवृति पाउनुपर्छ | सन् २०२० | ३३.१% |
| | सन् २०२२ | ३८.०% |
| कापी,किताब, विद्यालय ड्रेसको मुल्य कम हुनुपर्छ | सन् २०२० | २४.२% |
| | सन् २०२२ | १८.४% |
| विद्यालय भवनको गुणस्तर राम्रो हुनुपर्छ | सन् २०२० | २३.६% |
| | सन् २०२२ | ४०.१% |

१२ उत्तरदाताहरूलाई सन् २०१७ मा निजी विद्यालय शिक्षाको गुणस्तर कायम राख्न जिम्मेवार निकाय को हो भन्ने कुरा उल्लेख गर्न सोधिएन।


| | वर्ष | प्रतिशत |
|---|---|---|
| बच्चाहरूले अंग्रेजीमा सिक्न सक्षम हुनुपर्छ | सन् २०२० | २४.०% |
| | सन् २०२२ | १४.१% |
| बच्चाहरु जाने विद्यालयहरु नजिकै हुनुपर्छ | सन् २०२० | २३.७% |
| | सन् २०२२ | १९.१% |
| शिक्षकहरूलाई समावेशी शिक्षामा तालिम दिनुपर्छ र विभिन्न अपाङ्गता भएका बालबालिकाहरूलाई पढाउन सक्षम हुनुपर्छ | सन् २०२२ | ७.२% |
| विभिन्न अपाङ्गता भएका बालबालिकाहरूको पनि विविध आवश्यकतालाई सम्बोधन गर्न पर्याप्त लचिलो हुनुपर्छ | सन् २०२२ | ४.७% |
| अशक्तता र बिभिन्न आवश्यकता भएका बालबालिकाहरूको आवश्यकता सम्बोधन गर्न सिकाउने बिधिहरू सजिलो र सबैको पहुँच हुने प्रकारको बनाउनुपर्छ | सन् २०२२ | ४.०% |
| अपाङ्गता भएका बालबालिकाको विभिन्न किसिमका आवश्यकतालाई सम्बोधन गर्न शिक्षण विधिहरूमा उनीहरूको पहुँच पुराउन लचिलो हुनुपर्छ | सन् २०२२ | ४.९% |
| थाहा छैन | सन् २०२२ | १.७% |

*तालिका ५.६.३: Q-E11g. तपाईको क्षेत्रका सामुदायिक/निजी विद्यालयहरूको गुणस्तर सुधार गर्न के के गर्नुपर्छ? (संख्या = १०१०)*

## ५.७. कोरोना महामारीमा शैक्षिक अवस्था

यस बर्षको सर्वेक्षणमा उत्तरदाताहरूलाई कोरोना महामारीमा कोशी प्रदेशका विद्यालयहरूले वैकल्पिक कक्षाको व्यवस्था गरे नगरेको बारेमा विद्यालय जाने बालबालिका भएका घरपरिवारका उत्तरदाताहरूका लागि प्रश्न सोधिएको थियो । महामारीमा निजी (६३.८%) र सरकारी (३६.७%) विद्यालयहरूले वैकल्पिक कक्षाहरु सञ्चालन गरेको पाइयो । कोशी प्रदेशका सरकारी र निजी विद्यालयहरूले समग्र राष्ट्रमा भन्दा बढी वैकल्पिक कक्षाहरु सञ्चालन गरेको तथ्याङ्क देखिन्छ । समग्र राष्ट्रमाः २३% सरकारी र ५३.८% निजी विद्यालयहरूले वैकल्पिक कक्षाहरु सञ्चालन गरेका पाइयो ।

कोशी प्रदेशमा महामारीको बेला शहरी नगरपालिकाका विद्यालयहरूले, गाउँपालिकाका विद्यालयहरूको तुलनामा बढी वैकल्पिक कक्षाहरु सञ्चालन गरेको देखिन्छ साथै पहाडी क्षेत्रका विद्यालयहरूले, हिमाली र तराई क्षेत्रको तुलनामा महामारीको बेलामा बढी वैकल्पिक कक्षाहरु उपलब्ध गराएको पाइयो ।




*चित्र ५.७.१: Q-E11f_1_A र Q-E11g.1. तपाईको बच्चा पढ्ने स्कुलले कोरोना महामारीको समयमा कुनै अरू विधिबाट पठनपाठन गराएको थियो? (जस्तै- अनलाइन कक्षा, शिक्षक घरमै आएर वा समुदायमा आधारित) (संख्या = ३१८ सरकारी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरु), (संख्या = २७५ निजी विद्यालयमा जाने बालबालिकाका अभिभावकहरु)*


आफ्ना छोराछोरीहरूले स्कुलबाट वैकल्पिक शिक्षा पाएको उल्लेख गर्ने धेरैजसो कोशी प्रदेशका उत्तरदाताहरूले सरकारी र निजी दुबै किसिमका विद्यालयहरूले कोरोना महामारीको बेला अनलाइन कक्षाहरु सञ्चालन गरेको बताएका छन् । केही सरकारी विद्यालयहरूले भने शिक्षकलाई घरमा पठाएर र समुदायमा आधारित शिक्षाको माध्यमबाट पनि वैकल्पिक शिक्षा उपलब्ध गराएको पाइयो । कोशी प्रदेशमा निजी विद्यालय (७०.४%) को तुलनामा सार्वजनिक विद्यालय (७८.९%) मा छोराछोरी पढाउने धेरै उत्तरदाताहरूले वैकल्पिक कक्षाको सकारात्मक मूल्याङ्कन गरेको देखिन्छ ।

## ५.८. सार्वजनिक स्वास्थ्य सेवाप्रतिको धारणा

**नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दुरी**

कोशी प्रदेशको वार्षिक सर्वेक्षण तथ्याङ्कलाई हेर्दा, आफ्नो घरबाट एक घण्टा भित्र को दुरीमा सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल रहेको उल्लेख गर्ने उत्तरदाताहरूको संख्या बढ्दै गएको देखिन्छ (सन् २०१७ को ७३.१% बाट बढेर सन् २०२२ मा ९४.८%) ।

**नजिकको सार्वजनिक स्वास्थ्य चौकी/अस्पताल सम्मको दुरी, बर्ष अनुसार**




*चित्र ५.८.१: Q-E12a. सबैभन्दा सहज माध्यमको प्रयोग गरी (हिडेर वा गाडी चढेर वा दुबैको प्रयोग गरी), तपाईलाई आफनो घरबाट नजिकको स्वास्थ्य सेवा केन्द्र (स्वस्थ्य चौकी, अस्पताल) पुग्न कति समय लाग्छ ? (संख्या = १०१०)*


**स्वास्थ्य सेवाको गुणस्तरप्रतिको धारणा**

कोशी प्रदेशका ८२.८% उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तर “राम्रो” मानेका छन् भने ४.२% ले यसलाई “धेरै राम्रो” भनेका छन् । यसको विपरीत, ८.१% उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरलाई “नराम्रो” र १.२% ले “धेरै नराम्रो” भन्ने जवाफ दिएका छन् ।

स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तरप्रति आशावादी हुने उत्तरदाताहरूको अंश सन् २०१७ मा ८६.३% रहेकोमा क्रमशः केही अंकले बढेर सन् २०२२ मा ८७% मा पुगेको छ[१३] (चित्र ५.८.२) । स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवाको गुणस्तर “धेरै राम्रो”

१३ उत्तरदाताहरूले भनेको “धेरै राम्रो” र “राम्रो” दुवै पक्षलाई जोडेर यहाँ “राम्रो” मात्र भनिएको छ ।


भन्ने उत्तरदाताहरूको संख्या सन् २०१८ को सर्वेक्षणको तुलनामा उल्लेखनीय रूपले घटेको छ । त्यस्तै, स्वास्थ्य सेवाको गुणस्तर "नराम्रो" भएको विश्वास गर्ने उत्तरदाताको अनुपात सन् २०२० को तुलनामा कम रहेको छ ।




*चित्र ५.८२: Q-E12b. यहाँको स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको सेवा गुणस्तर कस्तो लाग्छ? (संख्या = १०१०)*

### स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने जिम्मेवार निकाय

स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने दायित्व स्थानीय सरकारको हो भन्ने उत्तरदाताहरूको संख्या बर्षैपिच्छे बढ्दै गएको पाइन्छ । सन् २०१८ मा रहेको ८१% र सन् २०२० मा रहेको ८२.६% को तुलनामा सन् २०२२ मा यो संख्या बढेर ८५.८% पुगेको छ । उत्तरदाताहरूको सानो संख्याले भने स्वास्थ्य सेवाको गुणस्तर कायम राख्ने दायित्व प्रदेश र संघीय सरकारको हो भन्ने जवाफ दिएका छन् (चित्र ५.८.३) ।




*चित्र ५.८३: Q-E12c. तपाईलाई यहाँका स्थानीय क्षेत्रमा रहेका स्वास्थ्य सेवा केन्द्रको गुणस्तरको लागि विभिन्न सरकारी निकायमध्ये प्रमुख जिम्मेवारी कसको हो जस्तो लाग्छ? (संख्या = १०१०)*

कोशी प्रदेशमा जनस्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सा बढ्दै गएको छ । सन् २०२२ मा उत्तरदाताहरूको करीब दुई तिहाइ (६५.८%) ले सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तनहरू भएको उल्लेख गरे । सन् २०१७ मा रहेको ४४.४% र सन् २०१८ मा रहेको ४८.४% को तुलनामा, सन् २०२२ मा ६५.८% उत्तरदाताहरूले सार्वजनिक स्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तनहरू भएको विश्वास गरेका छन् ।

**स्वास्थ्य सेवाको गुणस्तरमा परिवर्तन, बर्ष अनुसार**

| | सकारात्मक परिवर्तन भएको छ | नकरात्मक परिवर्तन भएको छ | कुनै परिवर्तन भएको छैन | थाहा छैन |
|---|---|---|---|---|
| सन् २०१७ | ४४.४% | ५.५% | ४४.१% | ६.१% |
| सन् २०१८ | ४८.४% | ६.१% | ४०.३% | ५.२% |
| सन् २०२० | ४३.१% | २.२% | ५२.२% | २.४% |
| सन् २०२२ | ६५.८% | १.७% | २६.७% | ५.८% |

*तालिका ५.८.१: Q-E12d. विगत एक बर्षमा यहाँका स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका स्वास्थ्य सेवा केन्द्रको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको छ जस्तो लाग्छ? (संख्या = १०१०)*

सर्वेक्षणमा स्वास्थ्य सेवामा सकारात्मक परिवर्तन भएको भन्ने उत्तरदाताहरूलाई त्यस्तो लाग्नुको कारणहरु पनि सोधिएको थियो । कोशी प्रदेशका (४३.९%) उत्तरदाताहरूले स्वास्थ्य सेवा केन्द्रको उचित व्यवस्थापन र ४२.५% उत्तरदाताहरूले स्वास्थ्य सेवा केन्द्रको निकटता नै कोशी प्रदेशमा जनस्वास्थ्य सेवाको गुणस्तरमा सकारात्मक परिवर्तन आउनुको प्रमुख कारण हो भनी विश्वास गरेका छन् ।

सर्वेक्षणले सबै उत्तरदाताहरूलाई स्थानीय क्षेत्र (नगरपालिका/गाउँपालिका) मा स्वास्थ्य केन्द्रबाट उपलब्ध गराइने स्वास्थ्य सेवाको गुणस्तर सुधार्न के गर्नुपर्छ भनेर सोधिएको थियो । यस सम्बन्धमा, अधिकांश (६३.५%) उत्तरदाताहरूले औषधीको व्यवस्था राम्रो हुनुपर्ने र (६१.३%) ले गुणस्तरीय स्वास्थ्यकर्मीहरु स्वास्थ्य सेवा केन्द्रमा हुनुपर्छ भनेका छन् । अन्य सुझावहरूमा आफ्नो स्थानीय क्षेत्रमा स्वास्थ्य सेवाको गुणस्तर सुधार्न राम्रो प्रयोगशाला हुनुपर्ने (५८.३%) र निदान विधिको उचित अभ्यास गर्ने (५४.४%) व्यवस्था हुनुपर्ने रहेका छन् ।

## ५.९. सडकसम्बन्धी धारणा

### सडकको गुणस्तर

कोशी प्रदेशका धेरैजसो उत्तरदाताहरू आफ्नो नगरपालिका/गाउँपालिकाको सडकको गुणस्तरसंग सन्तुष्ट रहेको पाइएको छ । लगभग दुई तिहाई (६३.१%) उत्तरदाताहरूले सडकको गुणस्तर "राम्रो" भएको उल्लेख गरेका छन् । तर, एक चौथाई (२५.३%) उत्तरदाताहरूले भने सडकको गुणस्तर " नराम्रो " र केही (०.९%) ले "धेरै नराम्रो" भएको जवाफ दिएका छन् ।

सन् २०१७ देखि सन् २०२० सम्म हेर्दा, उत्तरदाताहरूको ठूलो हिस्साले सडकको गुणस्तर "राम्रो" भनी उल्लेख गरेका छन्। यद्यपि, सन् २०२० मा रहेको (७३.६%) को तुलनामा सन् २०२२ मा यो अंश १०.५% अंकले घटेको छ। त्यसैगरी, सन् २०२२ मा आफ्नो स्थानीय क्षेत्रमा सडकको गुणस्तर "नराम्रो" भन्ने उत्तरदाताहरूको अनुपातमा वृद्धि भएर २५.३% पुगेको छ । यो अनुपात सन् २०२० मा (१८.५%) र सन् २०१८ मा (१७.७%) रहेको थियो ।


**सडकको गुणस्तर प्रतिको दृष्टिकोण, बर्ष अनुसार**

| | धेरै राम्रो | राम्रो | नराम्रो | धेरै नराम्रो |
|---|---|---|---|---|
| सन् २०१७ | ७.०% | ६१.५% | २३.२% | ८.३% |
| सन् २०१८ | ८.७% | ६९.८% | १७.७% | ३.७% |
| सन् २०२० | ७.०% | ७३.६% | १८.५% | ०.९% |
| सन् २०२२ | १०.७% | ६३.१% | २५.३% | ०.९% |

*तालिका ५.९.१: Q-E13a. तपाई आफ्नो नगरपालिका/गाउँपालिकामा सडकको गुणस्तर कसरी मूल्याङ्कन गर्नुहुन्छ? (संख्या = १०१०)*

बहुसंख्यक उत्तरदाताहरु (८९.१%) ले स्थानीय सरकार नै सडकको निर्माण र मर्मतका लागि प्रमुख जिम्मेवार निकाय भएको उल्लेख गरेका छन् । यसो भन्ने उत्तरदाताहरूको अनुपात प्रत्येक सर्वेक्षणमा निकै र लगभग उस्तै रहेको छ ।

**सडक मर्मत सम्भारको लागि जिम्मेवार निकाय, बर्ष अनुसार**





*चित्र ५.९.१: Q- E13b. तपाईको स्थानीय क्षेत्रमा सडक निर्माण र मर्मत सम्भारको लागि मुख्यरूपमा कुन सरकारको प्रमुख जिम्मेवारी हो जस्तो लाग्छ? (संख्या = १०१०)*

**सडक सेवाको गुणस्तरमा सकारात्मक र नकारात्मक परिवर्तनहरू**

सडकको गुणस्तरमा सकारात्मक परिवर्तन भएको छ भनि उल्लेख गर्ने कोशी प्रदेशका उत्तरदाताहरूको हिस्सा सन् २०२० मा रहेको ६८.१% को तुलनामा घटेर सन् २०२२ मा ६४.१% पुगेको छ । सन् २०२२ मा सडकको गुणस्तरमा नकारात्मक परिवर्तन भएको छ भनेर जानकारी दिने उत्तरदाताहरूको अनुपातमा भने वृद्धि भएर ५.९% पुगेको छ । जबकि, सन् २०२० मा १.८% उत्तरदाताहरूले सडकको गुणस्तरमा नकारात्मक परिवर्तन भएको छ भनेर उल्लेख गरेका थिए । सन् २०२२ मा, गत एक बर्षमा सडकको गुणस्तरमा कुनै परिवर्तन नभएको भन्ने उत्तरदाताहरूको अनुपात (२९.६%) रहेको छ । सन् २०२२ मा, अन्य प्रदेशका उत्तरदाताहरूको तुलनामा गत एक बर्षमा सडकको गुणस्तरमा सकारात्मक परिवर्तनहरू भएको छ भनेर उल्लेख गर्ने उत्तरदाताहरूको सबैभन्दा बढी हिस्सा कोशी प्रदेशमा रहेको छ ।

**सडकको गुणस्तरमा भएको परिवर्तन, बर्ष अनुसार**




*चित्र ५.९.२: Q-E13c. विगत एक बर्षमा यहाँका स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका बाटो-घाटोको गुणस्तरमा कुनै किसिमको परिवर्तन भएको जस्तो लाग्छ? (संख्या = १०१०)*

### सडकको गुणस्तरमा सकारात्मक परिवर्तन हुनुको कारणहरू


सडकको गुणस्तरमा सकारात्मक परिवर्तन भएको उल्लेख गर्ने (६४.१%) उत्तरदाताहरूलाई त्यस्तो लाग्नुको कारणहरु पनि सोधिएको थियो । यस प्रश्नमा उनीहरूलाई एक भन्दा बढी कारणहरू उल्लेख गर्न सक्ने बताइएको थियो । नयाँ सडक निर्माण हुनुलाई नै सडकको गुणस्तरमा आएको सकारात्मक परिवर्तनको प्रमुख कारणको रूपमा कोशी प्रदेशका आधाजसो ४८.६% उत्तरदाताहरूले लिएका छन् । यस्तैगरी, सडक फराकिलो र स्तरोन्नति हुनु (४२.१%), थप सडकहरु कालोपत्र हुनु (३५.५%), सरकारले विद्यमान सडकहरूको अवस्था ठीकसँग स्तरोन्नति गर्नु (२९.३%), सरकारले क्षतिग्रस्त सडकको छिटो मर्मत गर्नु (२६%) लाई पनि कोशी प्रदेशका उत्तरदाताहरूले सडकको गुणस्तरमा आएको सकारात्मक परिवर्तनको अन्य कारणको रूपमा उल्लेख गरेका छन् ।

### सडकको गुणस्तरमा नकारात्मक परिवर्तन हुनुको कारणहरू

सडकको गुणस्तरमा नकारात्मक परिवर्तन भएको उल्लेख गर्ने ७.३% उत्तरदाताहरूलाई पनि त्यस्तो लाग्नुको कारणहरु सोधिएको थियो । अधिकांश उत्तरदाताहरूले विद्यमान सडकको बिग्रँदो अवस्था, (७१.४%), क्षतिग्रस्त सडक मर्मतमा ढिलाई (६१.२%), बाढी र पहिरो आउनु (४०.८%), निर्माण गर्नुपर्ने सडक नबन्नु (२९.९%) लाई कोशी प्रदेशका उत्तरदाताहरूले सडकको गुणस्तरमा आएको नकारात्मक परिवर्तनको प्रमुख कारणको रूपमा उल्लेख गरेका छन् ।

### सडक सेवाको गुणस्तर सुधारको लागि सुझाव

अधिकांश (७५.१%) उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा सडकको गुणस्तर सुधार गर्न सडक कालोपत्रे गर्नुपर्ने, अवस्थित सडकहरूको उचित स्तरोन्नति गर्नुपर्ने (५८.४%) र क्षतिग्रस्त सडकहरूको तत्काल मर्मतसम्भार गर्नुपर्ने (५१.८%) सुझाव दिएका छन् । उत्तरदाताहरूले दिएका अन्य सुझावहरूमा सडकहरूको उचित डिजाइन गर्नुपर्ने (३१.१%) र सडक सम्बन्धी योजना/छलफलमा स्थानीय जनतालाई समावेश गर्नुपर्ने (२२.८%) कुरा उल्लेख गरेका छन् ।




*चित्र ५.९.३: Q-E13f. स्थानीय क्षेत्रमा (गाउँपालिका/नगरपालिकामा) रहेका सडक सेवाको गुणस्तर सुधार गर्न के गर्नुपर्छ? (संख्या = १०१०)*

## ५.१०. कर

सर्वेक्षणमा देशमा भएको विद्यमान करको बारेमा जनताको धारणा बुझ्न उत्तरदाताहरूलाई विगत एक बर्षमा के कस्ता किसिमका करहरू तिर्नुभयो भनेर सोधिएको थियो । साथै, करको दरहरु प्रतिको राय थाहा पाउन करसंग सम्बन्धित विभिन्न प्रकारका भनाई पनि पढेर सोधिएको थियो । कोशी प्रदेशका करीब ८५.५% उत्तरदाताहरूले विगत एक वर्षभित्र एक वा एकभन्दा बढी प्रकारका करहरु तिरेको उल्लेख गरेका छन् । विगत एक वर्षमा कोशी प्रदेशका बासिन्दाले सबैभन्दा बढी सवारी कर (७९.६%), भूमि कर (७६.४%), सम्पत्ति कर (६६%), मनोरञ्जन कर (६२.९%) र व्यापार कर (५१.७%) तिरेको बताएका छन् । उत्तरदाताहरूको अलि सानो हिस्साले गत बर्ष घर भाडा कर (२९.६%), भूमि दर्ता कर (३६.३%), व्यक्तिगत आयकर (२९.९%), र पारिश्रमिक कर (३८.०%) आदि जस्ता अन्य करहरु पनि तिरेको उल्लेख गरेका छन् ।

सन् २०१८ देखिको सर्वेक्षणको तथ्याङ्कलाई तुलना गरेर हेर्दा, हरेक बर्ष कुनै न कुनै कर तिर्ने उत्तरदाताहरूको संख्यामा वृद्धि भएको देखिन्छ । उदाहरणका लागि, ५.१% ले सन् २०१८ मा सम्पत्ति कर तिरेको उल्लेख गरेकोमा, यो बढेर सन् २०२० मा ५५.१% पुगेको थियो भने सन् २०२२ मा यो हिस्सामा वृद्धि भई ६६% पुगेको छ । त्यसैगरी, सन् २०१८ र सन् २०२० को तुलनामा सन् २०२२ मा कोशी प्रदेशका ठूलो हिस्साले सवारी साधन, जग्गा, घर भाडा कर र व्यक्तिगत आयकर तिरेको उल्लेख गरेका छन् (तालिका ५.१०.१) ।

अधिकांश उत्तरदाताहरूले हालको विभिन्न प्रकारका करको दरमा आएको परिवर्तनबारे आफू अनभिज्ञ रहेको जानकारी दिएका छन् । तर सम्पत्ति, सवारी साधन र जग्गा कर तिरेको उल्लेख गर्ने उत्तरदाताहरूको ठूलो हिस्साले गत बर्षको तुलनामा यस बर्ष ती करको दर बढेको बताए । त्यसैगरी, घरभाडा कर, व्यक्तिगत आयकर, जग्गा दर्ता कर, व्यवसाय कर र मनोरञ्जन कर तिर्ने उत्तरदाताहरूको उल्लेख्य अंशले पनि करको दर गत बर्षको तुलनामा यो बर्ष धेरै भएको उल्लेख गरेका छन् (तालिका ५.१०.१) ।

**हालको करप्रतिको दृष्टिकोण,[१४] बर्ष अनुसार**

| कर को प्रकार | के तपाईंले वा तपाईंको परिवारले पछिल्लो एक वर्षभित्र निम्न प्रकारका करहरू तिर्नु भएको छ? | | | संख्या | यदि तिर्नु भएको छन् भने, के तपाईँलाई करको वर्तमान स्तर उपयुक्त छ जस्तो लाग्छ? | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०१८ | २०२० | २०२२ | | गत वर्षको भन्दा बढी | गत वर्षको भन्दा कम | गत वर्षको जस्तै | थाहा छैन |
| सम्पत्ति कर | ५.१% | ५५.१% | ६६.०% | ५५६ | ७२.३% | १.१% | १६.८% | ९.८% |
| घर भाडा कर | १.८% | १५.४% | २९.६% | ५६ | ५८.६% | १.४% | ३२.६% | ७.४% |
| व्यक्तिगत आयकर | ८.६% | २२.५% | २९.९% | ६९ | ४८.०% | ४.२% | ४२.७% | ५.२% |
| व्यापार कर | ५८.२% | २९.६% | ५१.७% | १२० | ६५.३% | ५.६% | १५.४% | १३.६% |
| सवारी साधन कर | २.२% | ५४.७% | ७९.६% | ३३१ | ८४.८% | ०.०% | ११.८% | ३.४% |
| जग्गा दर्ता कर | २.८% | ४७.०% | ३६.३% | ८८ | ८३.१% | २.५% | ६.३% | ८.०% |
| मनोरञ्जन कर | ०.१% | ४९.१% | ६२.९% | ३३१ | ६८.९% | १.२% | १९.३% | १०.६% |
| जग्ग कर | ०.१% | ६८.५% | ७६.४% | ६०१ | ७२.६% | ०.८% | १६.८% | ९.८% |
| विज्ञापन कर | १.२% | १५.६% | १३.०% | १५ | ९४.७% | ०.०% | ५.३% | ०.०% |
| कृषि आयकर | १३.८% | ७.३% | ७.०% | १८ | ८४.०% | ४.५% | ७.२% | ४.४% |
| संस्थागत आय कर | १५.८% | १३.५% | ७.७% | ८ | ८१.३% | ९.२% | ९.५% | ०.०% |
| पारिश्रमिक कर | ०.४% | १४.०% | ३८.०% | १०९ | २४.२% | ०.७% | ४९.७% | २५.५% |

*तालिका ५.१०.१: Q-E15Ai-Mi. के तपाईले वा तपाईको परिवारले पछिल्लो एक वर्षमा निम्न प्रकारका कर/सेवा शुल्क/शुल्कहरु तिर्नुभएको छ ? E15A-M. [Q-E15 Ai-Mi मा यदि छ भन्ने जवाफ आएमो के तपाईलाई कर/सेवा शुल्क/शुल्कको हालको स्तर उपयुक्त छ जस्तो लाग्छ ? ('कर नतिरेको', 'लागू नहुने' र 'भन्न चाहान्न' भन्ने उत्तर समावेश गरिएको छैन)*

१४ सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई विभिन्न करको शीर्षक पढेर गएको एक बर्षमा कुनै किसिमको कर तिर्नुभयो कि भएन भनेर सोधिएको थियो । कर तिरेको छु भन्ने उत्तरदाताहरूलाई मात्र करको दरप्रतिको धारणा सोधिएको थियोः यस प्रश्नको सम्भावित विकल्पहरूमाः करको दर गत बर्षभन्दा बढी, गत बर्षभन्दा कम, कर नतिरेको, लागू नहुने, भन्न चाहान्न र थाहा छैन भन्ने उत्तर राखिएको थियो । यस प्रश्नको विश्लेषणमा कर तिरको छु भन्नेलाई मात्र समावेश गरिएको थियो ।

कोशी प्रदेशमा एक बर्षमा कुनै न कुनै कर तिर्ने अधिकांश (६४.१%) उत्तरदाताहरूले कर/सेवा शुल्क तिर्ने प्रक्रिया सजिलो भएको बताएका छन् । तर उत्तरदाताहरूको सानो हिस्सा (१०.७%) ले भने कर तिर्दा असुविधा महसुस गरेको बताएका छन् । सन् २०२० को तुलनामा सन् २०२२ मा कर वा सेवा शुल्क/शुल्क तिर्न सजिलो भएको उल्लेख गर्ने उत्तरदाताहरूको संख्यामा केही वृद्धि भएको देखिन्छ ।

**कर तिर्न सहज सुविधा**

कर/सेवा शुल्क तिर्न गाह्रो भएको बताउने १०.७% उत्तरदाताहरूलाई प्रक्रियालाई सहज बनाउन के गर्न सकिन्छ भनेर सोधिएको थियो । जवाफमा, उत्तरदाताहरूले मुख्य दुई सुझावहरु घरदैलोमा कर/सेवा शुल्क सङ्कलन गर्ने (५७.३%) र (५६.९%) ले भने करका लागि वडा कार्यालयमा कर्मचारी खटाई वडा कार्यालयमा नै सबै करहरु तिर्ने व्यवस्था हुनुपर्ने बताएका छन् ।

**कर प्रतिको दृष्टिकोण**

कोशी प्रदेशका धेरैजसो नेपालीहरूले आफूलाई करको बारेमा स्पष्ट बुझाई नभएको बताएका छन् । साथै, उनीहरूले सरकारले कर सङ्कलन र कर खर्च कसरी गर्छ भन्नेबारे स्पस्ट जानकारी पाए हुन्थ्यो भन्ने जिज्ञासा राखेका छन् । सर्वेक्षणमा करको बारेमा औसत नेपालीको बुझाई जान्न उत्तरदाताहरूलाई कर सम्बन्धी कथनहरु पढेर सोधिएको थियो, जसमा उनीहरूले "पूर्ण सहमत", "सहमत", "असहमत" वा "पूर्ण असहमत" भनेर जवाफ दिन सक्थे ।

धेरैजसो उत्तरदाताहरूले सोधिएको कर प्रतिको भनाईमा आफूले अझ बढी जान्न खोजेको कुरामा सहमति ("सहमत" र "पूर्ण सहमत" जोड्दा) व्यक्त गरेका छन् । ९७.२% उत्तरदाताहरूले विभिन्न तहका सरकारले कसरी जनताबाट कर सङ्कलन गर्छ भन्ने बारेमा अझ स्पष्ट जानकारी पाएको भए हुन्थ्यो, ९८.१% उत्तरदाताहरूले सरकारले संकलित कर कसरी खर्च गर्छ भन्ने कुरामा अझै धेरै जानकारी पाएको भए हुन्थ्यो र ९८% उत्तरदाताहरूले कर तिरेको बापतमा जनताले के फाइदा पाउँछन् भन्ने बारेमा अझ स्पष्ट जानकारी पाएको भए हुन्थ्यो भन्ने कुरामा सहमति व्यक्त गरेका छन् । विगतका सर्वेक्षणमा जस्तै यसपटक पनि आधाभन्दा थोरै (४६.१%) उत्तरदाताहरूले मात्र सरकारले जनताले तिरको करको सही रूपमा प्रयोग गरेको छ भन्ने विश्वास गरेको देखिन्छ ।


**कर तिर्दा अतिरिक्त नगद वा उपहार दिएको अनुभव**

कोशी प्रदेशका सय मध्ये करीब दुई जना उत्तरदाताहरूले कर तिर्दा अतिरिक्त नगद वा उपहार दिएको अनुभव गरेका छन् । कर तिर्ने क्रममा सरकारले तोकेको बाहेक केही अतिरिक्त नगद वा उपहार दिनुपरेको तिनीहरूले बताएका छन् । कर तिर्दा आफूले अतिरिक्त नगद वा कुनै प्रकारको उपहार दिएको बताउने २.२% उत्तरदाताहरूमध्ये ५६.८% ले अतिरिक्त नगद वा उपहार तेस्रो पक्ष/दलाललाई, ३६.१% ले स्थानीय सरकारका कर्मचारीलाई, १८.५% ले निर्वाचित जनप्रतिनिधिलाई, १४.८% ले संघीय सरकारका कर्मचारीलाई, १८.६% ले प्रादेशिक सरकारका कर्मचारीलाई दिएको उल्लेख गरेका छन् ।

**राम्रो सेवाको लागि थप स्थानीय कर तिर्न इच्छुक**

सर्वेक्षण बर्षहरू अनुसार हेर्दा, सेवाको गुणस्तरमा सुधार भएमा स्थानीय कर बढी तिर्न इच्छुक भएको बताउने उत्तरदाताहरूको संख्या क्रमशः घटेको देखिन्छ । सन् २०२० मा उत्तरदाताहरूको सबैभन्दा कम हिस्सा (४४.०%) ले राम्रो सेवाहरूको बदलामा थप कर/सेवा शुल्क तिर्ने बताएका छन् । सन् २०२२ मा उत्तरदाताहरूको यो अंशमा १९.९% अंकले बृद्धी भई ६३.९% पुगेको छ । त्यसैगरी, सेवाको गुणस्तरमा सुधार भएपनि थप कर तिर्न नचाहने उत्तरदाताहरूको हिस्सामा वृद्धि भएको छ । सन् २०१७ मा रहेको ८.९% बाट बृद्धी भई सन् २०२० मा ५४% र सन् २०२२ मा उत्तरदाताहरूको हिस्सामा केहि गिरावट आई ३२.४% भएको छ ।

**राम्रो सेवाको लागि थप स्थानीय कर तिर्न इच्छुकता, बर्ष अनुसार**




*चित्र ५.१०.४: Q-E16. यदि स्थानीय निकायले प्रदान गर्ने सेवा सुविधा (जस्तै: बाटो-घाटो, स्वास्थ्य, शिक्षा) को गुणस्तर बढेमा के तपाई अहिलेको भन्दा बढी स्थानीय कर वा सेवा शुल्क तिर्न इच्छुक हुनुहुन्छ? (संख्या = १००१) ('भन्न चाहान्न' भन्ने उत्तर समावेश गरिएको छैन)*

## ५.११. भ्रष्टाचार

**उपलब्ध सेवाहरूमा भ्रष्टाचार**

कोशी प्रदेशका उत्तरदाताहरूलाई विभिन्न नौ कसिमका सेवाहरू लिँदा जस्तैः सवारी साधनसम्बन्धी सेवा लिन, जग्गासम्बन्धी सेवाहरु प्राप्त गर्न, विभिन्न सरकारी कागजातहरु प्राप्त गर्न, बैंकिङसम्बन्धी सेवाहरु प्राप्त गर्न, प्रहरीबाट सेवा लिन, अदालतबाट सेवा लिन, रोजगारीको सेवा लिन, सरकारबाट स्वास्थ्य सेवा लिन र विद्यालय वा विश्वविद्यालयमा भर्ना लिने जस्ता विभिन्न कसिमका सेवाहरू लिंदा कसैलाई घुस दिनुपरेको थियो कि थिएन भनेर सोधिएको थियो ।

सन् २०२२ मा कोशी प्रदेशका थोरै (०.२% देखि १.८% बीच) उत्तरदाताहरूले मात्र तालिका ५.११.१ मा सूचीबद्ध नौ विभिन्न सेवाहरु प्राप्त गर्न घुस तिर्नुपरेको स्वीकार गरेका छन्, जबकि, जबकि नौमध्ये सात कसिमका सेवाहरुमा बहुमत उत्तरदाताहरूले 'यस्तो प्रकारको सेवा आवश्यक नभएको' भनेर उल्लेख गरेका छन् । उत्तरदाताहरूको सबैभन्दा बढी हिस्साले विगत एक वर्षमा आफूहरूलाई अदालतबाट कुनै पनि सेवा (८०.४%), प्रहरी बाट सेवा (७७.६%) र रोजगारी खोजी (७४.९%) जस्ता सेवाहरु आवश्यक नभएको बताएका छन् ।

कुल उत्तरदाताहरूको ०.२ देखि १.८% ले यस्ता सेवाहरु प्राप्त गर्न घुस तिरेको उल्लेख गरेका छन् । करीब १.८% उत्तरदाताहरूले जग्गा सम्बन्धी सेवाहरु (जमिन किन्ने, बेच्ने, हस्तान्तरण गर्ने वा जग्गा कर तिर्ने, प्लटिङ गर्ने आदि) का लागि, १.६% उत्तरदाताहरूले सवारी साधन सम्बन्धी सेवाहरु (लाइसेन्स प्राप्त गर्ने/नविकरण गर्ने/ब्लुबुक, नाम हस्तान्तरण, इत्यादि) का लागि र ०.५% उत्तरदाताहरूले विभिन्न सरकारी कागजातहरु प्राप्त गर्ने सम्बन्धित सेवाहरु (नागरिकता, जन्म, विवाह, मृत्यु प्रमाणपत्र, इत्यादि) का लागि (तालिका ५.११.१) घुस दिएको उल्लेख गरेका छन् । उत्तरदाताहरूको सानो अंशले तालिकामा सूचीबद्ध अन्य सेवाहरु प्राप्त गर्न घुस तिरेको बताए ।

**सेवाको लागि घुस दिनुपरेको, बर्ष अनुसार**

| | जग्गा/ मालपोत सम्बन्धित काम गर्दा | सरकारी कागजात निकाल्दा | प्रहरीबाट सेवा लिंदा | न्यायलय, अदालतबाट सेवा लिंदा | जागिर खोज्दा | स्वास्थ्य सेवा लिदा | बिधालय वा विश्वविधालयमा भर्ना गर्दा | यातायात सम्बन्धि सेवाहरू लिदा | बैंकिङ सम्बन्धित सेवाहरू लिदा |
|---|---|---|---|---|---|---|---|---|---|
| सन् २०१७ | ९.९% | ५.४% | ३.४% | ३.४% | ३.०% | १.०% | ०.९% | | |
| सन् २०१८ | ४.०% | २.२% | २.४% | १.९% | ४.०% | ०.१% | | | |
| सन् २०२० | ३.०% | १.५% | १.२% | ०.८% | ०.८% | ०.३% | ०.२% | ४.२% | २.१% |
| सन् २०२२ | १.८% | ०.५% | ०.३% | ०.२% | ०.५% | ०.९% | ०.८% | १.६% | ०.६% |

*तालिका ५.११.१: Q-E17a-g. तपाईले विगत एक बर्ष भित्रमा उल्लेखित कुनै पनि सेवा सुविधा लिंदा कुनै कर्मचारीलाई सरकारले तोकेको भन्दा बढी पैसा वा उपहार वा कुनै सहयोग गर्नुपरेको थियो? (संख्या = १०१०) ('थाहा छैन', र 'भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


## ५.१२. स्थानीय शासन प्रक्रिया प्रतिको जनचेतना र सहभागीता

**स्थानीय शासन प्रक्रियाप्रतिको जनचेतना र सहभागिता**

कोशी प्रदेशका करीब तीन चौथाई (७२.४%) उत्तरदाताहरू चालू आर्थिक बर्षका लागि आफ्नो स्थानीय सरकारले कार्यान्वयनका लागि बनाएका कुनै पनि विकास आयोजना वा बजेटबारे अनभिज्ञ रहेका छन् । अधिकांश उत्तरदाताहरूले आफ्ना स्थानीय सरकारका परियोजनाहरूबारे जानकारी नभएको बताएका छन् भने एक तिहाइ भन्दा थोरै (२७.६%) उत्तरदाताहरूले आफ्नो गाउँपालिकाले/नगरपालिकाले कार्यान्वयन लागि बनाएका योजना वा बजेटको बारेमा जानकारी भएको बताएका छन् ।

आफ्नो स्थानीय सरकारले कार्यान्वयनका लागि बनाएका कुनै पनि विकास आयोजना वा बजेटबारे सचेत रहेको बताउने उत्तरदाताहरूको अंशमा सन् २०१८ देखि सन् २०२२ सम्म कुनै उल्लेखनीय परिवर्तन देखिदैन (अर्थात् सन् २०१८ मा २८.१%, सन् २०२० मा २९.५% र सन् २०२२ मा २७.६%) । आफ्नो स्थानीय सरकारले कार्यान्वयनका लागि बनाएका कुनै पनि विकास आयोजना वा बजेटबारे आफूलाई जानकारी छ भन्ने उत्तरदाताहरूको अनुपात सन् २०२० को तुलनामा सन् २०२२ मा घटेको छ (चित्र ५.१२.१) ।

**स्थानीय सरकारको विकास परियोजनाहरूको बारे जानकार, बर्ष अनुसार**





*चित्र ५.१२.१: Q-E18. के तपाईलाई यस आर्थिक वर्षमा स्थानीय सरकारले कार्यान्वयन गरेको कुनै विकास परियोजना वा बजेट कार्यन्वयनको लागि बनाईएको योजनाको बारेमा जानकारी छ? (संख्या = १०१०)*

**स्थानीय सरकारको सेवाको प्राथमिकता**

सर्वेक्षणमा स्थानीय सरकारले उपलब्ध गराउनुपर्ने विभिन्न १६ वटा सेवाहरु जस्तैः स्वास्थ्य, शिक्षा, कृषि, पूर्वाधार लगायतको सूची पढेर सुनाई ती सेवाहरूमध्ये स्थानीय सरकारले कुन सेवालाई धेरै प्राथमिता दिनुपर्छ भनेर सोधिएको थियो । जवाफमा, उत्तरदाताहरूले शिक्षा-सम्बन्धित सेवाहरु (३०.५%), सडक/ भौतिक पूर्वाधार (२७.४%), स्वास्थ्य सेवा (१७.९%) लाई स्थानीय सरकारले प्रमुख प्राथमिकतामा राख्नुपर्ने राय व्यक्त गरेका छन् । त्यसैगरी, अन्य प्रमुख प्राथमिकतामा राख्नुपर्नेमा खानेपानी र रोजगारी सम्बन्धी सेवाहरु (८.३% प्रत्येक) रहेका छन् ।

तीन सर्वेक्षण बर्ष, सन् २०१८, सन् २०२० र सन् २०२२ मा स्थानीय सरकारले सडकलाई प्राथमिकताको दिनुपर्छ भनेर विश्वास गर्ने उत्तरदाताहरूको हिस्सा लगातार घट्दै गइरहेको छ । उत्तरदाताहरूको यो हिस्सा सन् २०१८ मा रहेको ४४.२% बाट घटेर सन् २०२० मा ३१.६% र सन् २०२२ मा २७.४% पुगेको छ । अर्कोतर्फ, सन् २०१८ र सन् २०२० को तुलनामा सन् २०२२ मा 'शिक्षासँग सम्बन्धित सेवा' र 'स्वास्थ्य सम्बन्धी सेवा' लाई स्थानीय सरकारले पहिलो प्राथमिकताको दिनुपर्छ भनेर विश्वास गर्ने उत्तरदाताहरूको हिस्सा लगातार बढेको देखिन्छ ।

**स्थानीय सरकारले प्राथमिकतामा राख्नुपर्ने सेवाहरू, बर्ष अनुसार**





*चित्र ५.१२.२: Q-E19. तपाईंको विचारमा स्थानीय सरकारले कुन चाहिँ सेवालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ जस्तो लाग्छ? (संख्या = १०१०)*

**सार्वजनिक सुनुवाई प्रक्रिया प्रतिको जनचेतना र सहभागीता**

कोशी प्रदेशका (१७.६%) उत्तरदाताहरूले विगत एक बर्षमा आफ्नो वडा वा नगरपालिकामा कम्तीमा एउटा सार्वजनिक सुनुवाई भएको जनाएका छन् । आफ्नो वार्ड वा नगरपालिकामा कम्तीमा एउटा सार्वजनिक सुनुवाई भएको छ भन्ने उत्तरदाताहरूको अनुपात सन् २०२० मा रहेको २४.४% को तुलनामा सन् २०२२ मा घटेको (१७.६%) छ । आफ्नो वार्ड वा नगरपालिकामा कम्तीमा एउटा सार्वजनिक सुनुवाई भएको वा नभएको थाहा छैन भन्ने उत्तरदाताहरूको अनुपात सन् २०२० को तुलनामा सन् २०२२ मा बृद्धी भएको छ ।

कोशी प्रदेशमा तराई क्षेत्रका (१६.७%) उत्तरदाताहरु भन्दा हिमाली क्षेत्रका बढी (२६.३%) उत्तरदाताहरु विगत बर्षमा आफ्नो वडा/नगरपालिकामा भएको सार्वजनिक सुनुवाई बारे सचेत भएको जनाएका छन् । आफ्नो वडा वा नगरपालिकामा भएको सार्वजनिक सुनुवाइबारे सचेत हुने उत्तरदाताको अनुपात ग्रामीण (१७.४%) र शहरी नगरपालिका (१७.७%) लगभग समान रहेको देखाएको छ ।

**नगरपालिका/गाउँपालिका/वडामा सार्वजनिक सुनुवाइको सचेतना, बर्ष अनुसार**




*चित्र ५.१२.३: Q-E20. पछिल्लो एक बर्षमा तपाईको वडा/गाउँपालिका/नगरपालिकामा सार्वजनिक सुनुवाई भएको छ ? (संख्या = १०१०)*

विगतका सर्वेक्षणहरूमा, आफ्नो वडा वा नगरपालिकामा कम्तीमा पनि एउटा सार्वजनिक सुनुवाई भएको जनाउने उत्तरदाताहरू मध्ये ४३.७% ले यस्तो सुनुवाई कार्यक्रममा भाग नलिएको जनाएका छन् । १८.२% उत्तरदाताहरूले धेरैजसो सार्वजनिक सुनुवाईमा भाग लिएको बताएका छन् भने ३८.१% ले कहिलेकाहीं आफ्ना स्थानीय नगरपालिकाहरूमा आयोजित सार्वजनिक सुनुवाईहरूमा भाग लिएको उल्लेख गरेका छन् ।

सन् २०१८ मा (९१.७%) उत्तरदाताहरूले कुनै पनि सार्वजनिक सुनुवाईमा भाग नलिएको जनाएका थिए । उत्तरदाताहरूको यो हिस्सा सन् २०२० मा उल्लेखनीय रूपमा घटेर (५८.२%) भएको थियो र सन् २०२२ मा यो हिस्सा अझै घटेको (४३.७%) छ । यसको विपरीत, धेरैजसो सार्वजनिक सुनुवाईमा भाग लिएको वा कहिलेकाहीं आफ्ना स्थानीय नगरपालिकाहरूमा आयोजित सार्वजनिक सुनुवाईहरूमा भाग लिएको उल्लेख गर्ने मानिसहरूको अनुपात सर्वेक्षण बर्षहरूमा क्रमशः बढ्दै गएको छ ।

### सार्वजनिक लेखा परीक्षण प्रक्रिया प्रतिको जनचेतना र सहभागीता

सन् २०२२ मा कोशी प्रदेशका सानो संख्याले मात्र विगत बर्षमा आफ्नो वडा/नगरपालिकामा सार्वजनिक लेखापरीक्षण गरिएको बारेमा थाहा भएको जनाएका छन् । लगभग १२.२% उत्तरदाताहरूले मात्र विगत एक बर्षमा आफ्नो स्थानीय क्षेत्रमा कम्तीमा एउटा सार्वजनिक लेखापरीक्षण भएको बताएका छन्, जसमध्ये ३८.९% ले सार्वजनिक लेखापरीक्षणमा सहभागी नभएको उल्लेख गरेका छन् । २६.३% उत्तरदाताहरूले नियमित रूपमा सार्वजनिक लेखापरीक्षणमा भाग लिएको बताएका छन् भने ३४.८% ले कहिलेकाहीं मात्र स्थानीय नगरपालिकाहरूमा सञ्चालन गरिएका सार्वजनिक लेखापरीक्षणमा भाग लिएको उल्लेख गरेका छन् ।

सन् २०१८ र सन् २०२२ को बीचमा सामुदायिक विकास कार्यक्रमहरूको कुनै पनि सार्वजनिक लेखापरीक्षणमा कहिल्यै भाग नलिएको भनेर उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात सन् २०१८ को ९६.९% बाट क्रमश घटेर सन् २०२० मा ६६.७% र सन् २०२२ मा ३८.९% मा झरेको छ । यसबाट सार्वजनिक लेखापरीक्षण कार्यक्रममा जनताको सहभागीता बिस्तारै बढ्दै गएको छ भन्ने देखिन्छ ।

**स्थानीय विकास योजनाहरूको तयारी/कार्यान्वयन प्रक्रियामा सहभागीता**

कोशी प्रदेशमा स्थानीय विकास योजना प्रक्रियामा वा त्यस्ता योजना र कार्यक्रमहरूको कार्यान्वयनमा सहभागी हुने उत्तरदाताहरूको संख्या अझै थोरै रहेको देखिन्छ । तपाई आफ्नो वडा/नगरपालिकामा कुनै स्थानीय विकास योजनाहरु तयार गर्दा वा ती योजनाहरु कार्यान्वयन गर्दा भाग लिनुभएको थियो भनी सोध्दा, १४.६% उत्तरदाताहरूले मात्र भाग लिएको बताएका छन् । त्यसैगरी, ८.६% उत्तरदाताहरूले तीमध्ये केहीमा भाग लिएको बताएका छन् । जबकि, ५.७% ले प्रायजसो तयारी र कार्यान्वयन प्रक्रियामा भाग लिएको बताएका छन् । सन् २०२२ मा उत्तरदाताहरूको योजना र कार्यक्रमहरूको कार्यान्वयनमा सहभागीता सन् २०२० संग तुलना गर्दा लगभग समान रहेको छ भने पुरूषको तुलनामा महिलाको सहभागीता कम रहेको देखिन्छ ।


स्थानीय विकास योजना प्रक्रियामा वा त्यस्ता योजना र कार्यक्रमहरूको कार्यान्वयन गतिविधिमा सहभागी भएको छु भनेर बताउनेहरूको संख्या हेर्दा, सबैभन्दा बढी जनसहभागीता सडक र भौतिक पूर्वाधार (६१.५%), खानेपानी सम्बन्धी (३९.५%), शिक्षा सम्बन्धी (३६.१%), बिजुली सम्बन्धी (२६.५%) र स्वास्थ्य सेवा सम्बन्धी (२५.४%) योजना कार्यक्रममा रहेको देखिन्छ ।

## ५.१३. निर्वाचित पदाधिकारीहरूप्रतिको धारणा

**स्थानीय जनताप्रति निर्वाचित पदाधिकारीको चासो**

सर्वेक्षणमा कोशी प्रदेशका उत्तरदाताहरूलाई निर्वाचित मेयर, उपमेयर, वडाध्यक्ष र वडा सदस्यहरूले उनीहरूको बारेमा ख्याल गर्दछन् भनेर सोधिएको थियो । जवाफमा उत्तरदाताहरुको ठूलो हिस्साले जननिर्वाचित जनप्रतिनिधिले केही हदसम्म आमजनताको ख्याल राखेका छन् भनी विश्वास ब्यक्त गरेका छन् । कोशी प्रदेशका उत्तरदाताहरूले मेयर र उपमेयरले भन्दा आफ्ना वडाध्यक्ष र वडा सदस्यहरूले उनीहरूको वास्ता गर्छन् भन्ने बताएका छन् । कोशी प्रदेशका उत्तरदाताहरूमध्ये आधाभन्दा कम (४६.८%) ले आफ्ना वडा सदस्यहरु, (४५.४%) ले आफ्ना वडाध्यक्ष, ३९.४% ले आफ्ना उपमेयर र ३९.४% उत्तरदाताहरूले आफ्ना मेयर केही हदसम्म जनताको ख्याल गर्दछन् भन्ने कुरामा विश्वास गरेको देखिन्छ । उत्तरदाताहरुको सानो अनुपातले भने उनीहरूका निर्वाचित प्रतिनिधिहरूले सामान्य जनताको 'धेरै चासो राख्ने' विश्वास गर्छन भने अर्कोतर्फ, कोशी प्रदेशका लगभग ४०% उत्तरदाताहरूले आफ्नो निर्वाचित पदाधिकारीहरु मेयर र उपमेयर ले उनीहरूको वास्ता गर्दैनन् भन्ने विश्वास गर्छन साथै एक चौथाइ उत्तरदाताहरुको वडाध्यक्ष र वडा सदस्यका प्रती उस्तै विश्वास रहेको छ ।

**स्थानीय जनताप्रति निर्वाचित पदाधिकारीको चासो**





*चित्र ५.१३.१: Q-F1i–iv. निम्न सरकारी निकायमा निर्वाचित जनप्रतिनिधिहरूको बारेमा तपाईको धारणा के छ ? के तपाईलाई लाग्छ कि उनीहरूले स्थानीय जनताको ख्याल राख्छन् ? (संख्या = १०१०)*

## ५.१४. स्थानीय सरकारको उत्तरदायित्वप्रतिको धारणा

सन् २०२२ मा कोशी प्रदेशका दुई तिहाईभन्दा कम उत्तरदाताहरू (६२.३%) ले स्थानीय सरकारले जनताका आवश्यकताप्रति देखाएको तदारूकता/संवेदनसीलता गत बर्षको जस्तै रहेको जनाएका छन् । पाँचमध्ये एक उत्तरदाता (२७.६%) ले भने स्थानीय सरकारको तदारूकता/संवेदनसीलतामा सुधार भएको विश्वास गरेका छन् । सन् २०१८ र सन् २०२० मा करीब ५२% मा रहेको उत्तरदाताहरूको यो हिस्सामा र सन् २०२२ मा उल्लेखनीय रूपमा गिरावट आएको छ ।

**जनताका आवश्यकताहरूप्रति स्थानीय सरकारको तदारूकताप्रतिको धारणा, बर्ष अनुसार**





*चित्र ५.१४.१: Q-F1A. गत बर्षको तुलनामा स्थानीय सरकार (नगरपालिका/गाउँपालिका) जनताको आवश्यकताप्रति कत्तिको उत्तरदायी बनेको छ जस्तो लाग्छ? (संख्या = १०१०)*

**स्थानीय सरकारले प्रदान गरेका सेवाहरूप्रतिको सन्तुष्टि**

कोशी प्रदेशमा दुई तिहाई भन्दा बढी (६७.५%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले प्रदान गरेका सेवाहरु प्रति सन्तुष्ट रहेको जानकारी दिएका छन् भने अर्को हिस्सा (३२.५%) ले भने असन्तुष्ट रहेको बताएका छन् । स्थानीय सरकारले प्रदान गरेको सेवाबाट सन्तुष्ट हुनेहरूको हिस्सा सन् २०२० मा ६५.९% रहेको मा सन् २०२२ मा यो हिस्सामा केहि बृद्धी भई ६७.५% पुगेको छ । अर्कोतर्फ, असन्तुष्ट हुनेको अनुपात चाहिँ सन् २०२० मा रहेको ३४.१% बाट घटेर सन् २०२२ मा ३२.५% मा झरेको छ ।

**स्थानीय सरकारले प्रदान गरेका सेवाहरूप्रतिको सन्तुष्टि, प्रदेश अनुसार**





*चित्र ५.१४.२: Q-E13g. समग्रमा, के तपाई आफ्नो क्षेत्रको स्थानीय सरकारले (ग्रामीण नगरपालिका/नगरपालिका) प्रदान गरेका सेवाहरूबाट सन्तुष्ट हुनुहुन्छ? (संख्या = १००८) ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

**स्थानीय सरकारले प्रदान गरेको शिक्षा, स्वास्थ्य र सडक सेवाप्रतिको सन्तुष्टि**

सर्वेक्षणमा स्थानीय सरकारले प्रदान गरको शिक्षा, स्वास्थ्य र सडक सेवाप्रति उत्तरदाताहरु कत्तिको सन्तुष्ट छन् भनी बुझ्न खोजिएको थियो । उत्तरदाताहरूको सन्तुष्टिको स्तर मापनको लागि उनीहरूलाई शून्यदेखि दशसम्मको अंक दिन भनिएको थियो, जसमा शून्यले "धेरै असन्तुष्ट"; र दशले "धेरै सन्तुष्ट" संकेत गर्द थियो । यसरी हेर्दा, कोशी प्रदेशका उत्तरदाताहरूको यी सेवाहरु प्रतिको औसत सन्तुष्टिको स्तर ६.० देखि ६.५ अंकसम्म रहेको देखियो ( चित्र ५.१४.३) । सन् २०२० को तुलनामा सन् २०२२ मा सडक सम्बन्धी सेवाबाट बाहेक स्थानीय सरकारले प्रदान गरको शिक्षा, स्वास्थ्य सेवाहरुमा उत्तरदाताहरूको सन्तुष्टिको स्तरमा केहि बृद्धी भएको छ ।

**शिक्षा, स्वास्थ्य र सडक सम्बन्धी सेवाहरू प्रतिको औसत सन्तुष्टि, बर्ष अनुसार (अंक)**




*चित्र ५.१४.३: Q-E10H_a,b,c. आफ्नो क्षेत्रमा गाउँपालिका/नगरपालिकाले उपलब्ध गराएको शिक्षा, स्वास्थ्य र सडकसम्बन्धी सेवाहरुबाट तपाईं कत्तिको सन्तुष्ट हुनुहुन्छ? (शून्यदेखि दशको स्केलमा तपाईंको सन्तुष्टिको स्तरलाई मापन गर्नुहोस; जसमा शून्यले धेरै असन्तुष्ट प्रतिनिधित्व गर्दछ, पाँचले न असन्तुष्ट न सन्तुष्ट भन्ने जनाउँछ र दशले धेरै सन्तुष्ट प्रतिनिधित्व गर्दछ) (संख्या = १०१०)*


## ५.१५. स्थानीय निर्वाचन

सन् २०२२ मा सर्वेक्षणको तथ्याङ्क अनुसार, कोशी प्रदेशका अधिकांश उत्तरदाताहरू (८२.९Ü_n] :थानीय निर्वाचनमा मतदान गरेको बताएका छन् । सन् २०१७ र सन् २०२२ को तथ्याङ्क हेर्दा, स्थानीय निर्वाचनमा मतदान गर्ने उत्तरदाताहरुको अनुपातमा केही वृद्धि भएको देख्न सकिन्छ (२०१७ मा ८०.९% र २०२२ मा ८२.९%) ।

कोशी प्रदेशका उत्तरदाताहरुको ठूलो हिस्सा (९१.५%) ले सन् २०२२ को निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको मानेको छन्, जुन सन् २०१७ (९६.९%) को तुलनामा अलि कम रहेको छ । निर्वाचन स्वतन्त्र र निष्पक्ष नभएको उल्लेख गर्ने उत्तरदाताहरुको एकदम सानो हिस्सा (१.०%) ले भने स्थानीय निर्वाचनमा बल, पैसा र घुसको प्रयोग गरिएको (७५.%) र सुरक्षा राम्रो नभएको (५७.९%) धारणा व्यक्त गरेका छन् ।

कोशी प्रदेशको ८५.५% उत्तरदाताहरू सन् २०२२ को स्थानीय निर्वाचनको नतिजाबाट खुसी वा धेरै खुसी भएका छन् । स्थानीय चुनावले उनीहरुको जीवनमा पार्ने प्रभावको बारेमा सोध्दा आधाभन्दा बढी उत्तरदाताहरू (६४.०%) ले स्थानीय चुनावले उनीहरुको जीवनस्तरमा सुधार ल्याउने विश्वास गरेका छन् भने एक चौथाई उत्तरदाताहरुले (२५.४%) कुनै असर नगर्ने विश्वास व्यक्त गरेका छन् ।


स्थानीय निर्वाचनले आफ्नो जीवनस्तरमा सुधार ल्याउँछ भनेर विश्वास गर्ने उत्तरदाताहरुले निर्वाचनपछि सार्वजनिक सेवा प्रवाहमा सुधार हुने (७०.६%), नेताह¿ जवाफदेही हुने (४९.१%), स्थानीय नेताहरु समुदायको आवश्यकतालाई सम्बोधन गर्नेतर्फ लाग्ने (३३.७%) विश्वास ब्यक्त गरेका छन् ।




*चित्र ५.१५.१: Q-F6. तपाई किन सोच्नुहुन्छ कि जीवनको गुणस्तर सुधार हुनेछ? (संख्या = ६४३)*

### मतदानको आधार


सर्वेक्षणमा स्थानीय निर्वाचनमा मतदान गरे भन्ने उत्तरदाताहरूलाई भोट हाल्ने निर्णय के को आधारमा गर्नुभएको थियो भनेर सोध्दा ४१.२% उत्तरदाताहरूले आफुले राजनीतिक दलको उम्मेदवार मन पराएर भोट हालेको बताएका छन् भने उम्मेदवारलाई चिनेकाले (२६.३%) र दल/उम्मेदवारले आफ्नो क्षेत्रमा विकास र सेवा उपलब्ध गराउने विश्वास गरेका ले (२५.८%) उत्तरदाताहरूले भोट हालेको उल्लेख गरेका छन् । यी बाहेक मतदान गर्नुका अन्य कारणहरूमा २०.१% उत्तरदाताहरूले कुनै निश्चित राजनीतिक दलले परिवर्तन लेराउन सक्छ भनेर, स्वतन्त्र उम्मेदवार भएको र उम्मेदवारको सिद्धान्त मन परेको (१९.१%) र उम्मेदवारले जनताको अधिकारको लागि काम गरिरहेकोले (१८.७%) ले पनि भोट हालेको उल्लेख गरेका छन् ।




*चित्र ५.१५२: Q-F7.1. कसलाई भोट दिने भन्ने कुरा के को आधारमा निर्णय गर्नुभयो ? (संख्या = ८३५)*

**मतदानमा सहजता**

स्थानीय चुनावमा मतदान गरेको भन्ने (८२.९%) उत्तरदाताहरूलाई सम्बन्धित मतदान केन्द्रमा मतदान गर्ने प्रक्रिया कत्तिको सजिलो थियो भनेर सोधिएको थियो । अधिकांश (६८.१%) उत्तरदाताहरूले मतदान गर्न "सजिलो" भएको र करीब एक चौथाई (२७.५%) उत्तरदाताहरूले "धेरै सजिलो" भएको उल्लेख गरेका छन् । उनिहरूले मतदान केन्द्रहरु नजिक भएको (५७.१%), मतदान केन्द्रहरु पुग्न सजिलो भएको (३८.०%) र मतपत्र सरल भएको (३१.३%) कारणहरूले मतदान गर्न सजिलो भएको बताएका छन् ।




*चित्र ५.१५.३: Q-F7.3. तपाईलाई आफ्नो सम्बन्धित मतदान केन्द्रमा भोट हाल्न कतिको सजिलो भयो? (संख्या = ७९१)*

### निर्वाचित स्थानीय प्रतिनिधिहरूसंगको सम्पर्क र सन्तुष्टिको स्तर

विगत एक बर्षमा कोशी प्रदेशका उत्तरदाताहरूको एक चौथाई भन्दा थोरैकम (२३.१%) ले मात्र व्यक्तिगत वा सरकारी स्तरका समस्याहरु समाधान गर्न स्थानीय निर्वाचित प्रतिनिधिहरूसँग सम्पर्क गरेको बताएका छन् । सन् २०१७ मा उनीहरूको व्यक्तिगत वा सरकारी स्तरका समस्याहरु समाधान गर्न स्थानीय निर्वाचित प्रतिनिधिहरूसंग सम्पर्क गर्ने उत्तरदाताहरूको अनुपात २५.२% थियो । उत्तरदाताहरूको यो अंश सन् २०१८ मा १७.८% र सन् २०२० मा १३.९% रहेको मा सन् २०२२ मा भने बढेर २३.१% पुगेको छ । सर्वेक्षण बर्ष अनुसार, विभिन्न समस्या समाधान गर्न स्थानीय प्रतिनिधिहरूसंग सम्पर्क नगरेको जानकारी दिने उत्तरदाताहरूको प्रतिशतमा खासै परिवर्तन देखिँदैन । तर, सन् २०२० को तुलनामा सन् २०२२ मा त्यसो भन्ने उत्तरदाताहरूको अंशमा ९.२% अंकको कमी देख्न सकिन्छ ।

### निर्वाचित स्थानीय प्रतिनिधिहरूसंगको सम्पर्क र सम्पर्कको नतिजा, बर्ष अनुसार

| | निर्वाचित स्थानीय जनप्रतिनिधिसँग सम्पर्क गर्ने प्रयास गरेको | | | सम्पर्क को नतिजा संग सन्तुष्टि | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | संख्या | धेरै सन्तुष्ट | सन्तुष्ट | असन्तुष्ट | धेरै असन्तुष्ट | प्रक्रियामा रहेको |
| सन् २०१७ | २५.२% | ७४.८% | ३०६ | ४२.३% | ४५.६% | ९.९% | २.१% | |
| सन् २०१८ | १७.८% | ८२.२% | २१५ | १८.२% | ४९.४% | १७.१% | १५.३% | |
| सन् २०२० | १३.९% | ८६.१% | १६८ | ६.२% | ५८.९% | २७.६% | ७.३% | |
| सन् २०२२ | २३.१% | ७६.९% | २३३ | १८.८% | ५६.४% | १८.६% | ४.९% | १.३% |

*तालिका ५.१५.१: Q-F8. के तपाईले गत बर्ष आफ्नो व्यक्तिगत वा सरकारी समस्याहरु समाधान गर्न मद्दतको लागि आफ्नो निर्वाचित स्थानीय प्रतिनिधिहरूमध्ये एकलाई व्यक्तिगत रूपमा सम्पर्क गर्ने प्रयास गर्नुभएको छ? (संख्या = १०१०) Q-F9. [यदि Q-F8 को जवाफ 'थियो' भन्ने आएमा] यो सम्पर्कको नतिजाबाट तपाई कतिको सन्तुष्ट हुनुहुन्छ?*


स्थानीय जनप्रतिनिधिसंगको सम्पर्कको नतिजाबाट आफू सन्तुष्ट रहेको प्रतिक्रिया दिने उत्तरदाताहरूको अनुपात सन् २०१७ देखि सन् २०२० सम्म निरन्तर बढ्दै गएको छ; यद्यपि, सन् २०२२ मा त्यसो भनेका उत्तरदाताहरूको अंशमा २.५% अंकको कमी देख्न सकिन्छ । गत बर्ष आफ्ना निर्वाचित स्थानीय प्रतिनिधिहरूसंग मद्दतको लागि सम्पर्क गर्ने दुई तिहाइभन्दा बढी उत्तरदाताहरूले आफ्नो उक्त सम्पर्कबाट "धेरै सन्तुष्ट" र "केही हदसम्म सन्तुष्ट" भएको उल्लेख गरेका छन् । सन् २०२२ मा १८.८% ले धेरै सन्तुष्ट र ५६.४% ले केही हदसम्म सन्तुष्ट भएको उल्लेख गरेका छन् ।

# ६. आर्थिक दृष्टिकोण र सूचनामा पहुँच

## ६.१. स्थानीय आर्थिक अवस्थाप्रतिको धारणा

सन् २०२२ को सर्वेक्षणले स्थानीय पालिकाको आर्थिक अवस्थाको बारेमा उत्तरदाताहरूको विचारहरूको विश्लेषण गरेको छ । कोशी प्रदेशका करीब दुई तिहाई (६२.७%) उत्तरदाताहरूले स्थानीय पालिकाको आर्थिक अवस्था उस्तै रहेको उल्लेख गरेका छन् । कोशी प्रदेशका करीब एक चौथाई (२८.८%) उत्तरदाताहरूले भने, स्थानीय पालिकाको आर्थिक स्थितिमा सुधार आएको उल्लेख गरेका छन् । उत्तरदाताहरूको सानो अंश (१.४%) ले स्थानीय पालिकाको आर्थिक अवस्था खराब हुँदै गएको बताएका छन् ।

सर्वेक्षणका चार वर्षहरूमध्ये पहिलो दुई वर्षहरूमा, समग्रमा आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था सुधार हुँदै गइरहेको छ भन्ने उत्तरदाताहरूको हिस्सा बढ्दो क्रममा थियो, सन् २०१७ मा उक्त हिस्सा २०.७% रहेकोमा, सन् २०१८ मा उक्त हिस्सामा बृद्धी भई ४३% रहेको थियो । सन् २०२० मा भने उक्त हिस्सामा ७% अंकले घटेर ३६% पुगेको मा हाल सन् २०२२ मा उक्त हिस्सा मा थप गिरावट आई २८.८% कायम रहेको छ । त्यस्तै, सबै चार सर्वेक्षण बर्षहरूमध्ये, सन् २०२२ मा समग्रमा आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था 'उस्तै छ' भन्ने उत्तरदाताहरूको अनुपात सबैभन्दा बढी रहेको छ । सन् २०२० मा रहेको ५४.५% मा ८.२% अंकले बढेर सन् २०२२ मा ६२.७% पुगेको छ । सन् २०२० बाहेक, सबै सर्वेक्षण वर्षहरूमा, आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था खराब हुँदै गएको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात लगभग उस्तै रहेको छ । विगतका तीन सर्वेक्षणमा, समग्रमा आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्थामा गिरावट आएको छ भन्ने उत्तरदाताहरूको हिस्सा बढदो क्रममा थियो भने सन् २०२२ मा उक्त हिस्सा मा गिरावट आएर १.४% मा पुगेको छ ।




*चित्र ६.११ Q-G1. तपाईको नगरपालिका/गाउँपालिकाको आर्थिक अवस्था सुधार भइरहेको छ जस्तो लाग्छ? (संख्या = १०१०)*

उत्तरदाताहरूको शैक्षिक पृष्ठभूमि र आयस्तरले स्थानीय आर्थिक अवस्थाप्रति उनीहरूको धारणालाई प्रभाव परेको देखिन्छ । समग्रमा आफ्नो स्थानीय क्षेत्रको आर्थिक अवस्था सुधार हुँदै गइरहेको छ भन्ने धारणा उत्तरदाताहरूको शैक्षिक स्तरसँग बढ्दै गइरहेको देखिन्छ ।

आफ्नो पालिकाको आर्थिक अवस्था राम्रो हुँदै गएको छ भनी प्रतिक्रिया व्यक्त गर्ने कोशी प्रदेशका २८.८% उत्तरदाताहरूलाई उनीहरूको स्थानीय क्षेत्रको आर्थिक अवस्था राम्रो हुँदै जानुको कारण के होला भनी सोधिएको थियो । जवाफमा उनीहरूले पूर्वाधार राम्रो हुनु (५८.१%), खानेपानी आपूर्तिमा सुधार हुनु (३३.६%) र नगरपालिकाको बजेट वृद्धि हुनु (१६.६%) लाई स्थानीय पालिकाको आर्थिक अवस्था राम्रो हुनुको प्रमुख कारणको रूपमा लिएका छन् ।

उत्तरदाताहरूको सानो हिस्सा (१.४%) ले आफ्नो पालिकाको आर्थिक अवस्था बिग्रँदै गएको भन्ने प्रतिक्रिया दिएको भएता पनि उनीहरूमध्ये ठूलो हिस्सा ५१% ले रोजगारी र काम गर्ने अवसरहरु कम हुनु, काम खोज्न गाह्रो हुनु (२७%), लगानीका अवसरहरु कम हुनु (१८.३%) लाई आफ्नो पालिकाको आर्थिक अवस्था बिग्रँदै जानुको प्रमुख कारणको रूपमा लिएका छन् । काम खोज्न गाह्रो भएकोले हुनाले आफ्नो स्थानीय पालिकाको आर्थिक अवस्था बिग्रँदै गएको बताउने उत्तरदाताहरूको अंश सन् २०१७ मा रहेको १५.३% बाट बढेर सन् २०२२ मा २७% पुगेको छ । सन् २०२० मा, उत्तरदाताहरूको सबैभन्दा बढी हिस्सा (७९.४%) ले बढदो भ्रष्टाचार र घुसखोरीलाई आफ्नो पालिकाको आर्थिक अवस्था बिग्रँदै जानुको प्रमुख कारणको रूपमा मानेका थिए तर, सन् २०२२ मा, उत्तरदाताहरूको यो अंश १४.३% मा झरेको छ । यसबाहेक, पूर्वाधार राम्रो नहुनु, उत्पादित वस्तुको बिक्रीको लागि बजार सम्मको बाटो नराम्रो हुनुलाई आफ्नो पालिकाको आर्थिक अवस्था बिग्रनुको कारण हो भनि सोच्ने उत्तरदाताहरूको प्रतिशतमा भने कमी आएको छ ।


## ६.२ व्यक्तिगत तथा पारिवारिक आम्दानी

सर्वेक्षणमा उत्तरदाताहरूको व्यक्तिगत आम्दानी र घरपरिवारको मासिक आम्दानीको बारेमा पनि प्रश्न सोधिएको थियो । समग्रमा, कोशी प्रदेशका आधाभन्दा अलि बढी (५४.९%) उत्तरदाताहरूले आफ्नो घरपरिवारको औसतमा मासिक आम्दानी रु२० हजारभन्दा बढी रहेको र उत्तरदाताहरूको एक तिहाई (३२.७%) ले आफ्नो घरपरिवारको औसतमा मासिक घरायसी आम्दानी रु १० हजार देखि रु १९ हजार ९ सय ९९ को बीचमा रहेको उल्लेख गरेका छन् । यसै गरी १२% उत्तरदाताहरूले आफ्नो घरपरिवारको औसत मासिक आम्दानी रु १० हजारभन्दा कम रहेको उल्लेख गरेका छन् ।

सर्वेक्षणका वर्षहरूमा, मासिक घरायसी आम्दानी रु १० हजारभन्दा कम रहेको उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात घट्दै गएको देखिन्छ भने घरायसी आम्दानी रु ४० हजार वा सोभन्दा बढी रहेको उल्लेख गर्नेको अनुपात बढ्दै गएको देखिन्छ । आफ्नो घरायसी आयको दायरा प्रतिमहिना रु १० हजार देखि रु १९ हजार ९ सय ९९ भित्र रहेको बताउने

उत्तरदाताहरूको अनुपात सन् २०१८ मा उच्च (४३.४%) रहेको मा त्यसपछीका बर्षहरूमा बिस्तारै घट्दै गई सन् २०२२ मा उत्तरदाताहरूको यो अनुपात (३२.७%) मा झरेको छ । यसै गरी आफ्नो घरायसी आम्दानी प्रतिमहिना रु २० हजार देखि रु ३९ हजार ९ सय ९९ भित्र रहेको बताउने उत्तरदाताहरूको अनुपात सर्वेक्षणका वर्षहरूमा, निरन्तर बढ्दै गएको देखिन्छ ।

**औसत मासिक घरायसी आम्दानी, बर्ष अनुसार**




*चित्र ६.२.१: Q-G4. गत बर्ष तपाईंको घरपरिवारको आम्दानी प्रतिमहिना लगभग कति जति थियो ?*
*(संख्या = ९७९) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

कोशी प्रदेशको हिमाली क्षेत्रका (३४.१%) बासिन्दा भन्दा पहाडी क्षेत्रका (४९.६%) र तराई क्षेत्रका (६०.९%) बढी बासिन्दाहरूले आफ्नो घरपरिवारको औसत मासिक घरायसी आम्दानी रु २० हजार रूपैयाँ वा सोभन्दा बढी आम्दानी रहेको बताएका छन् । कोशी प्रदेशका हिमाली क्षेत्रका (२७.५%) बासिन्दाहरूले उनीहरूको घरपरिवारको मासिक आम्दानी रु १० हजारभन्दा कम भएको उल्लेख गरेका छन् । मधेसी दलित समूहका ३३.३% उत्तरदाताहरूले आफ्नो घरपरिवारको मासिक आम्दानी रु ४० हजार वा सोभन्दा माथिको भएको उल्लेख गरेका छन् । उक्त हिस्सा पहाडी दलित (१४.६%) ले उल्लेख गरेका को भन्दा दुई गुणाले बढी छ । सम्पूर्ण मधेसी जाति (स्तर १) का उत्तरदाताहरू, त्यसपछि मधेसी (आदिवासी/जनजाति) (४०%) र मधेसी जाति (स्तर २) (३०.६%) उत्तरदाताहरूले आफ्नो घरपरिवारको मासिक आय रु २० हजार देखि रु ४० हजार बीचमा रहेको बताएका छन् । यद्यपि, पहाडी दलितका (१८.०%) उत्तरदाताहरूले आफ्नो घरपरिवारको मासिक आम्दानी रु १० हजार भन्दा कम रहेको बताएका छन् । यो हिस्सा मधेसी जाति (स्तर २) का (५.६%) उत्तरदाताहरूको भन्दा तीन गुणाले बढी नै रहेको छ ।


### घरपरिवारको आम्दानीमा आएको परिवर्तन

कोशी प्रदेशका अधिकांश (७१.२%) उत्तरदाताहरूले आफ्नो घरपरिवारको मासिक आय गत बर्षको तुलनामा उस्तै रहेको बताएका छन् । यद्यपि, गत बर्षको तुलनामा आफ्नो घरपरिवारको मासिक आय बढेको भनी उल्लेख गर्ने (१५.८%) उत्तरदाताहरूको हिस्सा, आफ्नो घरपरिवारको मासिक आय घटेको भनी उल्लेख गर्ने (१२.२%) उत्तरदाताहरूको हिस्सा भन्दा बढी नै रहेको छ ।

विगतका सर्वेक्षण वर्षहरूमा जस्तै यस वर्षमा पनि उत्तरदाताहरूलाई गएको एक वर्षमा तपाईंको घर परिवारको आम्दानीमा कस्तो परिवर्तन भएको छ भनी सोधिएको थियो । समग्रमा हेर्दा, आफ्नो घरपरिवारको आम्दानी गत बर्षको तुलनामा बढेको छ भनी उल्लेख गर्ने उत्तरदाताहरूको अनुपात अन्य बर्षहरूको तुलनामा सन् २०२० मा उच्च (२९.६%) रहेको थियो तर, यस बर्ष सन् २०२२ मा भने आफ्नो घरपरिवारको आम्दानीमा वृद्धि भएको उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा तीव्र गिरावट आएको छ । सन् २०२० मा २९.६% उत्तरदाताहरूले गत बर्षको तुलनामा आफ्नो घरपरिवारको मासिक आम्दानी वृद्धि भएको उल्लेख गरेका थिए तर यसको विपरीत, सन् २०२२ मा भने उक्त अंशमा १३.९% अंकले गिरावट आई

१५.८% कायम रहेको छ । साथै आफ्नो घरपरिवारको आम्दानी घटेको छ भनी उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा पनि गिरावट आएको छ । सन् २०१७ देखि सन् २०२० सम्म साथै आफ्नो घरपरिवारको आम्दानी घटेको छ भनी उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा पनि क्रमश गिरावट आएता पनि (सन् २०१७ मा १७. ७%, सन् २०१८ मा १४.९%, र सन् २०२० मा ५. २%) सन् २०२२ मा भने उक्त अंशमा ७% अंकले वृद्धि भई १२.२% कायम रहेको छ । सर्वेक्षणका बर्षहरूमा, आफ्नो घरपरिवारको मासिक आम्दानी उस्तै रहेको बताउने उत्तरदाताहरूको अंशमा उल्लेखनीय वृद्धि भएको छ (सन् २०१७ मा ५२.२% , सन् २०१८ मा ६१.७%, सन् २०२० मा ६५.१% र सन् २०२२ मा ७१.२%) ।

कम शिक्षित उत्तरदाताहरूको तुलनामा शिक्षित र उच्च आय भएका बढी उत्तरदाताहरूले गत बर्षको तुलनामा आफ्नो घरपरिवारको मासिक आयमा वृद्धि भएको उल्लेख गरेका छन् ।





*चित्र ६.२२: Q-G5. गएको एक बर्षमा तपाईंको घर परिवारको आम्दानीमा कस्तो परिवर्तन भएको छ ?*
*(संख्या = १००९) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

**व्यक्तिगत आम्दानी**

घरपरिवारको मासिक आम्दानी बाहेक, सर्वेक्षणमा उत्तरदाताहरूको व्यक्तिगत मासिक आयको बारेमा पनि प्रश्न सोधिएको थियो । यस प्रश्नमा लागि करिब एक तिहाई (३०.५%) उत्तरदाताहरूले या त जवाफ दिन अस्वीकार गरे या त मासिक आयको कुनै स्रोत नभएको उल्लेख गरेका छन् । मुख्यतया विद्यार्थीहरु र कृषि वा घरायसी काममा संलग्न व्यक्तिहरूले यस प्रकार को जवाफ दिएको देखिन्छ । पुरूष उत्तरदाताहरूको तुलनामा लगभग दोब्बर महिला उत्तरदाताहरूले व्यक्तिगत मासिक आम्दानीको बारेमा जवाफ दिन अस्वीकार गरेका छन् ।

कोशी प्रदेशमा आफ्नो व्यक्तिगत आय उल्लेख गरेका उत्तरदाताहरूमध्ये, एक तिहाई भन्दा बढी (३८.६%) उत्तरदाताहरूले आफ्नो व्यक्तिगत मासिक आम्दानी रु २० हजार वा सो भन्दा माथि भएको उल्लेख गरेका छन् भने राष्ट्रिय स्तरमा रु २० हजार वा सो भन्दा माथि आफ्नो व्यक्तिगत आय भएको उल्लेख गर्ने उत्तरदाताहरूको भन्दा ५.१% अंकले यो हिस्सा बढी रहेको छ । राष्ट्रिय स्तरमा सन् २०२२ मा (३३.५%) उत्तरदाताहरूले आफ्नो व्यक्तिगत मासिक आम्दानी रु २० हजार वा सो भन्दामाथि भएको उल्लेख गरेका छन् । कोशी प्रदेशमा रु १० हजारभन्दा कम आम्दानी गर्ने उत्तरदाताहरूको हिस्सा राष्ट्रिय आंकडा (३७.०%) भन्दा कम (२८.९%) र रु २० हजार वा सोभन्दा बढी आम्दानी गर्ने उत्तरदाताहरूको हिस्सा राष्ट्रिय आंकडा (३३.५%) भन्दा बढी (३८.६%) रहेको छ ।




*चित्र ६.२३: Q-G6C. गएको एक बर्षमा तपाइको आफ्नो मासिक आम्दानी लगभग कति जति थियो ?*
*(संख्या = ७०१) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*


कोशी प्रदेशमा उत्तरदाताहरूको व्यक्तिगत आय पालिका अनुसार केही फरक देखिन्छ । गाउँपालिकामा बस्ने २९.९% उत्तरदाताहरूको तुलनामा शहरी नगरपालिकाका बढी (४३.४%) उत्तरदाताहरूले रु २० हजार र सो भन्दा भन्दा बढी कमाउने उल्लेख गरेका छन् । यसको विपरीत कोशी प्रदेशको शहरी नगरपालिका मा बसोबास गर्ने (२४.५%) मानिसहरूको तुलनामा गाउँपालिकाका बढी (३६.९%) उत्तरदाताहरूले आफ्नो व्यक्तिगत आम्दानी १० हजारभन्दा कम रहेको बताएका छन् । त्यसैगरी, हिमाली क्षेत्रबाट उत्तरदाताहरूको सबैभन्दा बढी हिस्सा (४८.७%) ले रु १० हजारभन्दा कम कमाउने उल्लेख गरेका छन्, जबकि तराईमा, उत्तरदाताहरूको सबैभन्दा बढी हिस्सा ४३.३% ले रु २० हजारभन्दा बढी कमाउने बताएका छन् ।

जातीय समूहमा, पहाडी दलितको सबैभन्दा बढी हिस्सा (४७.७%) ले आफ्नो मासिक आम्दानी रु १० हजारभन्दा कम रहेको बताएका छन् भने मधेसी दलितको सबैभन्दा बढी हिस्सा (४२.८%) ले उनीहरूको व्यक्तिगत आय रु २० हजार भन्दा बढी रहेको बताएका छन् । उच्च आय शिक्षाको उच्च स्तरसंग सम्बन्धित देखिन्छ । उदाहरणका लागि, स्नातक डिग्री र सो भन्दा माथिको शिक्षा हासिल गरेका ८०.६% उत्तरदाताहरूले उनीहरूको व्यक्तिगत आम्दानी एक महिनामा रु २० हजार भन्दा बढी भएको उल्लेख गरेका छन् भने त्यसको तुलनामा कुनै पनि औपचारिक शिक्षा हासिल नगरेका उत्तरदाताहरू मध्ये १६.३% उत्तरदाताहरूले आफ्नो व्यक्तिगत आम्दानी एक महिनामा रु २० हजारभन्दा बढीको उल्लेख गरेका छन् ।

## ६.३. वैदेशिक रोजगार र विप्रेषण


कोशी प्रदेशका करीब एक चौथाई (२४%) व्यक्तिले उनीहरूका परिवारको कम्तीमा एक जना सदस्य विदेशमा काम गर्न गएको उल्लेख गरेका छन् । यो आंकडा विगतका बर्षहरूमा पनि उस्तै रहेको देखिएता पनि सन् २०२२ मा भने थोरै वृद्धि भएको देखिन्छ (चित्र ६.३.१) ।

परिवारका कम्तीमा एक जना सदस्य विदेशमा काम गरिरहेका छन् भन्ने जवाफ दिएका २४% उत्तरदाताहरूलाई उनीहरूका परिवारका सदस्यहरूले विदेशमा काम गर्दा कुनै समस्या भोग्नुपरेको थियो कि भनेर सोधिएको थियो । उत्तरदाताहरूको बहुमत (८९.१%) ले उनीहरूको परिवारका सदस्यहरूलाई कुनै समस्या नपरेको बताएका छन् । तर एउटा सानो हिस्सा (४.२%) ले चाहि सहमति भएको भन्दा कम तलब पाएको, शारीरिक चोटपटक वा बिरामी भएको (२.९%) र सहमति भएको भन्दा फरक काम पाएको (१.७%) भन्ने जस्ता समस्या भोग्नुपरेको उल्लेख गरेका छन् ।




*चित्र ६.३.१: Q-G12. तपाईंको परिवारको कोही सदस्य कामको सिलसिलामा हाल विदेशमा हुनुहुन्छ ? (संख्या = १०१०)*

कोशी प्रदेशका उत्तरदाताहरूलाई यस सर्वेक्षणमा उनिहरूले आफ्ना परिवारका सदस्य, साथीभाई, आफन्त वा आफूले चिनेका कोही व्यक्तिहरूलाई वैदेशिक रोजगारीमा जान प्रोत्साहित गरे कि गरेनन भनेर बुझ्ने प्रयास पनि गरिएको थियो । अन्य प्रदेशका उत्तरदाताहरूले भन्दा कोशी प्रदेशका बढी उत्तरदाताहरूले आफ्ना साथीभाई र परिवारका सदस्यलाई वैदेशिक रोजगारीमा जान प्रोत्साहन गर्ने गरेको देखिएको छ । विगतका सर्वेक्षण बर्षहरूको तथ्याङ्को तुलनामा, सन् २०२२ मा कोशी प्रदेशका धेरै मानिसहरूले आफूले चिनेका मानिसहरूलाई वैदेशिक रोजगारी खोज्न प्रोत्साहित गर्ने सम्भावना रहेको देखिएको छ (सन् २०२० मा ३९.४%, सन् २०२२ मा ४३.४%) ।




*चित्र ६.३.२: Q-G12.4. के तपाईंले तपाइको परिवारका सदस्य वा तपाइले चिनेका अन्य व्यक्तिहरूलाई विदेशमा रोजगार खोज्न प्रोत्साहित गर्नुहुन्छ? (संख्या = ९९९) ('भन्न चाहान्न' भन्ने उतरलाई समावेश गरिएको छैन)*

## रेमिट्यान्स (विप्रेषण)

सर्वेक्षणको तथ्याङ्कले कोशी प्रदेशमा नेपालभित्र बाट विप्रेषण पाउने नेपालीहरूको संख्या बढिरहेको देखाएको छ, यो संख्या सन् २०२० मा रहेको ११% को तुलनामा सन् २०२२ मा बढेर १३.२% पुगेको छ । यो सर्वेक्षणले सन् २०२२ मा नेपाल बाहिरबाट

रेमिटेन्स प्राप्त गरेको उल्लेख गर्ने नेपालीहरूको संख्या घटिरहेको देखाएको छ । सन् २०२२ मा १७.२% उत्तरदाताहरूले नेपाल बाहिरबाट रेमिटेन्स प्राप्त गरेको उल्लेख गरेका छन्, जुन सन् २०२० मा रहेको १९.४% को तुलनामा थोरैले कम रहेको छ । कोशी प्रदेशमा रेमिट्यान्स सम्बन्धित प्रश्न लागू नहुने उल्लेख गर्ने उत्तरदाताहरूको हिस्सामा क्रमशः गिरावट आएको छ (तालिका ६.३.१) ।

### रेमिट्यान्स (विप्रेशण) पाउने संख्या, बर्ष अनुसार

| वर्ष | देश भित्रबाट मात्र छ | देश बाहिरबाट मात्र छ | देश भित्र र बाहिर दुवै बाट छ | रेमिटेन्स रकम प्राप्त भैनसकेको छैन | लागु हुँदैन | थाहा छैन/ भन्न सक्दिन |
|---|---|---|---|---|---|---|
| सन् २०२० | ११.००% | १९.४०% | १.१०% | ६.४०% | ६२.००% | ०.१०% |
| सन् २०२२ | १३.२०% | १७.२०% | ३.६०% | ६.८०% | ५८.९०% | ०.३०% |

*तालिका ६.३.१: Q-G13. विगत एक वर्षमा तपाईले वा तपाईको परिवारका सदस्यहरूले देश बाहिर वा भित्रबाट रेमिट्यान्स प्राप्त गर्नुभएको छ? (संख्या = १००३)[१५] ('भन्न चाहन्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

कोशी प्रदेशको तराई क्षेत्रका १९.२% उत्तरदाताहरूले बढी मात्रामा देश बाहिरबाट रेमिट्यान्स प्राप्त गर्ने गरेको देखिएको छ भने, पहाडी क्षेत्रका १४.३% उत्तरदाताहरूले भने देश भित्रबाट नै रेमिट्यान्स प्राप्त गरेको देखिएको छ । मधेसी (आदिवासी/जनजाति) समुदायका (३०.४%), का साथै पहाडी दलित (१७.८%) ले बढी मात्रामा देश बाहिरबाट विप्रेशण प्राप्त गर्ने गरेको देखिन्छ । यसको साथै, ५.२% मधेसी (आदिवासी/जनजाति) र ६.७% पहाडी दलितले देशभित्रबाट विप्रेशण प्राप्त गर्ने गरेको देखिन्छ ।

### रेमिट्यान्स (विप्रेषण) मा परिवर्तन

सर्वेक्षणमा ३४.०% उत्तरदाताहरु जसले देशभित्र, देशबाहिर वा दुवैबाट रेमिट्यान्स प्राप्त गर्ने गरेको बताएका थिए, उनीहरूलाई गएको बर्ष र अहिलेको तुलना गर्नुपर्दा तपाईले प्राप्त गरेको रेमिट्यान्समा कुनै परिवर्तन भएको छ कि भनेर प्रश्न सोधिएको थियो । कोशी प्रदेशका एक तिहाई (३३.२%) उत्तरदाताहरूले अघिल्लो वर्षको तुलनामा आफ्नो घरपरिवारले प्राप्त गरेको रेमिट्यान्स रकम बढेको उल्लेख गरेका छन् । सन् २०१७ को सर्वेक्षणमा (२०.४%), सन् २०१८ मा (१६%) र सन् २०२० को सर्वेक्षणमा (२७.५%) उत्तरदाताहरूले अघिल्लो वर्षको तुलनामा आफ्नो घरपरिवारले प्राप्त गरेको रेमिट्यान्स रकम बढेको उल्लेख गरेका थिए ।

### रेमिट्यान्स (विप्रेषण) मा परिवर्तन, बर्ष अनुसार

| | घटेको छ | उस्तै छ | बढेको छ | थाहा छैन/भन्न सक्दिन |
|---|---|---|---|---|
| सन् २०१७ | ७.१% | ७२.२% | २०.४% | ०.३% |
| सन् २०१८ | १०.७% | ६६.५% | १६.०% | ६.७% |
| सन् २०२० | १०.५% | ६०.५% | २७.५% | १.५% |
| सन् २०२२ | ५.६% | ६०.४% | ३३.२% | ०.८% |

*तालिका ६.३.२: Q-G14. अघिल्लो वर्षको तुलनामा तपाईको घरपरिवारले प्राप्त गरेको रेमिट्यान्स रकम बढेको छ, उस्तै छ कि घटेको छ ? (संख्या = ३४१)*

### रेमिट्यान्स (बिप्रेशण) को उपयोग


रेमिट्यान्स प्राप्त गर्ने ३४% उत्तरदाताहरूलाई के प्रयोजनको लागि रेमिट्यान्स खर्च गर्नुभयो भनेर सोधिएको थियो । कोशी प्रदेशका् (६३.८%) उत्तरदाताहरूले रेमिट्यान्सको उपयोग आफ्नो दैनिक घर खर्चमा, ३९.८% उत्तरदाताहरूले बालबालिकाको शिक्षामा, ३८% ले स्वास्थ्य सेवा र चिकित्सा खर्च र त्यसपछि २८.८% उत्तरदाताहरूले घर बनाउन रेमिट्यान्स बाट प्राप्त

१५ सन् २०१७ र सन् २०१८ मा उत्तरदाताहरूलाई सोधिएको थियो "के तपाई वा तपाईको परिवारले कहिले देशभित्र वा बाहिरबाट रेमिट्यान्स प्राप्त गर्नुभएको थियो?" तर सन् २०२० र सन् २०२२ मा उनीहरूलाई सोधिएको थियो "के तपाई वा तपाईको परिवारका सदस्यहरूले विगत एक बर्षमा देशबाहिर वा भित्रबाट रेमिट्यान्स प्राप्त गर्नुभएको छ ?"

रकम उपयोग गरेको बताए । त्यसैगरी, १५.३% उत्तरदाताहरूले ऋण तिर्न र १२.७% उत्तरदाताहरूले चाहि रेमिट्यान्स बाट प्राप्त रकमलाई बैंकमा बचतको रूपमा जम्मा गरेको जनाएका छन् ।

सन् २०२० को तुलना मा सन् २०२२ मा रेमिट्यान्स बाट प्राप्त रकमलाई घरायसी खर्च, स्वास्थ्य सेवा, शिक्षा र ऋण तिर्न प्रयोग गर्ने उत्तरदाताहरूको हिस्सा घटेको छ । यसलाई घर बनाउन प्रयोग गर्नेहरूको हिस्सा सन् २०२० मा रहेको १६.२% बाट बढेर सन् २०२२ मा २८.८% पुगेको छ ।

**रेमिट्यान्सको प्रयोग, बर्ष अनुसार**





*चित्र ६.३३: Q-G14A. तपाई वा तपाईको परिवारका सदस्यहरुले प्राप्त गरेको रेमिट्यान्स रकम मुख्यतः कुन कामको लागि खर्च गर्नु भएको छ ? (संख्या = ३४१)*

## ६.४. बीमाबारे जानकारी र पहुँच

उत्तरदाताहरूले विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेका छन् कि छैन भनेर जान्न गणकहरूले उनीहरूलाई विभिन्न आठ प्रकारका बीमाहरूको बारेमा पढेर सुनाएका थिए । सन् २०२२ मा कोशी प्रदेशका (९३.२%) उत्तरदाताहरूले विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेका जनाएका छन् । विभिन्न प्रकारका बीमाहरूको बारेमा सुनेका उत्तरदाताहरूको अनुपात सन् २०१८ मा ९४.८% र सन् २०२० मा ८९.६% रहेको मा सन् २०२२ मा बढेर ९३.२% पुगेको छ ।

**बीमाको बारेमा सचेतना, बर्ष अनुसार**




*चित्र ६.४१: Q-G21.a. के तपाईंले कहिल्यै कुनै प्रकारको बीमाको बारेमा सुन्नुभएको छ? (संख्या = १०१०)*

सर्वेक्षणले आठ विभिन्न प्रकारका बीमाह¿ मध्ये कोशी प्रदेशमा स्वास्थ्य बीमा (९६.४%), जीवन बीमा (९५.२%) र सवारी साधन बीमा (८५.३%) सबैभन्दा लोकप्रिय रहेको देखाएको छ भने सम्पत्ति बीमा (६४.६%) र यात्रा बीमा (५५.२%) सबैभन्दा कम लोकप्रिय रहेको देखाएको छ ।

**विभिन्न प्रकारका बीमाबारे सचेतना र स्वामित्व, बर्ष अनुसार**

| | सन् २०१८ | | सन् २०२० | | सन् २०२२ | |
|---|---|---|---|---|---|---|
| | सुनेको छ | बीमा गरेको छ | सुनेको छ | बीमा गरेको छ | सुनेको छ | बीमा गरेको छ |
| जीवन बिमा | ९७.०% | १८.२% | ९४.९% | १६.९% | ९५.२% | २६.७% |
| व्यक्तिगत / दुर्घटना बिमा | ७७.४% | ३.४% | ७९.८% | ५.३% | ८१.८% | ६.८% |
| सवारी साधन बिमा | ७७.८% | २०.४% | ८२.६% | २२.४% | ८५.३% | २७.६% |
| स्वास्थ्य बीमा | ८४.७% | ७.७% | ९२.१% | १८.४% | ९६.४% | ४०.९% |
| कृषि बाली बिमा | ६३.४% | ०.९% | ६४.८% | २.०% | ७४.४% | २.५% |
| पशु बिमा | ७०.०% | २.१% | ७३.६% | ४.०% | ८३.०% | १२.०% |
| सम्पत्ति बिमा | ५२.२% | १.२% | ४८.१% | १.३% | ६४.६% | १.५% |
| यात्रा बिमा | ५७.४% | १.८% | ५६.१% | ३.४% | ५५.२% | १४.४% |

*तालिका ६.४१: Q-G21B.A1-H1. के तपाईंले उल्लेखित बीमाको बारेमा सुन्नुभएको छ ? (संख्या = १०१०) र [olb Q-G21.B. A1-H1 मा "सुनेको छ" भनेमा] के तपाईंले उक्त बीमा गर्नुभएको छ? ('थाहा छैन', 'भन्न चाहान्न' र 'लागु नहुने' उत्तरहरूलाई समावेश गरिएका छैन)*

सर्वेक्षणमा बिमाको बारेमा जानकारी भएको बताउने उत्तरदाताहरूलाई बिमा गर्नुभएको छ कि छैन भनेर पनि जान्न प्रयास गरेको थियो । कोशी प्रदेशमा उल्लेख गरिएका सबै किसिमका बीमा योजनामा सहभागी हुनेहरूको संख्या बढिरहेको देखिन्छ । तर, अरू बीमाहरूको तुलनामा स्वास्थ बीमा (सन् २०१८ मा रहेको ७.७% देखि सन् २०२२ मा ४०.९%), त्यसपछि सवारी साधन बीमा (सन् २०१८ मा रहेको २०.४% देखि सन् २०२२ मा २७.६%), र जीवन बीमा ( सन् २०१८ मा रहेको १८.२% देखि सन् २०२२ मा २६.७%) गर्नेको हिस्सामा उल्लेखनीय वृद्धि भएको देखिन्छ ।


उत्तरदाताहरूको शैक्षिक स्तरसंगै विभिन्न प्रकारका बीमाहरु प्रतिको जानकारी र सहभागीता पनि बढ्दै गएको देखिन्छ । उदाहरणका लागि, अशिक्षित (३१.८%) उत्तरदाताहरूको तुलनामा स्नातक तह र सोभन्दा माथि शिक्षा हासिल गरेका बढी (५७.३%) उत्तरदाताहरूले स्वास्थ्य बीमा गरेका छन् । त्यस्तै, गाउँपालिकाका २८.२% उत्तरदाताहरु को तुलनामा शहरी नगरपालिकाका बढी ४६.९% उत्तरदाताहरूले स्वास्थ्य बीमा गरेको उल्लेख गरेका छन् । त्यसैगरी, हिमाली क्षेत्रका १३.३% उत्तरदाताहरूको तुलनामा तराई क्षेत्रमा बसोबास गर्ने धेरै (३०.५%) उत्तरदाताहरूले जीवन बीमा गरेका छन् ।

## ६.५ रोजगारी र आयआर्जनका अवसरहरू

स्थानीय स्तरमा रोजगारीका र आयआर्जनको अवसरहरू के कस्तो रहेको छ भनी थाहा पाउन उत्तरदाताहरूलाई बिभिन्न प्रश्नहरू सोधिएको थियो । अघिल्लो बर्षको तुलनामा सन् २०२२ मा कोशी प्रदेशका उत्तरदाताहरूको ठूलो हिस्साले आफ्नो स्थानीय क्षेत्रमा रोजगारीको अवसर (५९.३%) र आयआर्जनको अवसर (६१.४%) मा खासै परिवर्तन नभएको उल्लेख गरेका छन् । त्यस्तै, सन् २०२२ मा करीब एक चौथाई उत्तरदाताहरूले आफ्नो स्थानीय क्षेत्रमा रोजगारीको अवसरमा र आयआर्जन को अवसरमा कमी आएको बताएका छन् । अपेक्षाकृत उत्तरदाताहरूको सानो अनुपात दश मध्ये एक ले भने, गत बर्षको तुलनामा आफ्नो क्षेत्रमा रोजगारीका अवसरहरु र आयआर्जनको अवसरहरु बढी (क्रमशः ११.४% र ११.१%) रहेको उल्लेख गरेका छन् ।

आफ्नो स्थानीय क्षेत्रमा रोजगारीका अवसरहरु गत बर्षमा जस्तै रहेको विश्वास गर्ने उत्तरदाताहरूको अनुपात प्रत्येक सर्वेक्षण बर्षमा घट्दै गइरहेको छ (सन् २०१८ मा ६८.६%, सन् २०२० मा ६४% र सन् २०२२ मा ५९.३%) । यसको विपरीत, आफ्नो स्थानीय क्षेत्रमा रोजगारीका अवसरहरु कम छन् भनी विश्वास गर्ने उत्तरदाताहरूको अंशमा भने बृद्धी भएको छ । सन् २०२० मा रहेको ७.८% मा १६.५% अंकले बृद्धी भई सन् २०२२ मा २४.३% भएको छ ।

सन् २०२२ मा उत्तरदाताहरूको सबैभन्दा कम हिस्साले उनीहरूको स्थानीय क्षेत्रमा आयआर्जनको अवसरहरु अधिक भएको महसुस गरेका छन् । उत्तरदाताहरूको यो अनुपात सन् २०१८ मा २७.२% रहेकोमा सन् २०२० मा २८.७% पुगेको थियो, तर सन् २०२२ मा १७.६% अंकले घटेर ११.१% मा झरेको छ । कोशी प्रदेशमा आफ्नो स्थानीय क्षेत्रमा आयआर्जनका अवसरहरु कम हुँदै गएको छ भन्ने उत्तरदाताहरूको अनुपात सर्वेक्षण बर्षसँगै, क्रमशः बढदै गएको छ (सन् २०१८ मा रहेको ३.३% बाट, सन् २०२० मा ७.१% र सन् २०२२ मा २१.७%) ।




*चित्र ६.५१: Q-G23a बलम Q-G23b. एक बर्ष पहिला र अहिलेलाई तुलना गर्दा तपाईको स्थानीय क्षेत्रमा रोजगारी र आय आर्जनका अवसरहरु कस्तो रहेका छन् ? (संख्या = १००९) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

पहाडी तथा हिमाली क्षेत्रका गाउँपालिकामा बसोबास गर्ने मानिसहरू एक बर्षअघिको तुलनामा अहिले आफ्नो स्थानीय क्षेत्रमा रोजगारी र आयआर्जनका अवसरहरू बढी रहेको विश्वास गर्छन् । तराईको शहरी नगरपालिकामा बसोबास गर्ने मानिसहरूले आफ्नो स्थानीय क्षेत्रमा रोजगारी र आयआर्जनका अवसरहरू बढी रहेको विश्वास गर्छन् ।


कोशी प्रदेशमा युवा उमेर समूहका उत्तरदाताहरु आफ्नो इलाकामा रोजगारी र आयआर्जनका अवसरहरूप्रति बढी आशावादी देखिएका छन् । यसबाहेक, उत्तरदाताको शैक्षिक स्तरको बृद्धी संगै, आफ्नो स्थानीय क्षेत्रमा रोजगारी र आयआर्जनका अवसरहरू बढी रहेको छ भन्ने उनीहरूको धारणामा पनि बृद्धी भएको पाइएको छ । यसै गरी सामाजिक सेवामा संलग्न रहेकाहरूले आफ्नो स्थानीय क्षेत्रमा रोजगारी र आयआर्जनका अवसर बढेको विश्वास ब्यक्त गरेका छन् भने वैदेशिक रोजगारीमा संलग्न रहेकाहरूले यस्ता अवसरहरूमा कमी आएको बताएका छन् ।

## ६.६. सूचनाको स्रोत

कोशी प्रदेशका बासिन्दालाई स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे सामान्य रूपमा कसरी जानकारी पाउनुहुन्छ भनेर सोधिएको थियो । उनीहरूको लागि स्थानीय सरकारका योजना, पहल र बजेटको बारे जानकारीका लागि साथीभाई, आफन्त र छिमेकीहरु सूचनाको प्राथमिक स्रोत रहेको छ । कोशी प्रदेशका अधिकांश (५५.८%) उत्तरदाताहरूले साथीभाई, परिवार र छरछिमेकीहरूबाट स्थानीय सरकारका गतिविधिको जानकारी पाउने गरेको बताएका छन् । त्यसैगरी, २६.७% उत्तरदाताहरूले टेलिभिजनबाट, २२% ले रेडियो नेपालबाट  र २१.६% उत्तरदाताहरूले सामाजिक सञ्जालको मध्यमबाट आफूहरूले स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे जानकारी पाउने बताएका छन् ।

कोशी प्रदेशमा स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे साथीहरु, परिवार र छरछिमेकीहरु मार्फत् जानकारी प्राप्त गर्ने उत्तरदाताहरूको अनुपात सर्वेक्षण बर्षसँगै, क्रमश घट्दै गएको छ (सन् २०१८ मा रहेको ६६.६% बाट, सन् २०२० मा ६२.८% र सन् २०२२ मा ५५.८%) । सन् २०२० मा ४२.५% उत्तरदाताहरूले स्थानीय रेडियो नेटवर्कहरु मार्फत स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे जानकारी प्राप्त गर्ने उल्लेख गरेको मा उत्तरदाताहरूको यो अनुपात सन् २०२२ मा १५.९% मा झरेको छ । अर्कोतर्फ, स्थानीय सरकारका योजना, कार्यक्रम र बजेटबारे टेलिभिजन मार्फत् जानकारी प्राप्त गर्ने उत्तरदाताहरूको हिस्सा सन् २०२० र सन् २०२२ दुबैमा उस्तै रहेको छ ।

**स्थानीय सरकारका गतिविधिहरूको जानकारीको स्रोत, बर्ष अनुसार**





*चित्र ६.६.१: Q-H5. सामान्यता तपाई स्थानीय सरकारका योजनाहरू, कार्यक्रमहरू र बजेटको बारेमा जानकारी कसरी प्राप्त गर्नुहुन्छ? (संख्या = १००९) ('भन्न चाहान्न' भन्ने उत्तरलाई समावेश गरिएको छैन)*

शैक्षिकस्तर उच्च भएका उत्तरदाताहरूले सामाजिक सञ्जाललाई आफ्नो सूचनाको मुख्य स्रोत मान्छन्, त्यसपछि साथीहरु, परिवार र छिमेकीहरु र टेलिभिजनलाई आफ्नो सूचनाको स्रोतको रुपमा लिएका छन् । यसको विपरीत, औपचारिक शिक्षा प्राप्त नगरेका उत्तरदाताहरूले आफ्ना साथीहरु, परिवार र छिमेकीहरूलाई, स्थानीय समुदायका नेताहरु र स्थानीय रेडियो सञ्जाललाई जानकारीको मुख्य स्रोतको रूपमा लिएका छन् । त्यसैगरी, उच्च आय वर्गका उत्तरदाताहरूले टेलिभिजनलाई आफ्नो सूचनाको मुख्य स्रोतको रुपमा लिएका छन् जबकि, न्यून आय समूहकाहरूले साथीहरु, परिवार र छिमेकीहरु उनीहरूको जानकारीको मुख्य स्रोत भएको बताएका छन् । कोशी प्रदेशका युवाहरूले भने आफ्नो साथीहरु, परिवार र छरछिमेकीहरु, सामाजिक सञ्जाल र इन्टरनेटबाट जानकारी प्राप्त गर्ने सम्भावना बढी देखिएको छ ।

### सार्वजनिक गर्नुपर्ने सूचनाका प्रकारहरू

कोशी प्रदेशका उत्तरदाताहरूलाई स्थानीय गाउँपालिका वा नगरपालिकाले सार्वजनिक रुपमा के कस्ता किसिमका तथ्याङ्क र जानकारीहरू नियमित रुपमा उपलब्ध गराउनुपर्छ भनेर प्रश्न गरिएको थियो । कूल उत्तरदाताहरूमध्ये आधाभन्दा अलि कम (४४.२%) ले गाउँपालिकाहरु/नगरपालिकाहरूले सार्वजनिक सूचनाहरू नियमित रुपमा जनतालाई उपलब्ध गराउनुपर्ने उल्लेख गरेका छन् भने ३७.१% उत्तरदाताहरूले बजेट तथा कार्यक्रम र २६% उत्तरदाताहरूले नगरपालिका वा गाउँपालिकाले स्वास्थ्य सम्बन्धी जानकारी नियमित रुपमा जनतालाई उपलब्ध गराउनुपर्ने उल्लेख गरेका छन् । यी बाहेक, उत्तरदाताहरूले उनीहरूले आफ्नो नगरपालिका वा गाउँपालिकाबाट सरकारी पहल, नीति र निर्णयहरूको बारेमा जानकारी, शिक्षा सम्बन्धित जानकारी र रोजगार सम्बन्धित जानकारी नियमित रुपमा जनतालाई उपलब्ध गराउनुपर्ने उल्लेख गरेका छन् ।




*चित्र ६.६.२: Q-H6. तपाईंको नगरपालिका, गाउँपालिकाले जनतालाई कस्तो किसिमको सूचना नियमित रूपमा उपलब्ध वा सार्वजनिक गरोस जस्तो लाग्छ ? (संख्या = १०१०)*

## सूचनाको पहुँच प्रतिको सन्तुष्टि

कोशी प्रदेशका स्थानीय सरकारले सार्वजनिक गरेका सूचनाहरू प्रति उत्तरदाताहरू कत्तिको सन्तुष्ट छन् भनी बुझ्न प्रश्नहरू सोधिएको थियो । कोशी प्रदेशका करीब एक तिहाई (३१.४%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकारले उपलब्ध गराएका सूचना तथा जानकारीबाट सन्तुष्ट रहेको बताएका छन् भने लगभग ४०.६% उत्तरदाताहरूले आफूहरु असन्तुष्ट रहेको बताएका छन् । यसैगरी, लगभग एक चौथाई भन्दा बढी (२८%) उत्तरदाताहरूले आफूलाई थाहा नभएको उल्लेख गरेका छन् ।

कोशी प्रदेशका उत्तरदाताहरूलाई उनीहरूले स्थानीय सरकारबाट जानकारी प्राप्त गर्ने प्रयास कतिको गरे भनेर सोध्दा केवल १२.४% उत्तरदाताहरूले मात्र स्थानीय सरकारबाट जानकारी प्राप्त गर्ने प्रयास गरेको बताए भने ८७.४% ले स्थानीय सरकारबाट जानकारी लिन कुनै प्रयास नै नगरेको बताएका छन् । लगभग एक तिहाई (३४.१%) उत्तरदाताहरूले बजेट र कार्यक्रमहरूको बारेमा, सार्वजनिक सूचनाको बारेमा (३२.५%), र ऐन, कानून र निर्देशन बारेमा (२२.१%) र सरकारको पहलहरु, नीतिहरु र निर्णयहरु बारेमा (१८.७%) जानकारी प्राप्त गर्ने प्रयास गरेका उल्लेख गरेका छन् ।

धेरैजसो (४५.२%) उत्तरदाताहरूले उनीहरूले सम्बन्धित सरकारी निकायमा पुगेर, त्यसपछि ४४.५% ले परिवार र साथीहरूको सहयोग लिएर र ४३.२% उत्तरदाताहरूले स्थानीय राजनीतिक नेताहरूको सहयोग लिएर जानकारी प्राप्त गर्ने प्रयास गरेको उल्लेख गरेका छन् । सूचना प्राप्त गर्न प्रयास गर्नेहरूमध्ये आधा (५२.३%) उत्तरदाताहरूले आफूले खोजेको आवश्यक जानकारी पाएको बताएका छन् भने एक चौथाई भन्दा अलि बढी (२७.२%) उत्तरदाताहरूले आवश्यक जानकारी पाउन निकै लामो समय लागेको बताए र २३.४% ले आवश्यक जानकारी दिने सरकारी अधिकारीहरु असहयोगी रहेको बताएका छन् । अन्य प्रदेशहरूको उत्तरदाताहरूको तुलनामा कोशी प्रदेशका बढी (२६.१%) उत्तरदाताहरूले उपलब्ध गराइएको सूचना तथा जानकारी पुरानो भएको र २०.१% ले सम्बन्धित निकाय/अधिकारी सँग उनीहरूको प्रश्नको जवाफ दिन पर्याप्त ज्ञान नभएको भनि उल्लेख गरेका छन् ।


# ७. कोरोना महामारीको अनुभव र असर

## ७.१ कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका

कोरोना महामारीको समयमा तीनै तहका सरकारले कोरोना रोकथाम तथा नियन्त्रण र यसबाट परेको सामाजिक-आर्थिक प्रभावलाई न्यूनीकरण गर्नका लागि विविध कार्यक्रमहरू लागू गरेका थिए । सर्वेक्षणमा सबै उत्तरदाताहरूलाई सरकारको उक्त भुमिका पर्याप्त थियो कि थिएन भनी सोधिएको थियो ।

जवाफमा, कोशी प्रदेशका धेरैजसो उत्तरदाताहरूले तीनै तहका सरकारले खेलेको भुमिका ठिकै भएको उल्लेख गरे भने ४३.५% ले स्थानीय तहको भुमिकालाई "पर्याप्त" वा "धेरै पर्याप्त" भएको उल्लेख गरेका छन् । उत्तरदाताहरूको एक सानो हिस्साले चाहि सरकारको भूमिका "अपर्याप्त" (८.६%) वा "धेरै अपर्याप्त" (०.९%) भएको उल्लेख गरे (चित्र ७.१.१) ।

**कोरोना महामारी व्यवस्थापनमा सरकारको भूमिका**




*चित्र ७.१.१: Q-13. कोरोना संकट व्यवस्थापन वा समाधानमा सरकारले गरेको काम वा निभाएको भूमिका कत्तिको पर्याप्त थियो जस्तो लाग्छ? (संख्या = १०१०)*

**सरकारको कामको मुल्याङ्कन**

कोरोना संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका विभिन्न प्रयासलाई कसरी मुल्यांकन गर्नुहुन्छ भनी उत्तरदाताहरूलाई सोधिएको थियो । यसमा उत्तरदाताहरूले शून्यदेखि दशसम्मको नम्बर दिन सक्थे, शून्यले सरकारले गरेका प्रयास एकदमै अप्रभावकारी रहेको जनाउँछ भने दशले एकदमै प्रभावकारी रहेको जनाउँछ । यस सम्बन्धमा कोशी प्रदेशका उत्तरदाताहरूको मतलाई हेर्दा, सरकारले गरेका विभिन्न रोकथाम र नियन्त्रणका उपायहरूमध्ये मास्कको प्रयोग र सामाजिक दूरी धेरै प्रभावकारी (औसत ७.९१ अंक) रहेको देखियो भने हिड्डुल र यात्रामा लगाएको प्रतिबन्ध पनि दोस्रो (औसत ७.७९ अंक) प्रभावकारी उपाय रहेको पाइयो ।

**कोरोना संक्रमण कम गर्न र फैलिन नदिन सरकारले गरेको प्रयासका मुल्यांकन**


| | कोरोना भाइरस फैलन नदिनका लागि हिड्डुल र यात्रामा प्रतिबन्ध लगाएको | संक्रमण रोक्नका लागि मास्कको प्रयोग र सामाजिक दुरीको नियम लागु गरेको | व्यापार व्यवसाय बन्द गराएको/ खुलाएको | कोरोनाको परिक्षण सुबिधा उपलब्ध गराएको | क्वारेन्टिन सुबिधा उपलब्ध गराएको | कोरोना उपचार (अस्पताल/ ICU बेड, आदि) को व्यवस्था | जीविकोपार्जनको माध्यम वा आयस्रोत गुमाएका कमजोर/ जोखिममा रहेका मानिस/ समुदायलाई सहायता | प्रबासी कामदार हरूलाई नेपाल फर्काउन गरेको प्रयास |
|---|---|---|---|---|---|---|---|---|
| संख्या | १०१० | १०१० | १०१० | १०१० | १०१० | १०१० | १०१० | १०१० |
| औसत | ७.७९ | ७.९१ | ६.७२ | ६.७१ | ६.४८ | ६.१६ | ५.७० | ५.८२ |

*तालिका ७.१.१: Q-14.A-H. कोरोना संक्रमण कम गर्न र यसलाई फैलिन नदिन सरकारले गरेका उल्लेखित प्रयासलाई तपाई कसरी मुल्यांकन गर्नुहुन्छ ?*

**सामाजिक-आर्थिक पुनरूत्थानमा सरकारसंगको अपेक्षा**

कोशी प्रदेशका उत्तरदाताहरूलाई कोरोना महामारीले सिर्जना गरेको आर्थिक-सामाजिक कठिनाईलाई पुनरूत्थान गर्न र महामारीबाट प्रभावित सामाजिक-आर्थिक परिणामहरूलाई न्यूनीकरण गर्न सरकारले कुन-कुन क्षेत्रमा बढी काम गर्नुपर्दछ भनी सोधिएको थियो । झन्डै आधाभन्दा बढि (६९.३%) उत्तरदाताहरूले स्वास्थ्य सेवालाई सुधार गरेर र ५२.१% उत्तरदाताहरूले कोरोना विरूद्धको खोप लगाउने प्रक्रियालाई तीव्रता दिएर कोरोनाबाट सृजीत कठिनाईलाई कम गर्न सकिन्छ भन्ने मत व्यक्त गरे । त्यस्तै उल्लेख्य सत्याले रोजगारीका लागि थप अवसरहरू सिर्जना गरेर (४४.६%), सरकारी सहयोग कार्यक्रम आरम्भ गरेर (३२.५%), घरपरिवारका लागि नगद सहयोग योजना ल्याएर (१८.०%) र बालबालिकाका लागि शैक्षिक सहयोग (२६.१%) गरेर पनि कोभिड-१९ बाट सामाजिक-आर्थिक अवस्थाको पुनरूत्थान गर्न सकिने उल्लेख गरेका छन् ।

**कोभिड-१९ बाट सृजीत सामाजिक-आर्थिक अवस्था पुनरुत्थानको लागि सरकारबाट अपेक्षा**




*चित्र ७.१२: Q-16. कोरोना महामारीबाट प्रभावित सामाजिक-आर्थिक अवस्थालाई पुनरूत्थान गर्न सरकारले आफ्ना नागरिकहरूलाई अभै के गरेर सहयोग गर्न सक्छ होला ? (संख्या = १०१०)*

## ७.२. स्थानीय स्तरमा कोरोना महामारीको बेला सक्रिय भएर लाग्ने व्यक्ति वा निकाय

कोरोना महामारीको समयमा त्यसको व्यवस्थापनको लागि समुदायमा सबैभन्दा बढी सक्रिय भूमिका कसले निभाएको थियो भनेर कोशी प्रदेशका सबै उत्तरदाताहरूलाई सोधिएको थियो । प्रश्न सोधिएकाहरू मध्ये लगभग तीन-चौथाई (७४.३%) उत्तरदाताहरूले आफ्नो स्थानीय सरकार सबैभन्दा बढी उत्तरदायी भएको बताएका छन् । साथै उनीहरूले स्थानीय नेताहरु (७.४%), सरकारी स्वयंसेवकहरु (५.३%), समुदायमा आधारित संस्थाहरु (२.७%) र सार्वजनिक अस्पतालहरु (२.४%) ले पनि आफ्नो समुदायमा कोभिड-१९ व्यवस्थापन गर्न सक्रिय भूमिका निभाएको उल्लेख गरेका छन् ।

## ७.३ महामारीका समयमा भोग्नुपरेका मुख्य समस्याहरू र समाधानका रणनीतिहरू

सर्वेक्षणमा समावेश कोशी प्रदेशका करीब आधा उत्तरदाताहरूले कोरोना महामारीका कारणले भएको बन्दाबन्दीको समयमा विभिन्न समस्याहरू सामना गर्नुपरेको बताएका छन् भने ४६.१% उत्तरदाताहरूले कुनै पनि समस्या सामना गर्नु नपरेको उल्लेख गरेका छन् । बन्दाबन्दीको समयमा विभिन्न समस्याहरु सामना गर्नेहरुमध्ये अधिकांश उत्तरदाताहरूले उनीहरु वा उनीहरुका परिवारका सदस्यहरुलाई आधारभूत सेवाहरु प्राप्त गर्न कठिनाई भएको (४१.५%), खाद्यान्नको मूल्य बढेको (३४.६%), रोजगारी वा अन्य आयको मुख्य स्रोतमा कमी आएको (२८.२%) र आम्दानी/नाफामा कमी आएको (२५.७%) जस्ता समस्याहरू सामना गर्नुपरेको बताएका छन् ।

सर्वेक्षणमा कोरानाको कारणले गर्दा विभिन्न समस्याहरु भोग्नुपरेको भनेर बताउने कोशी प्रदेशका ५३.९% उत्तरदाताहरूलाई त्यसको सामना गर्न के-कस्ता रणनीतिहरु अबलम्बन गर्नुभयो भनेर सोधिएको थियो । कोशी प्रदेशमा बसोबास गर्ने करीब एक चौथाई भन्दा बढी (२७%) उत्तरदाताहरूले कोभिड-१९ को प्रभावहरुको सामना गर्न केही नगरेको उल्लेख गरेता पनि धेरैजसो नेपालीले कोरोनाको प्रभाव न्यूनीकरणका लागि विभिन्न उपायहरु अपनाएको बताएका छन् । तथ्याङ्कले देखाए अनुसार, सबैभन्दा बढी २५.४% ले आफुसँग भएको बचत प्रयोग गरेको र १२.९% उत्तरदाताहरूले आफन्त छिमेकीहरुबाट सहयोग लिएर काम चलाएको उल्लेख गरेका छन् । उल्लेख्य अंशले भने ऋणमा खाद्यान्न खरिद गरेको (१६.४%),

साहूकारबाट ऋण लिएको (१५.६%) र पशुधन र सम्पत्ति बेचेको (९.३%) उल्लेख गरेका छन् । दस नेपालीमध्ये एक जना (९.७%) ले महामारीको समयमा आफ्नो खानेकुराको खपत घटाएको भनेर बताएका छन् ।

### कोरोना महामारीको सामना गर्न अपनाइएका रणनीतिहरू

| कोरानाको कारणले भएको समस्याहरूको सामना गर्न रणनीतिहरू | |
|---|---|
| केही गरेन | २७.०% |
| बचत प्रयोग गरेको | २५.४% |
| उधारोमा खाद्यान्न खरिद गरेको | १६.४% |
| साहु-महाजनबाट ऋण लिएको | १५.६% |
| आफन्तहरू/छिमेकिहरूबाट सहयोग प्राप्त गरेको | १२.९% |
| खाद्यानको उपभोगमा कमी गरेको | ९.७% |
| पशुपंछीको बिक्रि गरेको | ९.३% |
| सम्पतिको बिक्रि (जग्गा, भवन, गहना, फर्निचर, मेसिन) | ९.३% |
| गैर खाद्य बस्तुको उपभोगमा कमी गरेको | ८.६% |
| ऋणमा गैर-खाद्य वस्तुहरु किनेको | ८.६% |
| बैकबाट ऋण लिएको | ४.४% |
| सहकारीबाट ऋण लिएको | ३.८% |
| सरकारी/अन्य संस्थाहरु (एनजीओहरु, आदि) बाट सहयोग प्राप्त गरेको | २.१% |
| नयाँ पेशा/व्यवसाय अपनाएको | १.८% |
| काम खोज्न अर्को ठाउँ गएको | १.७% |
| सरकार/अन्य संस्थाहरु (एनजीओ, आदि) बाट प्राप्त आर्थिक सहायता पाएको | १.४% |
| लघुवित्तबाट ऋण लिएको | ०.५% |

*तालिका ७.३.१ Q-110. बन्दाबन्दीको क्रममा र त्यसपछिका महिनाहरूमा उत्पन्न समस्याहरूको सामना गर्न, तपाईंले के गर्नु भयो? (संख्या = ५४५)*

